माघ १८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# मधेसमा दन्कियो आगो

मूल्य रु. २५






श्यामसुन्दर यादव

आक्रोशित मधेसी जनताहरू

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १४१, माघ १२-१८, २०६३

**आवरण :** मधेसी जनाधिकार फोरमले पूर्वी तराईमा सल्काएको हिंसाले चर्को रूप लिँदै गएको छ । अहिलेसम्म कम्तीमा ६ प्रदर्शनकारी र सर्वसाधारण मारिएको हिंसाको आगो तत्कालै ननिभाए यसले भीषण रूप लिन बेर छैन । मुख्यगरी माओवादीसँग आक्रोशित फोरमका क्रियाकलापमाथि सरकारले तत्कालै प्रभावकारी नियन्त्रण गर्नुपर्छ ३२




आवरण: माओवादी नेताको पुतला जलाउँदै मधेसी जनाधिकार फोरमका कार्यकर्ता । *तस्विर : श्यामसुन्दर यादव*



**विशेष रिपोर्ट**
विदेशिने धर्मपुत्र-पुत्रीको संख्या बढिरहेको छ, योसँगै विकृति पनि चुलिँदो छ २६

**व्यक्तित्व**
आफ्नो तिखो बोलीले धेरैलाई खुसी पारेका छन्, जनमोर्चा नेता चित्रबहादुर केसीले, केही भने तिल्मिलाउने गरेका छन् १६

**मानवअधिकार**
संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगकी उच्चायुक्त लुइस आर्बरले भनिन्, 'न्याय पहिले हुनुपर्छ ।' २०

**रिपोर्ट**
शिक्षा विधेयक प्रमाणीकरणको कानुनी प्रश्न २४
सहस्राब्दी विकास लक्ष्यको चुनौतीपूर्ण बाटो ३७
महिला-पहलले गाउँबाट रक्सी हटायो ४०

**स्वास्थ्य**
रक्सी खाने पैसाले भात खान पुग्छ... ४४

भाष्कर ओझा

रंग : आरोहण रंग महोत्सवमा आउने भो, स्तरीय नाटकहरूको बाढी ५५

सम्पादकीय ........ ५
चसक ........ ६
डाँक ........ ८
दर्शन ........ १०
मुलुक ........ ११
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
राष्ट्रिय साप्ताहिक

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# मधेशमा हिंसा

## सम्पादकीय

**सत्तारुढ दलहरू** र विशेषत सरकारको हठ र अराजक चरित्रका कारण नेपालका विभिन्न भागहरू हिंसात्मक दंगा र द्वन्द्वको चपेटामा परेका छन्। सरकार-माओवादीबीचको वार्ता र शान्ति प्रक्रिया एउटा अत्यन्त सकारात्मक कदम हुँदाहुँदै पनि मुलुकमा सतहभित्रका विभिन्न खालका असन्तोषका लहरहरूलाई समयमै पहिचानका साथ सम्बोधन गर्ने सक्रियता नदेखाउनु यो सरकारको असफलता हो।

मधेशका विभिन्न संगठनहरूले अन्तरिम संविधानमा उनीहरूका राजनीतिक माग र सत्ता संरचनामा प्रतिनिधित्व सुनिश्चित गर्नेजस्ता महत्त्वपूर्ण विषयलाई सरकारले उपेक्षा मात्र गरेन, अन्तरिम संविधानमा कुनै पनि परिवर्तन नगर्ने अडान लिएर मधेशी संगठनहरूलाई उक्साउने कामसमेत गर्‍यो। र, खासगरी मुलुकलाई विखण्डनतिर षड्यन्त्रपूर्ण तरिकाले धकेल्दै गरेका गृहमन्त्रीप्रति प्रधानमन्त्रीको लाचारी जारी रहेसम्म यो सरकारको आधिकारिता र मनोबल पुनःस्थापित हुन सक्तैन।

लहानमा मधेश जनाधिकार फोरमका समर्थकमाथि गोली चलाएर माओवादी संसदीय चरित्र र उसका पूर्वका सहमतिहरू प्रतिकूल आचरण प्रदर्शित गरे पनि घटनाका लागि माफी माग्ने निर्णयबाट माओवादीले जनउत्तरदायित्वको नयाँ अभ्यासमा पाइला सारेको देखिन्छ। तर माओवादीले स्पष्टसँग के बुझ्नुपर्छ भने संसदीय प्रजातन्त्रमा व्यक्तिको ज्यान लिने स्वतन्त्रता वा कानुनमाथि उठेर कसैमाथि गोली चलाउने अधिकार माओवादी वा कसैलाई पनि छैन।



श्याम सुन्दर यादव

गृहमन्त्री सिटौलाले माओवादीलाई त्यसो भन्न सक्ने साहस र चरित्र राख्दैनन्, तर यो माओवादी स्वयंले बुझ्नु र व्यवहारमा उतार्नु आवश्यक छ। साथै अहिले मधेशमा भड्किएको हिंसाका पछाडि कुनै न कुनै रुपमा माओवादीले उठाएका राजनीतिक मुद्दा र उनीहरूसँग जोडिएका व्यक्तिहरूसमेत छन्। हिंसाको त्यो शृंखला साम्य पार्न तत्काल वार्ताको आह्वानबाट सरकारले अग्र सक्रियता देखाउनु पनि त्यतिकै आवश्यक छ।

मधेश जनाधिकार फोरमले आफ्नो अधिकार र स्वायत्तताको नाममा मुलुकको अखण्डतालाई कमजोर बनाउने प्रयास गरेमा अवश्य पनि ऊ बाह्य तथा आन्तरिक राष्ट्रविरोधी शक्तिहरूबाट निर्दिष्ट भएको मानिनेछ। मुलुकका विभिन्न क्षेत्रमा विभिन्न किसिमका उपेक्षा र वञ्चितीकरणका समूहहरूका समान खालका समस्याहरूको समग्रतामा सम्बोधन खोजिएमा यस्ता आन्दोलनहरूको समाधान राष्ट्रियताकै चार सीमाभित्र पाउन सकिन्छ।

तर, अहिले मधेश आन्दोलनले यो रुप लिनुमा मुख्यतया सरकारबाट र व्यक्तिगत तथा नैतिक रुपमा गृहमन्त्रीको असफलता देखिएको र राष्ट्रिय सोच र चरित्र भएको व्यक्तिलाई उक्त जिम्मेवारी दिन ढिलाइ भएमा हिंसाले अरू व्यापकता लिन सक्नेछ। र, त्यसपछि तत्काल सरकार र फोरमबीच वार्ताद्वारा उनीहरूका मागबारे लचिलो किसिमले सहमति निर्माण गर्न सहज हुनेछ। ■




## समय साता

**गठन**
लहान घटनाको छानबिनका लागि सरकारद्वारा उच्चस्तरीय छानबिन आयोग गठन। छानबिनका लागि आयोगलाई १५ दिनको समय। पहिलो दिन गोली लागी मरेका मृतक रमेशकुमार महतोका परिवारलाई १० लाख दिने सरकारको निर्णय।

**माग**
चितवन राष्ट्रिय निकुञ्जका मध्यवर्तीक्षेत्र व्यवस्थापन समिति तथा राजनीतिक दल र सौराहाका पर्यटन व्यवसायीद्वारा निकुञ्जका वार्डेन गोपालप्रसाद उपाध्यायलाई तत्काल निलम्बन गर्न माग।

**आह्वान**
मधेसमा बढिरहेको हिंसा समस्या सुल्झाउन सरकारद्वारा मधेसी जनअधिकार फोरम र आदिवासी जनजाति महासंघलाई शान्तिवार्तामा आउन आह्वान।

**आपत्ति**
कानुन व्यवसायीद्वारा नागरिकता टोलीबाट अंगीकृत नागरिकता दिन मिल्ने गृहमन्त्रालयको निर्णयप्रति आपत्ति।

**आग्रह**
संयुक्त राष्ट्रसंघीय उच्चायुक्त लुइस आर्बरद्वारा मुलुकमा संविधानसभा र पूर्ण शान्तिका लागि प्रहरीचौकी पुनःस्थापना गर्न जरुरी भएकाले प्रहरीचौकीहरू पुनःस्थापनामा अवरोध नगर्न आग्रह।

**निर्वाचित**

कांग्रेस संसदीय दलको नेताका रूपमा पुनः प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सर्वसम्मतले निर्वाचित।

**सुझाव**
राजनीतिक दलका नेताहरूद्वारा मधेसका समस्या समाधान गर्न जनसंख्याका आधारमा संविधानसभाको निर्वाचन क्षेत्र कायम गर्न सुझाव।

**सुरु**
संविधानसभाको निर्वाचनका लागि नेपालमै बसोवास गरेका तर प्रमाण नभएका व्यक्तिहरूलाई सरजमिनका आधारमा नागरिकता वितरण गर्ने कार्य सुरु।

**फिर्ता**
सवारी सुरक्षालगायत दससूत्रीय माग राख्दै मुलुकभर सवारीसाधन ठप्प बनाएर अनिश्चितकालीन आन्दोलनमा उत्रिएको यातायात व्यवसायी संघको चक्काजाम फिर्ता।


**तयारी**
सैन्य तथा हतियार व्यवस्थापन सम्झौतापछि राष्ट्रसंघद्वारा हतियार व्यवस्थापन कन्टेनर राजधानीमै मगाएर सेनाका हतियार छाउनीमा भण्डारण गर्ने तयारी।

**बयान**
शाहीकालका कानुनमन्त्री निरञ्जन थापाद्वारा शाही आयोग छानबिन समितिमा बयान, आयोग गठन गर्न राजालाई आफूले सल्लाह नदिएको उनको भनाइ।

**दाबी**
अमेरिकी गुप्तचर संस्था सिआइएद्वारा चीनले अन्तरिक्षमा भू-उपग्रह खसालेको दाबी।

**विघटन**

माओवादीद्वारा द्वन्द्वकालमा मुलुकमा सञ्चालित जनअदालत र जनसत्ता बन्द गरिएको औपचारिक घोषणा।




## प्राथमिकतामा नपरेको होइन

*समय* (वर्ष ३, अंक १४०) मा छापिएको रिपोर्ट प्राथमिकतामा परेन भन्ने समाचार पढ्ने अवसर पाइयो । यसका लागि *समय*लाई धन्यवाद ! तर, माओवादीले मात्र कर्णालीलाई प्राथमिकतामा पारेन भन्ने आरोपप्रति भने मेरो आपत्ति रहेको छ । अहिलेसम्म कर्णालीका लागि माओवादीले मात्र समावेसीको कुरा अगाडि ल्याएको छ । डोल्पाबाट महिला नेतृत्व ल्याएर कर्णालीलाई समावेसीकरण गर्ने काममा फड्को मारेको छ । यसलाई एमालेको कोटा पूर्ति गरेको भन्न मिल्दैन । कुनै दलले नगरेको समावेसी काम अहिले माओवादीले गरेको छ । यसलाई सकारात्मक मान्न सकिन्छ ।

■ **निरज चिन्तन**
भक्तपुर ।

## मधेशमा अशान्तिको लहर

*समय* (वर्ष ३, अंक १३९)मा तराईमा फैलँदो अशान्तिको समाचार पढ्ने मौका पाइयो । अहिले सबैभन्दा अशान्त क्षेत्र बन्न थालेको छ, मधेश । सबै राजनीतिक दलमा सदाचार भएन र माओवादी तथा अन्य दलले 'दरवारको षड्यन्त्र' भन्न थाले भने योभन्दा ठूलो घात अरू केही हुनेछैन । तराईवासीका समस्यालाई दरवारसँग जोड्न थाल्ने हो भने साँच्चिकै समस्या भोगेर आन्दोलनमा उत्रिएकाहरूलाई घात गरेर उनीहरूलाई नेपाली नागरिक नमानेजस्तै हुनेछ । यसतर्फ माओवादीलगायतका सात दलकै ध्यान जान जरुरी छ । राजाको षड्यन्त्र भन्ने हो भने यो पन्छिने मौका मात्र हो भन्ने बुझ्नेछन्, जनताले । यतातिर सबैको ध्यान जाओस् । मधेशमा दिनानुदिन हिंसा बढ्दो छ । यसलाई निराकरण गर्नेतर्फ सही कदम चाल्नु अत्यन्त जरुरी देखिएको छ ।

■ **विनोद झा, सुनसरी**
हाल : काठमाडौं १२

## सरकारसँग राहत छ कि?

नेपालका पचहत्तर जिल्लामध्ये खोटाङ जिल्ला पछिल्ला वर्षहरूमा विकासको बाटोमा झन् पछाडि परेको छ । यहाँ न मोटरबाटो छ न त बिजुली नै छ । जनताको बलबाट स्थापित भएको लोकतान्त्रिक सरकारले त्यतातिर खासै चासो देखाएको छैन । सदरमुकामबाहेक अन्य सबै ठाउँमा जनता अन्धकारमा बस्न बाध्य बन्नु परेको छ । पछिल्लो समयमा सौर्य ऊर्जाप्रतिको बढ्दो लगावलाई ध्यानमा राखेर सरकारले यहाँका जनतालाई राहतको उज्यालो दिन सके यहाँका जनताले साँच्चिकै लोकतन्त्र आएको महसुस गर्ने थिए ।

■ **गणेश श्रेष्ठ**
खोटाङ ।

## एकता दिवसको सर्न्दभ

पौष २७ गते राष्ट्रिय एकता दिवस नमनाएर सरकारले फेरि एउटा राष्ट्रघाती काम गरेको छ । यस निर्णयले सारा नेपालीको शिर निहुरिएको छ । सरकारले राष्ट्रिय एकता कि र के कारणले नमनाएको हो । यसको जवाफ सार्वजनिक रुपमा दिनु पर्छ । यसो हो भने नेपाल एकीकरणको जस सरकारले कसलाई दिन चाहन्छ ? जनआन्दोलनबाट बिउँतिएको संसद्ले यो कुराको जवाफ किन नमागेको हो ? यो अर्को लाजमर्दो कुरा हो । के नेपालको राज्यसत्ता यस्ता व्यक्तिहरूको हातमा भएको हो, जसले नेपालको एकीकरणलाई अस्वीकार गर्छन् ? पृथ्वीनारायण शाहलाई राष्ट्रिय एकीकरणको नायक नसम्झने व्यक्तिले नेपाल सार्वभौम राष्ट्र भएको कुरालाई भोलिका दिनमा नस्विकार्ने कुरा प्रस्ट हुँदैन र ? के १९ दिनको जनआन्दोलनमा कहीं कतै पृथ्वीनारायण शाहलाई राष्ट्रपिता मान्दैनौं भनी नारा लागेको थियो ? कदापि थिएन । यस्तो राष्ट्रघाती काम सरकारले कसको इसारामा गरेको हो ? जवाफ चाहियो । एकीकरणको नायकको अपमान गरेर कसैको पद उभो लाग्दैन । यस्तै निर्णय हुँदै जाने हो भने भोलिको नेपाल र नेपालीको भविष्य अन्धकारतिर लाग्नेछ ।

■ **बलराम जोशी**
घट्टेकुलो, काठमाडौं ।

## अझै फिर्ता भएन

मुलुकमा संकटकाल घोषणा भएपछि तत्काल लागू गरिएको कर्फ्युसँगै परिचालित तत्कालीन शाही सेनाले व्यापक गिरफ्तार, लुटपाट र हत्या गऱ्यो । पौष २२ गते चण्डिस्थान गाविसस्थित मालेबगरमा खुदी र सिमपानी गाविसका सर्वसाधारण र शिक्षकलाई गिरफ्तार गरी फर्कंदा सेनाको गाडी माओवादीको एम्बुसमा पऱ्यो । त्यो घटनासँगै लुटपाटका क्रममा पूर्वमन्त्री गेजन्द्रजंग गुरुङको घरमा माओवादीको सेल्टर रहेको शंकामा घर खानतलासी गरियो र घरमा रहेका बहुमूल्य सामग्री सेनाले लग्यो । संघीय राज्यको माग गर्दा पञ्चायतकालमा जेलजीवन बिताएका गुरुङलाई सरकारले माओवादीलाई संरक्षण दिएको र माओवादीको सल्लाहकार रहेको आरोप लगायो । अहिलेसम्म गुरुङको सामान फिर्ता भएको छैन । यसबारे कसलाई भन्ने हो ? के गुरुङले आफ्नो सामान नपाउने हुन् ?

■ **अन्जनकुमार हिमाली**
लमजुङ ।

## मजबुत हुनुपऱ्यो

*समय* (वर्ष ३, अंक १४०) मा छापिएको रिपोर्ट 'वाम वर्चस्वले त्राहि' समाचार पढियो । इतिहासमा वामहरूको ठूलो बहुमत रहेको यो पहिलोपल्ट हो । परिवर्तनका कोरा नारा लगाइरहने वाम दलहरूका लागि यो चुनौतीको घडी पनि हो । यदि वाम दलहरू एकजुट हुने हो भने उनीहरूले सधैं भनिरहने नयाँ नेपालको रचना र आमूल परिवर्तन हुन बेर लाग्नेछैन । सबैको एउटै र साझा मुद्दा भनेको नै आमूल परिवर्तन हो भने किन एकता नगर्ने ? यसको लागि अहिलेको सही र उपयुक्त समय हुन सक्छ ।

■ **प्रशान्त राई**
चाबहिल, काठमाडौं



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

**अत्यन्त विकसित र सुसंस्कृत मानिने अमेरिकामा 'युएएस कंग्रेस अफ क्याथोलिक विसप' संस्थाको लागि गरिएको एक सर्वेक्षणअनुसार ४ हजार ४ सय ५० जना अमेरिकी धर्मगुरु (पादरी)हरू ७ देखि १७ वर्षका ११ हजार बालबालिकामाथि यौन उत्पीडन गरेको दोषी रहेको पाइएका छन् ।**



■ स्वामी आनन्द अरुण

# को सभ्य, को जंगली

**यसपालि ध्यानशिविर** संचालनकै क्रममा कहिल्यै नपुगेका भारतका दुई राज्यहरूको भ्रमणको अवसर मिल्यो । ती थिए - मध्यभारतको छत्तीसगढ र अरब सागरको किनारामा अवस्थित पर्यटकहरूको स्वर्ग भनेर चिनिने - गोवा । छत्तीसगढ भारतमा पछिल्लो सृजित राज्य हो । सन् २००० मा मध्यप्रदेशका वनसम्पदाले परिपूर्ण १६ जिल्लाहरूलाई काटेर छत्तीसगढ राज्य बनाइयो । सारा संसारभर नै वनसम्पदाको अन्धाधुन्ध विनाश बढ्दो भए पनि भारतको यो राज्य यस अर्थमा भाग्यशाली छ कि आज पनि यसको ४५ प्रतिशतभन्दा बढी भूभाग घना जंगलले ढाकिएको छ । साथै त्यहाँ कोइला, तामा, फलाम, चाँदी, चुन आदिका प्रचुर खानीहरू पनि छन् ।

पौराणिक कथाहरूमा पनि यस ठाउँको उल्लेख भेटिन्छ । रामायणमा यसलाई दक्षिणको कौशल भनेको पाइन्छ । यस राज्यमा ३६ वटा पुराना किल्लाहरू छन् । यसैले यसको नाम छत्तीसगढ रहन गएको हो । कला र संगीतको एक मात्र एसियाको विख्यात विश्वविद्यालय यसै राज्यमा छ । यस राज्यमा विभिन्न सांस्कृतिक रीतिरिवाज भएका आदिवासीहरूको बाहुल्य छ । त्यसमा पनि बस्तर जिल्लाका आदिवासीहरूको बारेमा मैले धेरै सुनेको थिएँ ।

यस जिल्लाका आदिवासीहरूमा आज पनि एक अद्भुत प्रथा चालू छ, जसलाई 'घोट्लु प्रथा' भनिन्छ । युवाहरू किशोरावस्था र स्त्रीहरूको रजस्वला सुरु भएपछि उनीहरू आमाबुबासँगै बस्न पाउँदैनन् र समाजले अलग्गै छुट्याइदिएको घोट्लुमा बस्नैपर्ने हुन्छ । घोट्लु बाँस र घाँसले बनाएको चतुर्भुज आकारको सामूहिक आवास हो । जहाँ किशोरकिशोरीहरू राति सामूहिक नृत्य गर्छन्, सँगै बस्छन् र मन मिलेमा आपसी मैत्री र प्रेम सम्बन्ध हुन्छ । उनीहरू तबसम्म घोट्लुमा बस्नुपर्छ, जबसम्म उनीहरूले आफ्नो जोडा भेटाउँदैनन् । जोडी भेटाइसकेपछि उनीहरू गाउँको मुखियाको अगाडि गएर विवाहको अनुमति माग्छन् र अनुमतिपछि विवाह गरिसकेपछि मात्र उनीहरू घोट्लु छोडी गृहस्थ जीवन सुरु गर्छन् ।

यस्तै प्रथा फिलिपिन्सको इफोगाओस आदिवासीहरूमा पनि पाइन्छ । युवावस्थामा पुग्नासाथ किशोरीहरू परिवारसँग बस्न पाउँदैनन् । युवाहरूले उनीहरूको आवासमा उनीहरूलाई सजिलै भेट्न सकून् भनेर उनीहरूको लागि एक विशेष सामूहिक आवास बनाइएको हुन्छ । यसरी अनेक व्यक्तिहरूसँगको सहवासपछि उनीहरूले आफूलाई चाहिने उपयुक्त जोडी भेटाउँछन् र त्यो जोडी भेटिसकेपछि उनीहरू बेग्लै घर बनाएर बस्न सक्छन् ।

अधिकांश आदिवासी क्षेत्रमा इसाई मिसनरीहरू पुग्छन् र त्यहाँ पुगेपछि यस्ता चलिआएका स्वभाविक रीतिरिवाजलाई जंगली र असभ्य भनी बिस्तारै विस्थापित गराउँछन् । बस्तरमा पनि यसको प्रभाव परिरहेको छ र पुराना रीतिरिवाजहरू परिवर्तन भइरहेका छन् । बस्तरका आदिवासीहरूमा आजसम्म कुनै प्रकारका यौनजन्य मानसिक वा सामाजिक समस्या देखापरेको छैन । उनीहरूको आँखामा एक निश्चलता र व्यवहारमा निर्दोषता झल्किन्छ । ध्यानशिविरमा अनेक आदिवासीहरू पनि सम्मिलित थिए र तीमध्ये केहीले मसँग दीक्षा पनि लिए । यिनीहरू यति पवित्र थिए कि दीक्षाको समयमा स्पर्श र शक्तिपात हुँदा गर्दा घण्टौं अमनी (ट्रान्स) दशामा रहे । साधनाबाट धेरै शुद्धि भइसकेका विरलैलाई सामान्यतः यस्तो स्थिति उपलब्ध हुन्छ । आजको तथाकथित सुसंस्कृत समाजले नैतिक र वैधानिक मान्न बाध्य भएका हस्तमैथुन, समलिंगीजस्ता यौनजन्य व्यवहारका लागि उनीहरूको भाषामा शब्दै पाइँदैन ।

अर्कातिर अत्यन्त विकसित र सुसंस्कृत मानिने अमेरिकामा 'युएएस कंग्रेस अफ क्याथोलिक विसप' संस्थाको लागि गरिएको एक सर्वेक्षणअनुसार ४ हजार ४ सय ५० जना अमेरिकी धर्मगुरु (पादरी)हरू ७ देखि १७ वर्षका ११ हजार बालबालिकामाथि यौन उत्पीडन गरेको दोषी रहेको पाइएका छन् । यसै सन्दर्भमा चर्चमा बस्ने ४ प्रतिशत पादरीहरू समलिंगी भएको प्रमाणित तथ्य छ । यसमध्ये बोस्टन चर्चका आर्कविसप र अमेरिकाभन्दा बाहिर क्यानडा, अर्जेटिना, जर्मनी, स्कटलेन्ड, वेल्स, पोल्यान्ड, आयरल्यान्डका एघारजना क्याथोलिक विसपहरू पनि पर्छन् । यस्तै घटना इसाई धर्मगुरुहरूको मात्रै होइन, काम दमनको अनवरत शिक्षा दिने अन्य धर्मगुरुहरूको यौनाचारका कथाहरू यदाकदा संचारमाध्यमहरूमा सुन्नमा आइरहन्छन् । एसियामा यस्तो सर्वेक्षण नहुने र यसमा धेरै ढाकछोप हुने गरेकोले अरू धर्महरूमा हुने यस्ता अमर्यादित क्रियाकलापको अधिकारिक तथ्यांक भेटिँदैन, तर यस्ता घटनामा कमी चाहिँ अवश्य छैन ।

अब यहाँ ठूलो प्रश्न खडा हुन्छ, कसलाई जंगली र असभ्य भन्ने तथा कसलाई सभ्य र सुसंस्कृत भन्ने ? यसको मापदण्ड कसले निर्धारण गर्ने ? नेपाल लगायत दुनियाँभरका आदिवासी र जनजातिमा सामान्यतः यौन विकृति देखा पर्दैन । प्रकृतिको सामीप्यमा जिएकाले उनीहरूको व्यवहार पनि सामान्य र प्राकृतिक हुन्छ ।

हाम्रो विकासको नमुना पश्चिमको शुद्ध नक्कल हो । त्यो उपभोगवादितामा आधारित छ । पश्चिमको दर्शन छ, जति ठूलो त्यति राम्रो र छिटोभन्दा छिटो । जब सहर, समुदाय, संगठन र सरकार ठूलो हुन थाल्छ त्यो निश्चित रुपमा कुरुप नोकरशाहीमा परिणत हुन्छ, अमूर्त हुनजान्छ र त्यसमा मानवीय संवेदना, सद्भाव र कल्पनाको कमी हुन थाल्छ । मानवीय स्वस्फुर्तता र अन्तर्दृष्टिको ठाउँमा मृत कानुन र नियम आउँछ र मानवीय मूल्य गौण हुनथाल्छ । जब जब म प्रकृतिको नजिकमा बस्ने जनजाति र सानो सहरका मानिसको सम्पर्कमा आउँछु, म आफूलाई जीवनको न्यानोपनसँग नजिकिएको महसुस गर्छु । जब मस्को, दिल्ली, बम्बई, लन्डनका मानिसहरूसँग हुन्छु उनीसँग सहृदयी र हार्दिक सम्बन्ध बनाउन बढी मेहनत गर्नुपर्छ ।

तीव्र विकास गर्ने पश्चिमको अन्धनक्कलमा एउटा कुरा हामीले चट्क्कै बिर्सयौं - यो विकास कसका लागि । यो विकासले यदि जसका लागि सुविधा जुटाइरहेको छ त्यो व्यक्ति उत्तेजित, अशान्त, सतही र नक्कली भइरहेको छ भने त्यो विकासको सार्थकता के ? संख्यात्मक रुपमा सुविधाहरूको जति भेल बगाए पनि गुणात्मक रुपमा उसको जीवन जटिल, दुःखी, तनावग्रस्त हुँदै ऊ आफ्नै समस्यामा एक्लिँदै गएको छ ।

प्राकृतिक रुपमा हाम्रो देशको बनावटले ठूलो जनसंख्या र आकारको सहरलाई धान्न सक्दैन । नेपालका सहरहरू भौगोलिक स्थिति हेरी २५ हजार देखि १ लाखभन्दा बढी आवादीका हुनुहुँदैन । सहरको जनसंख्या प्रकृतिले धान्नेभन्दा बढी हुनासाथ प्राकृतिक असन्तुलन आउन जान्छ र कृत्रिम समस्याहरूको बाढी आउँछ । काठमाडौं जस्तो अस्वस्थकर सहरलाई पानी पिलाउन मेलम्ची जस्तो जुन भीमकाय परियोजनाको कल्पना गरियो त्यति पैसाले नेपालमा दसवटा सही आकारका योजनाबद्ध सहरहरू बसाउन सकिन्थ्यो र जनसंख्याको चाप काठमाडौंबाट उता सारेर काठमाडौंलाई संसारकै सबैभन्दा फोहर सहरको विशेषणबाट मुक्त गराउन सकिन्थ्यो ।

त्यस कारण जब विकास मानवीय मापदण्ड र माटो सुहाउँदो हुन्छ, त्यसले जीवनको गुणस्तर बढाउँछ, जीवनलाई सुखी, शान्त र सन्तुष्ट बनाउँछ । जब विकास अरूको नक्कलबाट अति महत्त्वाकांक्षी हुन्छ, त्यसले भ्रष्टाचार, दुराचारलाई प्रश्रय दिन्छ र असन्तोष, अशान्ति बढाउँछ । त्यसैले हामी गाउँका सोझासाझा मानिसहरूलाई विकास र सभ्यता सिकाउन जाने बेला उनीहरूसँग भएका प्राकृतिक जीवनपद्धति र व्यवहारबाट पनि केही सिक्ने गरौं ।

osho@tapoban.com



उपचारका लागि पंक्तिबद्ध महिलाहरू

# समस्या पाठेघरकै

**प्रायः श्रम गरेर** आफ्नो परिवार चलाइरहेका अधिकांश नेपाली महिलाजस्तै डडेल्धुरेली महिलाहरू पनि आङ खस्ने रोगबाट पीडित भएको छर्लंग भएको छ। यसै साता डडेल्धुरामा संचालित स्वास्थ्य शिविरबाट पनि यो तथ्यांक ठूलो हुन सक्ने पनि देखिएको छ।

स्वास्थ्यसम्बन्धी जनचेतनाको अभाव र लैङ्गिक विभेदका कारण यो क्षेत्रका अधिकांश महिलाहरू आङ खस्ने रोगबाट पीडित रहेको एक हप्ते विशेष स्वास्थ्य शिविरका लागि आएकी स्त्रीरोग विशेषज्ञ डाक्टर राधा शाहले बताइन्। 'जिल्लाका नवदुर्गा, बेलापुर, भागेश्वर, मष्टामाण्डौं र अमरगढी नगरपालिका लगायतका क्षेत्रमा यो समस्या विकराल रुपमा देखिएको छ', शाहले भनिन्। नगरपालिका लगायत गाविसहरूमा ठूलो संख्यामा महिलाहरू यो समस्याबाट पीडित छन्। एक हप्ते शिविरको तेस्रो दिन चार सय महिलामा यो समस्या देखिनु ठूलो समस्या हो। सुत्केरी भएका बेला भारी बोक्ने, पानी बोक्ने, लुगा धुने, ढुङ्गा बोक्ने जस्ता गाह्रो काम गरेपछि महिलाहरूमा यो समस्या देखिन्छ।

लैंगिक विभेद र स्वास्थ्यसम्बन्धी चेतनाको अभावले यस क्षेत्रका सुत्केरी महिलाहरू भारी बोक्ने र गह्रुंगो काम गर्न बाध्य हुन्छन् भने सुत्केरी भएको भोलिपल्ट खेतीपातीको काम गर्नुका साथै भारी बोक्ने गर्दछन्। सुत्केरी अवस्थाका महिलालाई पुरुषले काममा सहयोग नगर्ने हुँदा सुत्केरी अवस्थामा महिलाले यस्ता काम गर्न बाध्य हुने गरेको मष्टामाण्डौं उप-स्वास्थ्यचौकीका अहेव गणेश विष्टले भने- 'कम उमेरमा विवाह गर्ने धेरै बच्चा जन्माउने सुत्केरी अवस्थामा आवश्यक पौष्टिक आहार खान नपाउने र गह्रुंगो कामका कारण यस क्षेत्रका अधिकांश महिलाको अकालमै मृत्यु समेत हुने गरेको छ।'

यो समस्याका कारण यहाँका दर्जनौं महिलाले अकालमै ज्यान गुमाएका छन्। जिल्ला अस्पताल डडेल्धुराका मेडिकल सुपरिटेन्डेन्ट डा. गोपाल ज्ञवाली भन्छन्, 'महिलाहरूले लाज मानेर रोग लुकाउने प्रवृत्तिले बढी असर देखिने गरेको छ। अहिलेसम्म पनि महिलाहरू अस्पतालमा आङ खस्ने रोगको समस्या लिएर आउन लजाउँछन्। यस क्षेत्रका अधिकांश महिलामा आङ खस्ने रोगबाट पीडित भएकाले सदरमुकाममा मात्र नभई ग्रामीण क्षेत्रमा पनि स्त्रीरोग विशेषज्ञ रहेका स्वास्थ्यशिविर सञ्चालन हुनु पर्ने महिलाहरूको धारणा रहेको छ।

■ **श्याम भट्ट/डढेलधुरा** (तस्बिर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू


| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*



# ठूलो तस्करलाई सानो सजाय

याक्चे भनिने पेम्बा लामा

■ रमेशकुमार पौडेल/चितवन

**खाग तस्करहरूले** चितवनका गैंडा भटाभट मारिरहँदा चितवन निकुञ्जका प्रमुख संरक्षण अधिकृतले एकजना ठूला खाग व्यापारीलाई भने सामान्य सजाय सुनाएको छ। यसअघि गत भदौमा सरकारले चालचलन सुध्रेको भनेर कारगारमा बसेका १५ जना गैंडाका चोरी सिकारीलाई छाड्ने विवादास्पद काम गरेको थियो।

२०६२ साल असार ५गते चितवन निकुञ्जका कर्मचारीले काठमाडौंका याक्चे भन्ने पेम्बा लामालाई नवलपरासीको कावासोतीमा समातेका थिए। निकुञ्जका अधिकारीहरूले याक्चेलाई नेपालको मुख्य खाग तस्कर बताउँदै आएका हुन्। निकुञ्जका रेन्जरलाई दिएको बयानमा याक्चेले बीसवटा खाग बेचेको स्विकारेका छन्, तर उनलाई सजाय भने एक लाख रुपैयाँ जरिवाना र पाँच वर्ष कैदमात्र भएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले गैंडा मार्ने र खाग बिक्री गर्ने काममा लागेको व्यक्तिलाई ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ। यी मुद्दामा निकुञ्जकै कर्मचारीले अनुसन्धान गर्छन् अनि त्यसको आधारमा प्रमुख संरक्षण अधिकृतले फैसला गर्छन्। यसअघि निकुञ्जले अधिकतम जरिवाना र कैद दुवै सजाय दिएका प्रशस्त घटना छन्। तर आफैंले मुख्य तस्कर बताउँदै आएको र बीसवटा खाग बेचेको बयान आफ्नै कर्मचारीलाई दिने याक्चेलाई सामान्यस्तरको सजाय सुनाएर निकुञ्जका प्रमुख



संरक्षण अधिकृत गोपालप्रसाद उपाध्याय विवादमा मुछिएका छन् ।

याक्चे पक्राउ परेपछि निकुञ्ज कार्यालय र कसरामा रहेका सेनाले ६२ साल साउन ५ गते संयुक्त पत्रकार सम्मेलन आयोजना गरेको थियो । उक्त पत्रकार सम्मेलनमा निकुञ्जका तत्कालीन सहायक संरक्षण अधिकृत कमलजंग कुँवरले याक्चे नेपालबाट खाग विदेश निर्यात गर्ने एक मात्र व्यक्ति भएको बताएका थिए ।

मुद्दा फैसला गरेलगत्तै प्रमुख संरक्षण अधिकृत गोपालप्रसाद उपाध्याय भागेर काठमाडौं पुगेका छन् । याक्चेका अरू तीनवटा मुद्दा बाँकी रहेको र त्यसैमा अधिकतम सजाय गरौंला भनेर उनले बताएको निकुञ्जको मध्यवर्ती क्षेत्र विकास समितिका कानुनी सल्लाहकार अधिवक्ता कृष्णभक्त पोखरेलले सुनाए ।

चितवन जिल्ला अदालत बार एसोसिएसनका अध्यक्ष समेत रहेका पोखरेल भन्छन्, 'अधिकतम सजायको फैसला पछि हुने हो भने अहिले कम सजायको फैसला सुनाएर के काम देखाउन खोजेको हो कुन्नि ! उहाँले पछि गरौंला भनेर उम्कने बाटो रोजेको नियत झल्कन्छ ।' याक्चे मुद्दाका जानकार निकुञ्जका एकपूर्व अधिकारी याक्चेलाई अहिले नै अधिकतम सजाय तोक्ने दरो मुद्दा नभएको होइन, भन्दछन् ।

अनुसन्धान र याक्चेको बयानका आधारमा निकुञ्जले जुन मुद्दा तयार गरेको हो, त्यो खालको थिएन । निकुञ्ज कमजोर भएको भए याक्चे पक्राउ परेको केही समयपछि छुटिसकेका हुन्थे । निकुञ्जले याक्चेलाई पुर्पक्षका लागि थुनामा राख्न २०६२ साउन ५ गते भरतपुर कारागार पठाएको थियो । कारागार आइसकेपछि भने उनले खाग व्यवसायमा आफू संलग्न नभएको बताउँदै धरौटीमा छाडियोस् भनेर साउन ३० गते पुनरावेदन अदालत हेटौंडामा निवेदन दिएका थिए । तर अदालतले पनि निकुञ्जकै आदेशलाई सदर गरेको थियो ।

मुद्दाको आधार कमजोर भएको भए, अदालतले निकुञ्जको आदेश उल्ट्याइदिन सक्दथ्यो । मुद्दामा निकुञ्ज बलियो भएको देखेपछि त्यहाँको संयन्त्रलाई नै स्वअनुकूल उपयोग गर्ने योजना याक्चेले बनाउन थाले, जसमा उनी सफल पनि भए । याक्चेलाई समाउने र मुद्दा तयार पार्ने कर्मचारीहरू यति बेला निकुञ्जमा छैनन् । याक्चेले आफू मानसिक रोगी भएकाले कारागार बस्न सक्दिनँ धरौटीमा छाडियोस् समेत भनेर अदालतलाई दिएको निवेदनमा उल्लेख गरेका थिए । तर अपिल अनुकूलको आदेश नभएपछि उनी कर्मचारी उपयोगतर्फ लागे ।

अदालतमा मानसिक रोगी भनेर निवेदन हाल्ने याक्चे कलेजोको रोगी बनेर भरतपुर कारागारबाट निस्किए । उनलाई उपचारका लागि केन्द्रीय कारागारमा राख्ने र उपचारपछि भरतपुर फर्काउने गरेर गत वर्ष मंसिर ६ गते काठमाडौं लगिएको थियो । उनी अझै पनि काठमाडौंमै छन् । उनी कलेजोको रोगी भएको भरतपुर अस्पतालले सिफारिस गरेको हो, तर यो कुरा कुन चिकित्सकले गरे, खुलेको छैन ।

मानसिक रोगी भनेर मानसिक रोग अस्पताल काठमाडौंका वरिष्ठ चिकित्सकको सिफारिस देखाउँदा पनि उनलाई अदालतले छाडेन । तर भरतपुर अस्पतालको सामान्य कागजको भरमा भरतपुर कारागार छोड्ने अवसर भने उनले पाए । यसका लागि चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी नरेनराज पौडेलको पनि सरसहयोग रहेको कारागार स्रोतको भनाइ छ । उपल्लो तहका कर्मचारीको सहानुभूति पाउँदै आएका याक्चेले कारबाही पनि सहुलियतपूर्ण नै पाएका छन् ।

आफू तिब्बती नागरिक भएको याक्चेले निकुञ्जमा बयान दिएका छन् । तर उनीसँग मनाङ जिल्लाबाट लिएको नेपाली नागरिकताको प्रमाणपत्र छ । तसर्थ याक्चेको संलग्नता धेरै अघिदेखि उपल्लो तहमा रहेको देखिन्छ । आयोग बनेर छानबिन भए याक्चे काण्डका धेरै पक्ष उजागर हुने चितवन निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष कृष्ण भुर्तेल बताउँछन् ।

नेपाली कांग्रेस प्रजातान्त्रिकका नेता मिलनबाबु श्रेष्ठ भन्छन्, 'वार्डेन उपाध्यायको फैसला त्रुटिपूर्ण छ ।' उनलाई कारबाही नभए संरक्षणविरोधीको हालिमुहाली चल्ने श्रेष्ठले देखेका छन् । सन् २००५ को गणना अनुसार चितवनमा अत्यन्त थोरै ३ सय ७२ वटा गैंडा छन्, तर चोरी सिकारीका कारण यो संख्या दैनिक घट्दो छ । साउनदेखि चोरी सिकारीले बाह्रवटा गैंडा मारेका छन् । संरक्षणप्रति जनमानसमा चासो र चिन्ता बढेको छ, तर जिम्मेवार अधिकारीहरू भने ठूला तस्करलाई नै सहुलियत दिन तयार भए । यो प्रवृत्तिविरुद्ध आवाज नउठे गैंडा जोगाउनको लागि हुने अरू प्रयास सार्थक हुनेछैन । ■


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




रेडियो खबर पत्रिका

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक बिहान (६:००-७:१५)

हालचाल

ताजा खबर थाहा पाउन- हालचाल, बिहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

बिबिसी नेपाली सेवा

हरेक दिन राती (८:४५-९:१५)

हरेक बिहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



तोडफोडपछि समातिएका भगौडाहरू

# भगौडालाई सार्वजनिक अपराधको मुद्दा

जिल्ला प्रहरी कार्यालय चितवनबाट सरुवा भएर दैलेख जानु पर्ने भएपछि प्रहरी हवल्दार सिएन महतोले जागिर छाडे । अढाई वर्षअघि जागिर छाडेका चितवन माडी बघौडा-३ का महतो यति बेला चितवन प्रहरी कार्यलयमै छन्, तर अभियुक्तको रुपमा ।

अवकाश पाउन पाँच महिना मात्र बाँकी भए पनि दैलेख नगई जागिर छाड्नुको एकमात्र कारण थियो, माओवादी सशस्त्र युद्धको डर । यसरी जागिर छाडे पनि लोकतन्त्र आएपछि सिएन जस्ता भगौडाहरू फेरि जागिरमै फर्कन पाउनु पर्ने माग गर्दै आन्दोलनमा उत्रिएका छन् । पुनर्वहालीको माग गरेर आन्दोलन गर्ने सिएन महतोको टोलीले नारायणगढमा तोडफोड समेत गर्‍यो । त्यसैका लागि उनीसहित तेह्रजना पक्राउ परे । प्रहरीले उनीहरूमाथि मुद्दा चलाइएको छ ।

'जे कुरामा पनि आन्दोलन गर्ने अनि तोडफोड सुरु गर्ने यस्तो कुरा निरुत्साहित होस् भनेरै समातेर मुद्दा चलाएका हौं', चितवन प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक (डिएसपी) मायाकुमार शाह बताउँछन् ।

पुनर्वहालीको माग गर्नेहरूले माघ ६ गते नारायणगढमा अचानक चक्काजाम गरेका थिए । एकाबिहानै उनीहरूले गरेको चक्काजामको पत्तो धेरैलाई थिएन । चलेका गाडीमाथि भगौडाहरूले ढुंगामुढा गरे प्रहरीले उनीहरूलाई समात्यो र मुद्दा चलाएको छ ।

नारायणगढको पुलचोकदेखि भरतपुर चौबीस कोठीसम्म गरेर तेह्रवटा माइक्रो बस, ६ वटा टेम्पो र ६ वटा निजी कारसहित २६ वटा गाडी उनीहरूले तोडफोड गरेका छन् । तोडफोडबाट २ लाख ५४ हजार रुपैयाँबराबरको क्षति भएको अनुमान छ ।

तोडफोडबाट भएको क्षति उनीहरूबाटै असुल गर्ने अनि सजायको हकमा प्रतिव्यक्ति २८ हजार रुपैयाँ जरिवाना र दुई वर्षको कैद माग गर्दै मुद्दा हालेको डिएसपी शाह बताउँछन् । सार्वजनिक अपराधअन्तर्गत हुने यो सजाय अधिकतम हो ।

प्रहरीले पक्राउ गरेकोहरूमा ६ जना जनपद प्रहरी चारजना सशस्त्र प्रहरी र दुईजना सेनाबाट जागिर छाडेर बसेका व्यक्तिहरू छन् । यी सबै चितवनको माडीमा बसोवास गर्छन् । माघ ५ गते माडी बन्द गरेर उनीहरू ६ गते चक्काजामका लागि नारायणगढ आएका थिए ।

उनीहरू शाही सत्ता तथा द्वन्द्वपीडित भूपू प्रहरी तथा सेना संघर्ष समिति नामको संस्था खोलेका छन् । समितिको अध्यक्ष जागिर छाडेका सेनाका प्युठ मेघनाथ अधिकारी हुन् । उनी पनि तोडफोडमा संलग्न भएको आशंकामा समातिएका छन् ।

अध्यक्ष अधिकारी भने तोडफोड आफूहरूले नगरेको बताउँछन् । आफूहरूलाई फसाउन प्रहरीले घुसपैठ गरेर तोडफोड गरेको आरोप उनले लगाए । त्यस दिन देशव्यापीरुपमा चक्का जाम गर्ने भनेर कार्यक्रम तय भएको भनाइ उनको छ । होमबहादुर बगालेको अध्यक्षतामा केन्द्रीय समिति नै बनाएर भगौडाहरू आन्दोलनमा उत्रेका छन् । आफ्ना सबै आन्दोलनहरू शान्तिपूर्ण हुने अधिकारीले बताए पनि उनीहरूबाट दुई बोतल पेट्रोल बरामद भएको प्रहरीले जनाएको छ । जसले गर्दा भगौडाहरूको उद्देश्य तोडफोड र आगजनी नै भएको थियो ।

पहिला जागिर छाडेर बसेका ६४ जना प्रहरी तथा सैनिकलाई लोकतान्त्रिक सरकारले बहाली गरेको उनीहरू बताउँछन् । त्यसैले आफूहरूले पनि पहिलेकै जागिर पाउनु पर्ने माग उनीहरूको छ । चितवनमा मात्रै तीन सय भगौडा रहेको अनुमान जिल्ला प्रहरीको छ ।

■ **रमेशकुमार पौडेल/चितवन** (तस्विर पनि)








किरामो अध्यक्ष श्रीप्रसाद जवेगु

# सशंकित

**माओवादीको पछिल्लो** व्यवहारलाई लिएर किराँत राष्ट्रिय मोर्चा (किरामो) सशंकित हुन थालेको छ। सत्तारोहणकै बेला माओवादीले स्वायत्तता र आत्मनिर्णयको मुद्दालाई थाती राखेकाले किरामो सशंकित देखिएको हो। तर, किराँत स्वायत्तताका लागि माओवादीको जातीय संगठनको रुपमा उसलाई सघाउँदै आएको किरामो अहिले नै आफ्नो मातृ पार्टीप्रतिको शंका प्रकट गर्ने मनस्थितिमा छैन। 'हामी संविधानसभाले जारी गर्ने नयाँ संविधानको मस्यौदा तयार हुँदासम्म पर्खिन्छौं', किरामो अध्यक्ष श्रीप्रसाद जवेगु भन्छन्, 'त्यति बेला पनि हामीलाई निरास पारिए अहिलेभैंm चुपचाप बस्दैनौं, जे गर्नुपर्छ, गर्छौं।'

हुनत जातीय, क्षेत्रीय स्वायत्तता र आत्मनिर्णयको अधिकारसहितको संघीय राज्यको परिकल्पना बेगरको अन्तरिम संविधानमा माओवादीले हस्ताक्षर गर्दा नै किरामो भस्किएको थियो। अझ अन्तरिम व्यवस्थापिकामा किरामोको संस्थागत प्रतिनिधित्व नगराइनुले उसको शंका झन् झाँगियो। सायद स्वायत्तताको सपना साँचेर आफूलाई युद्धमा सघाएका जातीय मोर्चाहरू भड्किने डरले नै हुनसक्छ, माओवादी संसदीय दलका नेता कृष्णबहादुर महराले माघ १ गते राति अन्तरिम व्यवस्थापिकाको पहिलो बैठकमा बोल्ने क्रममा तिनको आशंकालाई सम्बोधन गर्ने प्रयास गरेका थिए। महराले भनेका थिए, 'हामीले जातीय, क्षेत्रीय स्वायत्तता र आत्मनिर्णयको नीतिलाई त्यागेका छैनौं।'

महराको भाषणले किरामो केही आश्वस्त भएको छ, तर यसको प्रभाव बढीमा संविधानसभाले नयाँ संविधानको खाका तयार गर्दासम्म मात्रै रहन्छ। त्यसपछि किरामोको बाटो प्रस्ट हुने जवेगुको भनाइ छ। 'संविधानको मस्यौदा तयार गर्दा नै थाहा हुन्छ, माओवादीले आश्वासन पूरा गर्छ वा धोका दिन्छ', जवेगु भन्छन्, 'धोका पाउने संकेत देखिए माओवादीविरुद्ध नै संघर्ष गर्छौं।'

स्रोतहरूका अनुसार, अन्तरिम व्यवस्थापिकामा पठाइएको ७३ सदस्यीय माओवादी टोलीमा किरामो प्रतिनिधिको रुपमा कसैलाई सहभागी नगराइएकाले पनि उसलाई आफ्नो अवमूल्यन भएको महसुस हुन थालेको हो। अन्तरिम व्यवस्थापिकाको सदस्य बनाइएकी मणिकुमारी राई (रिबुसी) किरामोकी उपाध्यक्ष भए पनि महिला समावेसीकरणका लागि मात्रै उनको नाम सदर भएको बुझाइ धेरैको छ। सुरुमा किरामो प्रतिनिधिको रुपमा अध्यक्ष जवेगुलाई अन्तरिम व्यवस्थापिकामा लगिने चर्चा थियो। तर, रामबहादुर थापा (बादल) नेतृत्वको कार्यदलले किरामोसँग अन्तरिम व्यवस्थापिका सदस्यका लागि बढीमा एकजना, त्यसमा पनि महिला मागेकाले रिबुसीको नाम छनोट भएको हो। 'माओवादीलाई हाम्रो प्रतिनिधि हैन, महिला चाहिएको रहेछ', किरामोका एक सदस्य भन्छन्।

तर, किरामो अध्यक्ष जवेगु प्रस्टसँग माओवादीको अन्तरिम व्यवस्थापिका छनोटको आलोचना गर्दैनन्। 'रुपचाहिँ नमिलेको जस्तो देखिन्छ', जवेगु भन्छन्, 'किनभने आम प्रतिक्रिया नकारात्मक छ।' अन्तरिम व्यवस्थापिकामा पठाइने टोलीको नाम छनोट गर्दा केही गडबडी देखिएकाले नै आमजनताले त्यसप्रति नकारात्मक टिप्पणी गरेको हुनसक्ने उनको भनाइ छ। 'आमजनता'को हवाला दिएर अन्तरिम व्यवस्थापिकामा पठाइएको माओवादी टोलीको आलोचना गर्ने जवेगुको अभिव्यक्तिले उनी भित्रभित्रै असन्तुष्ट रहे पनि बाहिर त्यसलाई व्यक्त गर्ने अवस्थामा नरहेको देखिन्छ।

स्रोतहरूका अनुसार जवेगुभन्दा बढी असन्तुष्ट छन्, किरामोका संस्थापक अध्यक्ष भक्तराज कन्दङ्वा। बुढ्यौली उमेरको कारण देखाउँदै दोस्रो राष्ट्रिय सम्मेलनबाट किरामो अध्यक्षको पद छाडे पनि माओवादीका केन्द्रीय सल्लाहकार रहेका कन्दङ्वा अन्तरिम संविधानले नै स्वायत्तता र आत्मनिर्णयको अधिकारसहितको संघात्मक राज्य सुनिश्चित गर्नुपर्ने पक्षमा थिए। तर, अन्तरिम संविधानमा हस्ताक्षर गर्दा माओवादीले आफूलाई युद्धमा सघाउने जातीय मोर्चाहरूको अपेक्षालाई ख्याल नगरेको उनको गुनासो रहेको छ।

कन्दङ्वाको असन्तुष्टि अस्वभाविक छैन। किनभने उनी सुरुदेखि नै स्वायत्तताको पक्षमा थिए। राजाले असोज १८ को घटनापछि कार्यकारिणी शक्ति हातमा लिएको अवस्थामै उनले आफ्नो सरोकार स्वायत्तता र आत्मनिर्णयको अधिकारसँग मात्रै रहेको बताएका थिए। 'राजाले नै स्वायत्तता दिन्छ भने पनि हुन्छ', उनले भनेका थिए, 'स्वायत्तता पाएकै दिन हामी बन्दुक छाड्छौं, माओवादीको पछि लाग्दैनौं।' तर, कन्दङ्वा अहिले माओवादीसँगै बन्दुक बिसाएको तर स्वायत्तता अझै दूरदराजको सपना रहेको अवस्थामा छन्।

स्रोतका अनुसार कन्दङ्वा अहिले मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसँग एकताका लागि कुरा गर्न जाने मनस्थितिमा छन्। रोचक के छ भने कन्दङ्वा पहिले यादवलाई भारतीय गुप्तचर संस्था 'र'को 'एजेन्ट' भन्थे। आफैंले 'र'को 'एजेन्ट' भनेर दुत्कार्दै आएका यादवसँग मित्रताको हात बढाउने कन्दङ्वाको मनस्थितिले आगामी दिनमा माओवादी र किरामोको दूरी बढ्ने संकेत गर्छ। अर्कोतिर किरामोबाटै अलग भएको किरात वर्कर्स पार्टी (किवपा)को दबाब पनि छ। किवपाले बरोबर कन्दङ्वालाई भेटेर माओवादीले किरामोलाई 'थाङ्ने मोर्चा' बनाएको बताउँदै अलग संघर्ष गर्न दबाब दिँदै आएको छ।

दोस्रो जनआन्दोलनको सफलतापछि खुला राजनीतिमा देखा परेका पुराना गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहको नेतृत्वमा बनेको जातीय तथा क्षेत्रीय मोर्चाहरूको साझामञ्चमा किवपाले किरामोलाई पनि राख्ने प्रयत्न गर्दै आएको छ। तर, कन्दङ्वाले उपेन्द्र यादवलाई 'र'को 'एजेन्ट' र प्रेम कैदीलाई 'दरवारिया' भन्दै किरामोलाई मोर्चाहरूको साझामञ्चमा सहभागी गराउन मानेका थिएनन्। तर, अन्तरिम संविधान जारी भएकै भोलिपल्ट त्यसलाई जलाउने क्रममा यादव पक्राउ परेपछि उनीप्रति कन्दङ्वाको पुरानो दृष्टिकोण बदलिएको हुनसक्छ। यद्यपि, कैदीप्रति उनको आरोप यथावत् छ।

स्रोतहरूका अनुसार किरामोको दोस्रो राष्ट्रिय सम्मेलनकै बेला कन्दङ्वा, जवेगुलगायत लिम्बुवान स्वायत्तताको आन्दोलनले स्थापित गरेका नेताहरू माओवादीप्रति रुष्ट हुन थालेका हुन्। त्यो सम्मेलनले स्वायत्त किराँत प्रदेशको अवधारणा पारित गरेको थियो, तर कन्दङ्वा र जवेगुहरू त्यसमा पूर्णतः सहमत थिएनन्। त्यसैले, लिम्बुवानको प्रस्तावलाई फरक मतको रुपमा दर्ज गरिएको थियो। फरक मतको रुपमा लिम्बुवानको प्रस्ताव दर्ता गराउने चोत्लुङ लिम्बूलाई माओवादीले एक महिनापछि नै आफ्नो प्रस्ताव फिर्ता लिन लगाएको थियो। यद्यपि, यसलाई किरामोले अझै गोप्य राख्दै आएको छ।

■ **ओमआस्था राई/धरान** (तस्बिर पनि)

# चित्रबहादुर केसी



**कम्युनिष्ट सांसद चित्रबहादुर केसी अहिले संसद्मा सबैभन्दा धेरैले रुचाउने वक्ता हुन् । गाउँले उखान जोडेर भाषण गर्ने उनको क्षमताप्रति के कांग्रेस, के पूर्वपंच, के कम्युनिष्ट सबै मख्ख छन् ।**


■ **सुवास देवकोटा/काठमाडौं**
तस्बिरहरू : तेज बस्नेत

**उनको बोल्ने पालो** आएको थाहा पाउनासाथ सांसदहरू हतार-हतार आफ्नो कुर्सीमा आइपुग्छन्, पत्रकारहरू चमेनागृह वा परिसर छाडेर संसद् भवन प्रवेश गर्छन् र श्रोता कान ठाडो पारेर बस्छन् । भाषणपछि ? आफैंलाई वा आफ्नो समूहलाई सत्तोसराप गरे पनि सबै सांसदको मुख रातो नभएर हँसिलो हुन्छ । पत्रकार वा श्रोता पनि हँसिलो अनुहार पारेरै संसद् भवनबाट निस्कन्छन् ।

बोली नै पिच्छे सबै सांसदको टेबुल ठटाइ तथा श्रोताको मनको ताली खाने को हुन् उनी ? उनी हुन्, बागलुङबाट २०५६ मा प्रतिनिधिसभामा निर्वाचित सांसद तथा जनमोर्चाको विभाजित एक समूहका नेता चित्रबहादुर केसी । वाक्यपिच्छे विपक्षीलाई व्यंग्य कस्ने कट्टर कम्युनिष्टको बोलीमा गैरकम्युनिष्ट लगायत विपक्षीले मिठास पाउने तथा ताली बजाउने कुरा सम्भव छ त ? उनीबारे जानकारी पाउने तथा उनको वक्तव्य सुन्नेहरू विनाहिचकिचाहट सकारात्मकरुपमा टाउको हल्लाउँछन् । असहमतहरूलाई नस्विकार्ने संस्कृति रहेको नेपाली राजनीतिमा उनको भाषण अहिले नेपालको अन्तरिम संसद्मा समेत सबैका लागि रोचक छ ।

नेपाली कांग्रेस, एमाले, कांग्रेस प्रजातान्त्रिक, पूर्वपंचहरूको दल तथा जनमोर्चाका विभाजित घटक र माओवादी सबैप्रति केसीको कटाक्ष उत्तिकै चोटिलो हुनेगर्छ । तर, पार्टी नीतिअनुसार पछिल्लो समयमा केसी माओवादीप्रति बेसी आक्रामक देखिने गरेका छन् । अन्तरिम संविधान जारी हुने दिन माघ १ गते नै पनि केसीले अन्तरिम संविधानप्रति आफ्नो दलको संशोधन प्रस्ताव पेस गर्दा माओवादीप्रति चोटिलो व्यंग्य गर्दै वक्तव्य टुंग्याएका थिए । माओवादीका वरिष्ठ नेताहरू अन्तरिम संसद्मा नआएको विषयमा उनको व्यंग्य थियो, 'छोराछोरीको हेला खप्न नसकेर आत्महत्या गर्न माघ महिनामा कालीगण्डकी नदी पुगेका

# कटाक्ष कमरेड



दम्पतीमध्ये वृद्धले पत्नीलाई पानी कत्तिको चिसो छ भनेर जाँच्न पठाए जस्तै माओवादी नेताहरूले पनि अहिले साना कार्यकर्ताहरूलाई संसद्को परीक्षा गर्न पठाएका हुन् ।' ठेट गाउँले भाषामा केसीले प्रस्तुत गरेको यो उखानले संसद्मा उपस्थित सबैको ताली पाएको थियो ।

## सबैको वाहीवाही

कम्युनिष्ट पार्टीमा चार दशकभन्दा बेसी राजनीति गरेका बागलुङका पूर्वशिक्षक केसीको वाक्कला सबै नेताहरूका लागि प्रशंसाको विषय बन्ने गरेको छ । ६७ वर्षीय केसीलाई मोहनविक्रम सिंहले नेतृत्व गरेको कट्टर कम्युनिष्ट समूहमा रहे पनि वक्तृत्वकलाकै कारण गैरकम्युनिष्टहरू समेत व्यवहारिक र जनताको भाषा बोल्ने नेताका रुपमा स्विकार्छन् । नेपाली कांग्रेस नेता तथा सांसद आमोदप्रसाद उपाध्याय भन्छन्, 'उहाँ जनताको भाषा बोल्ने व्यवहारिक नेता हुनुहुन्छ, जनताको मन छुने उहाँको बोल्ने शैली छ ।'

एमाले नेतृ तथा सांसद विद्या भण्डारीको पनि केसीबारे उपाध्यायको जस्तै मूल्यांकन छ । 'आफ्नो कुरा सरलरुपमा राख्न सक्ने र जनबोली बोल्न सक्ने नेता हो, उहाँ', भण्डारीको भनाइ छ ।

भाषणमा कम्युनिष्ट राजनीति मिसाउनु बाध्यता हुँदाहुँदै कसरी उखानै उखान राख्न जाने त केसीले ? 'धेरै समय गाउँमै बिताएकाले हुनसक्छ', केसी भन्छन् । उनका अनुसार १५ वर्ष उनले बागलुङमा कम्युनिष्ट पार्टीको जिल्ला सचिवको जिम्मेवारी निर्वाह गरे । राजधानीकै नन्दी रात्रि माध्यमिक विद्यालयबाट स्कुल जीवन, त्रिचन्द्र कलेज र त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्र तथा नेपालीमा स्नातक गरेका केसी भन्छन्, 'अंग्रेजी, संस्कृत र नेपाली साहित्यको बेसी ज्ञान नभएकाले पनि नेपाली उखान टुक्काप्रति मेरो ध्यान गएको हुनसक्छ ।' तर, नेपाली भाषा बुझ्ने सबैलाई मखख पार्ने व्यक्तित्व शैली विकासमा केसी सबैभन्दा धेरै पुराना नेता तथा पूर्वप्रधानमन्त्री केआई सिंहलाई जस दिन्छन् । 'केआई सिंहको भाषण सुन्दा त्यस बेला म पनि कुनै दिन यस्तै साधारण शैलीमा भाषण गर्छु भन्ने लाग्थ्यो ।' उनका अनुसार २०१४ सालमा बागलुङका गाउँ गाउँ पुगेका सिंहको राजनीतिक भाषण नबुझ्ने कोही थिएनन् ।

प्रतिस्पर्धी राजनीतिज्ञहरूले आफूलाई 'उखाने नेता' भनेर आलोचना गर्ने गरेका वक्तव्यमा जनशैली अँगालेका केसीलाई राम्रै जानकारी छ, 'मलाई उखाने भने पनि राजनीतिसँग असान्दर्भिक विषयमा म उखान जोड्दिनँ, मैले भन्ने उखान सान्दर्भिक नै हुने गर्छन् ।' राजनीतिक शब्दहरूमा रौंबराबर फरकमा विवाद गर्न सक्ने पार्टीका सहकर्मीहरूबाट पनि केसीले वक्तव्यमा उखानटुक्का प्रयोग गरेकोमा आलोचना बेहोर्नुपरेको छैन । 'पार्टीका महामन्त्री मोहनविक्रम सिंह लगायत पार्टीका साथीहरू मेरो बोल्ने शैलीप्रति सन्तुष्ट नै हुनुहुन्छ ।' तीन टुक्रामा विभाजित एकताकेन्द्र-मसालको एक समूहका महामन्त्री मोहनविक्रम वाक्कलामा अक्षम तर लेखनमा सक्षम नेता मानिन्छन् ।

## माओवादीसँग टक्कर

पहिल्यै माओवादीका कट्टर आलोचकका रुपमा नाम कमाएका केसीको वाक् क्षमता अन्तरिम संसद् निर्माणसँगै माओवादीविरुद्ध लक्षित हुने स्पष्ट छ । अन्तरिम विधायिकाको सभामुखमा माओवादी दाबी तथा पछि प्रतिनिधिसभाका सभामुख सुवासचन्द्र नेम्वाङलाई माओवादीले छाडेको सन्दर्भमा केसीले माओवादीप्रति अन्तरिम विधायिकामा कडा व्यंग्य कसेका थिए । पहिले सभामुख दाबी गरेर पछि माओवादी नेता नै नेम्वाङको प्रस्तावक बनेको सन्दर्भ जोड्दै केसीले भनेका थिए, 'यो प्रस्ताव जमिन राजीनामा गर्दा फड्के साक्षी बसे जस्तो हो, बिक्री भएको जमिन दाबी गर्न नसके जस्तै सभामुख पद अब माओवादीले दाबी गर्न सक्दैनन् ।'

पछिल्लो समयमा माओवादीप्रति आक्रामक देखिए पनि केसी भने आफ्नो वक्तृत्व कला माओवादीविरुद्ध लक्षित नहुने उल्लेख गर्न रुचाउँछन् । 'अझै पनि मुलुकका लागि खतरा प्रतिगमनकारी नै हुन्, त्यसैले मेरो आक्रमणको तारो पनि उनीहरू नै हुन् ।' तर, माओवादीले हिंसा अझै जारी राखेका तथा प्रतिगमनकारीलाई संविधानसभाको निर्वाचन भाँड्ने निहुँ दिएकाले माओवादीको आलोचना स्वभाविक हुने उनको विचार छ । 'कुरा गरे रिस गरे जस्तो हुने, तर अहिले पनि माओवादीको जबरजस्ती बन्द भएको छैन ।' माओवादीको विरोध गर्नु आवश्यक रहेको उल्लेख गर्दै उनले यो उखान बेला बेला भन्ने गरेका छन्, 'कुरा जस्तो कुरा गरे चित्त फाट्ने डर, नाच जस्तो नाचे घाँगर फाट्ने डर ।'

माओवादी नेता कार्यकर्ता भने केसीको भनाइले आफ्नो पंक्तिमा कुनै प्रभाव नपार्ने बताउँछन् । 'उहाँ पुराना कम्युनिष्ट नेता भएकाले हामीले व्यक्तिगतरुपमा आदर गरे पनि पहिलेदेखिकै पूर्वाग्रही टिप्पणीका कारण उहाँको भनाइले हाम्रो पंक्तिलाई कुनै प्रभाव पर्दैन', माओवादी विधायक बलावती शर्मा भन्छिन्, 'आगामी राजनीतिमा उहाँको भनाइलाई गम्भीररुपमा लिनुपर्ने आवश्यकता पनि हामी ठान्दैनौं ।' अन्तरिम विधायिकामा माओवादीबाट मनोनीत नागरिक समाजका अगुवा हरि रोका पनि वाक्कला राम्रो भए पनि शक्ति र राजनीतिका कारण संसद्मा केसीको भावी भूमिकाले खासै अर्थ नराख्ने बताउँछन् । नेपाली कांग्रेसका उपाध्याय र एमालेकी भण्डारी भने शक्ति सानो भए पनि व्यक्तित्व र वाक्कलाकै कारण संसद्मा केसीको आगामी भूमिका प्रभावशाली हुने उल्लेख गर्छन् । ■

अन्तरिम संसद्को एक प्रमुख दल एमालेका विधायकहरू



तेज बस्नेत

# चार दल अघिल्तिर

प्रतिपक्षीविहीन अन्तरिम व्यवस्थापिका संसद्का चार लहर सिटहरूमा प्रमुख चार राजनीतिक दलका सांसदहरू बस्ने भएका छन् । चार दलका प्रमुख नेताहरूको वरिष्ठताक्रमअनुसार बेग्लाबेग्लै दलका सांसदहरू भिन्न भिन्न लहरमा हुनेछन् । सभामुखको कुर्सीको सामुन्ने सदाझैं नेपाली कांग्रेस र एमालेका सांसदहरू बस्नेछन्, प्रतिनिधिसभा हुँदाको सत्तापक्ष र प्रतिपक्षजस्तै । दाहिनेपट्टिका बेन्चमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) र देब्रेपट्टि माओवादीका खैरो रंगधारी सांसदहरूको लहर हुनेछ । माओवादीका तर्फबाट मनोनीत नागरिक समाजका सदस्यहरूलाई पनि अहिलेको जस्तो जता पायो त्यतै बस्ने छुट हुनेछैन, उनीहरू माओवादीका लागि छुट्याइएको सिटमा बस्नुपर्नेछ ।

माओवादी माघ १, २०६३ अन्तरिम व्यवस्थापिका संसद्को प्रारम्भदेखि नै सभामुखको देब्रेपट्टिको लहरमा बस्दै आएका छन् । कांग्रेस प्रजातान्त्रिक भने नेपाली कांग्रेसको पछाडि बस्दै आएको थियो । नयाँ मनोनीत भएर आएका सांसदहरू जथाभावी बसेर पुरानाको सिटमा दखल दिन थालेपछि सिट बसोवासको नयाँ व्यवस्था गर्ने भएको हो । सभामुख सुवास नेम्वाङले राजनीतिक दलहरूसँको छलफलपछि सांसदहरूलाई तोकिएको लहरमा बस्ने रुलिङ गर्नेछन् ।

सत्ताधारी नेपाल सद्भावना पार्टी (आनन्दी देवी), नेमकिपा तथा प्रतिपक्षको भूमिका खेल्दै आएका विभिन्न खेमामा विभाजित जनमोर्चा (लीलामणि पोखरेलबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टी र नेपाल सद्भावना पार्टीका सांसदहरूका लागि पछिल्ला बेन्च सुरक्षित राखिने संसद् सचिवालयका एक अधिकारी बताउँछन् ।

अन्तरिम संविधान जारी भएपछिको दोस्रो बैठकले सभामुख र उपसभामुख चयन गरेको भए पनि अन्तरिम संसद् संचालन गर्ने नियमावलीको अभाव खट्किएको छ । नेपाली कांग्रेसका प्रमुख सचेतक आनन्दप्रसाद ढुंगानाका अनुसार नियमावली बनेपछि मात्र संसद्का काम कारबाही अघि बढ्नेछन् । अन्तरिम संसद्को दोस्रो औपचारिक बैठकपछि सभामुख सुवास नेम्वाङले आठ राजनीतिकको परामर्शमा दलका सांसदहरूको एउटा अनौपचारिक कार्यदल गठन गरेका छन् । अन्तरिम संसद् सञ्चालन गर्न, विधि प्रक्रियाका साथ साथै संसद्का समिति विस्तार गर्नेबारे कार्यदलले सुझाव दिनेछ । कार्यदलको सुझावअनुसार औपचारिक कार्यदल गठन हुनेछ ।

आठ राजनीतिक दलका प्रतिनिधिहरू गृहकार्यमा जुटेका छन् । अनौपचारिक रुपमा गठित कार्यदलले दिएको सुझावका आधारमा औपचारिक समिति बनाइएको छ । प्रतिनिधिसभा पुनःस्थापना भए पनि गत जेठमा पनि पहिलेको नियमावलीमा व्यापक परिवर्तन गरेर नयाँ नियमावली बनेको थियो । अब परिवर्तित अन्तरिम संविधानका आधारमा नियमावली बन्नेछ । अन्तरिम संसद्को आकार प्रतिनिभिसभाको तुलनामा निकै ठूलो भएकाले समितिको संख्या विस्तार गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर अन्तरिम संविधानको भावना र उद्देश्यलाई सहयोग पुऱ्याउने खाले समिति पनि आवश्यक देखिन्छ । २ सय ५ जना प्रतिनिधिसभाको तुलनामा अन्तरिम संसद्मा ३२९ जना सांसदहरू छन् । अहिले प्रतिनिधिसभामा नौवटा स्थायी समिति र चारवटा अस्थायी समितिहरू छन । जेठमा बनेको नियमावलीमा सुनुवाइ समिति र सुरक्षा समिति थप गरिएको थियो ।

संसद् सचिवालयका एक अधिकारीका अनुसार अन्तरिम संविधानको उद्देश्य पूरा गर्नका लागि विशेष प्रकृतिका समिति निर्माण गर्नुपर्ने आवश्यकता छ । अन्तरिम संविधानमा उल्लेख भएका शान्ति सम्झौताको अनुगमन, राज्यको पुनर्संचना, पुनःस्थापना र पुनर्निर्माण, आरक्षण, संघीय संरचना जस्ता महत्त्वपूर्ण मुद्दाहरूसम्बन्धी विशेष समिति बनाउनुपर्ने सांसदहरू बताउँछन् । अहिले भइरहेका समितिहरू सरकारका मन्त्रालयको आधारमा छन् ।

एमाले सचेतक परशुराम मेघी गुरुङ भन्छन्, 'संसदीय परम्परामा सरकारलाई उत्तरदायी बनाउने काम समितिले गरेका हुन्छन् । सरकारलाई उत्तरदायी बनाउन अहिलेको सन्दर्भमा अन्तरिम संविधानअनुसार समितिहरू थपिन सक्छन् ।'

अन्तरिम संसद्को नियमावली माघको तेस्रो सातासम्म जारी हुने विश्वास छ । नियमावली जारी भएको अवस्थामा मात्र संसद्ले काम पाउने सांसदहरू बताउँछन् । नेपाली कांग्रेसका (प्रजातान्त्रिक)का प्रमुख सचेतक टेकबहादुर चोखाल भन्छन्, 'नियमावली आएपछि धमाधम काम हुन्छ, संसद्ले बिजनेस प्राप्त गर्छ ।' सरकारले अन्तरिम संविधानसँग जोडिएका राजनीतिक मुद्दाहरू संसद्मा प्रस्तुत गर्ने सांसदहरू बताउँछन् । तर, अन्तरिम संविधानमा परेका संशोधनसम्बन्धी मुद्दालाई उठाउने पक्षमा पनि सांसदहरू छन् । सद्भावना पार्टी (आनन्ददेवी)का सांसद राजेन्द्र महतो भन्छन्, 'नियमावली बनेर संसद् चल्न थालेपछि संविधान संशोधनसम्बन्धी मुद्दा उठ्नेछ ।'

अन्तरिम व्यवस्थापिका संसद्मा सबैभन्दा आकर्षण र चासोका विषय माओवादीका सांसदहरू बन्न पुगेका छन् । अन्य दलका सांसदहरूका लागि माओवादीका अधिकांश सांसद 'भाइबहिनी' भन्न मिल्ने उमेर समूहका छन् । तर, खैरोरङको कोटमा समूहमा उपस्थित हुने माओवादी सांसदहरूसँग कलम र डायरी पनि साथमा हुने गरेको छ । उनीहरू नेताहरूले बोलेका कुरा डायरीमा टिप्न दत्तचित्त देखिन्छन् ।

माघको तेस्रो सातासम्म संसद्ले नियमावली प्राप्त गरेको स्थितिमा पनि संसद् सुचारु हुन भने अन्तरिम सरकारको गठन हुनुपर्ने स्थिति छ । सरकारले काम नदिएको अवस्थामा संसद् अगाडि बढन सक्तैन । अन्तरिम सरकार नबनुन्जेलसम्म संसद् जमेर चल्ने सम्भावना छैन ।

असहमत आठ दल र संसद्मा झिनो संख्यामा भएका प्रतिपक्ष भन्न मिल्ने करिब १५ जना सांसदहरू भावी दिनहरूमा कसरी प्रस्तुत हुनेहुन् यसबारे जिज्ञासाहरू छन् । संविधानमाथिका संशोधनहरू थाती राखेर माओवादीलाई संसद्मा प्रवेश गराउने उद्देश्यले जारी गरिएको अन्तरिम संविधान नै संसद्का लागि सबैभन्दा ठूलो चुनौती हो ।

■ विश्वमणि पोखरेल/काठमाडौं

# न्याय पहिले

■ गोविन्द परियार/काठमाडौं
तस्बिरहरू : भास्वर ओझा



विगतमा विश्वका द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनाको पहलसँगै न्यायलाई बिर्सिएका कारण दिगो शान्ति स्थापना हुन नसकेको बताउँदै नेपालको शान्ति प्रक्रियामा त्यो कमजोरीलाई सच्याएर न्यायलाई पनि शान्तिसँगै लैजानुपर्ने राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्त लुइस आर्बरले बताएकी छन्। पहिलोपटक सन् २००५ मा राजाले सत्ता आफ्नो हातमा लिएको केही दिनमात्र अगाडि नेपाल भ्रमणमा आएकी आर्बरको यो दोस्रो नेपाल भ्रमण हो। उनको पहिलो भ्रमणलगत्तै राष्ट्रसंघीय मानवाधिकार उच्चायोगको जेनेभा बैठकबाट 'आइटम १९'अन्तर्गत रहने गरेर नेपालमा मानवअधिकार अनुगमनको लागि उच्चायुक्तको कार्यालय खोलिएको थियो।

नेपालको मानवअधिकारको अवस्था अत्यन्त दर्दनाक भएको बताउँदै अन्तर्राष्ट्रिय फोरममा आवाज उठाउँदै आएकी आर्बर यो दोस्रो भ्रमण क्रममा मानवअधिकारको अवस्थामा भएको सुधारमा केही हर्षित त देखिएकी छन्, तर त्योसँगै विगतका चरम मानवअधिकार उल्लंघनका दोषीहरू दण्डित हुनुपर्ने चिन्ता पनि त्यत्तिकै व्यक्त गरेकी छन्। द्वन्द्वको अवधिमा भएका चरम मानवअधिकार उल्लंघनका पीडितहरूको प्रत्यक्ष कुरा सुन्न उनी बर्दियादेखि सिन्धुपाल्चोक पुगिन्। पीडितहरूको गुनासो सुनेर उनी भावविह्वल मात्रै भइनन्, पीडितहरूसँग यी प्रतिनिधिमूलक घटनाहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउने प्रतिबद्धता समेत जाहेर गरिन्। बर्दियामा पीडित परिवारहरूको भ्रमणबाट सेनाबाट बेपत्ता पारिएका भनिएका २ सय बेपत्ताको सूचीसमेत बोकेर आएकी छन् आर्बरले। यसअघि नै उनको नेपालस्थित कार्यालयले विश्वसनीय, प्रतिबद्ध र अधिकारसम्पन्न बेपत्ताको अवस्थाबारे आयोग गठन गर्न सरकारलाई सुझाव दिए पनि सरकारले कुनै पहल गरेको छैन।

६ दिन लामो नेपालको मानवअधिकार अनुगमन भ्रमणका क्रममा उनले नेपाल शान्ति प्रक्रियामा अगाडि बढ्ने क्रमसँगै दण्डहीनताको संस्कृति अन्त्य गर्नुपर्ने सुझाव सरकारलाई दिएकी छन्। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालादेखि गृहमन्त्री र आठ दलका नेताहरूसँगको भेटमा आर्बरले दण्डहीनताको संस्कृति अन्त्य र सामाजिक बहिष्करणका मुद्दाहरूलाई सम्बोधन गरेर दिगो शान्तिमा अगाडि बढ्न अहिले उपयुक्त अवसर भएको सल्लाह दिएकी छन्।

दिगो शान्तिको लागि सबै समुदायका मुद्दालाई सम्बोधन गरिनु पर्नेमा जोड दिँदै सरकारले जवाफदेही भएर विगतका गम्भीर मानवअधिकार उल्लंघनका दोषीलाई दण्डित गरेर अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना र दण्डहीनता अन्त्य गनुपर्ने उनको सुझाव छ। उच्चायुक्त आर्बर भन्छिन्, 'एघारवर्षे द्वन्द्वको क्रममा मानवअधिकार उल्लंघनका पीडितहरू जसलाई हत्या गरियो वा जो बेपत्ता भएका छन् र उनीहरूको जीवन भयावह हिंसाबाट बर्बाद भएको छ। उनीहरूको परिवारले उचित क्षतिपूर्ति र दोषीलाई दण्ड सजाय गरेर दण्डहीनता अन्त्य गरिनु पर्छ।'

मानवअधिकार उल्लंघनकर्तालाई कारबाही र पीडितलाई क्षतिपूर्तिको लागि राष्ट्रिय मानवअधिकारले सिफारिस गरेका एक सय सत्चालीस सिफारिसहरू अझै सरकारले कार्यान्वयन गरेको छैन । गत असारसम्म सरकारलाई गरेको सिफारिसमा ४४ वटा सिफारिसलाई मात्र आंशिक कार्यान्वयन गरे पनि पूर्ण कार्यान्वयन भने नगरेको राष्ट्रिय मानवअधिकार आयोगले बताएको छ । आयोगका निमित्त सचिव ध्रुव नेपाल भन्छन्, 'आयोगले सिफारिस गरेका चरम मानवअधिकार उल्लंघनका घटनामा कार्यान्वयन गरेकामध्य पनि केही सिफारिसमा पीडितलाई क्षतिपूर्ति दिए पनि दोषीलाई कारबाही नगरेको र केहीमा दोषीलाई कारबाही गरे पीडितलाई क्षतिपूर्ति दिएको छैन ।' राष्ट्रिय मानवअधिकार ऐन २०५३ मा आयोगले सरकारलाई गरेका सिफारिसहरू तीन महिनाभित्र कार्यान्वयन हुनुपर्ने र त्यसको जानकारी आयोगलाई लिखित रुपमा दिनु पर्ने व्यवस्था गरेको छ । आयोगमा पदाधिकारी नियुक्त नभएका कारण गत असारयता भएका मानवअधिकार उल्लंघनका घटनामा सरकारलाई कुनै सिफारिस भएको छैन । आर्बरको आयोगसँगको छ । उच्चायुक्त आर्बर भन्छिन्, 'मानवाधिकार संरक्षणका लागि दण्डहीनताको संस्कृति एउटा मुख्य खतरा हो । तसर्थ बेपत्तासम्बन्धी नसुल्झिएका सबै मुद्दा समाधान गर्ने तथा द्वन्द्वको क्रममा माओवादी र राज्य पक्ष दुवैतर्फबाट गम्भीर मानवअधिकार उल्लंघन गर्नेहरूलाई जवाफदेही बनाउने कार्य अहिलेको सरकारको पहिलो प्राथमिकता हुनुपर्छ ।' संक्रमणकालीन अवस्थामा दण्डहीनता अन्त्य गरिएन भने मुलुकमा द्वन्द्वको आगो ननिभ्ने बताउँदै आर्बर भन्छिन्, 'अन्तर्राष्ट्रिय अनुभवले संक्रमणकालीन अवस्थामा दोषीहरूलाई कारबाही गराउने कार्य कठिन र चुनौतीपूर्ण भए पनि टिकाउ र दिगो शान्तिका लागि अत्यावश्यक पूर्वसर्त भएको सिकाएको छ ।' आयोगका आफ्नै कर्मचारी दयाराम परियारलाई जनकपुरमा प्रहरी निरिक्षक प्रकाशराज शर्माको नेतृत्वमा आएको प्रहरीको समूहले गोली हानी हत्या गरेको घटनामा आयोगले सरकारलाई गरेको सिफारिस समेत कार्यान्वयन गरेको छैन । नेपाल भन्छन्, 'हाम्रो आफ्नै कर्मचारीलाई मारिएको घटनामा समेत दोषी प्रहरीलाई सरकारले कारबाही गरेको छैन ।' पीडितहरूले गरेका छन् । सरकारले बारम्बार बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्ने बताए पनि अझैसम्म उनीहरूको अवस्था सार्वजनिक गरेको छैन । उता राष्ट्रसंघीय मानवाधिकार उच्चायोगको नेपालस्थित कार्यालयले सेनाको भैरवनाथ गणमा ४९ जना माओवादी कार्यकर्तालाई हिरासतमा लिएर सामूहिक हत्या गरेको प्रतिवेदन सार्वजनिक गरे पनि सरकारले त्यसको विश्वसनीय जवाफ दिएको छैन । पतिलाई बेपत्ता पारेको चार वर्ष बितिसक्दा पनि सम्बन्धित निकायले कुनै जानकारी नदिएको बताउँदै शर्मिला त्रिपाठी भन्छिन्, 'पक्राउ गरेको स्थान र व्यक्तिसहित जानकारी गराएर जीवित र मृत्य अवस्था मात्र बताउन अनुरोध गर्दा पनि बताएका छैनन् ।'

सरकार र माओवादीबीच भएको बृहत् शान्ति सम्झौतामा 'सत्य निरुपण तथा मेलमिलाप आयोग'मार्फत द्वन्द्वका अवधिमा भएका गम्भीर मानवअधिकार उल्लंघनका पीडितलाई क्षतिपूर्ति दिएर आममाफी दिने सहमति गरिएको छ । आर्बर भन्छिन्, 'द्वन्द्वअवधिमा भएका मानवअधिकार उल्लंघनका गम्भीर दोषीहरूलाई पूर्ण आममाफी कहिल्यै पनि दिगो समाधानको अंग हुन सक्दैन भन्ने विगतको अन्तर्राष्ट्रिय अभ्यासबाट स्पष्ट छ । तसर्थ दोषीलाई सत्य निरुपण आयोगमार्फत दण्डित गरिनु पर्छ ।'

**'बाँच्न सफल भएका र द्वन्द्वको मारमा परेर दुःखान्तबाट प्रभावित भएकाका परिवारहरूलाई न्याय दिलाउन सहयोग गर्न आफ्ना प्रयासहरू जारी राख्ने प्रतिबद्धता गर्छु । दण्डरहित शान्ति मात्र दिगो हुन्छ, त्यसैले विगतका दोषीहरूलाई कारबाही गराएर दण्डहीनता अन्त्य गरिनु पर्छ ।'**



छलफलमा आयोगलाई प्रभावकारी र सशक्त बनाउनको लागि सक्षम पदाधिकारीहरू तुरुन्त नियुक्ति गनुपर्ने र अन्तर्राष्ट्रिय ऐन कानुन र त्यसले दिएको भावनाअनुसार आयोगको सिफारिस सरकारले कार्यान्वयन गर्नुपर्ने बताएकी छन् ।

बृहत् शान्ति सम्झौतामार्फत माओवादीले सुरु गरेको एघारवर्षे सशस्त्र द्वन्द्वको अन्त्य गरेर व्यवस्थापिका संसद्मा बनिसक्दा समेत द्वन्द्वको अवधिमा मानवअधिकारको चरम उल्लंघनका दोषी ठहरिएकालाई कारबाही त भएन, पीडितले क्षतिपूर्तिसम्म पाएका छैनन् । उच्चायुक्त आर्बर भन्छिन्, 'बाँच्न सफल भएका र द्वन्द्वको मारमा परेर दुःखान्तबाट प्रभावित भएकाका परिवारहरूलाई न्याय दिलाउन सहयोग गर्न आफ्ना प्रयासहरू जारी राख्ने प्रतिबद्धता गर्छु ।' एघारवर्षे सशस्त्र द्वन्द्वको अवधिमा राज्य र माओवादीले निर्दोष मानिसहरूमाथि गैरन्यायिक हत्यादेखि चरम यातना र बेपत्ताजस्ता मानवअधिकार उल्लंघनका क्रियाकलाप बढेका थिए । सुरक्षाकर्मी र माओवादी दुवै पक्षबाट चरम मानवअधिकार उल्लंघनका अत्यधिक घटनाहरूको अनुगमनबाट देखिएका दोषीहरूलाई कुनै पनि कारबाही नभएको आयोगले बताएको छ । यो तथ्यले नेपालमा दण्डहीनताको संस्कृति मौलाएको ठहर मानवअधिकारवादीहरूको

सशस्त्र द्वन्द्वको अवधिमा न्याय नपाएका पीडितहरूले जनआन्दोलनपछि माओवादी र सरकारबीच शान्ति सम्झौता भएर शान्ति प्रक्रियामा अगाडि बढ्दा समेत पीडितहरूको आवाज कसैले नसुनेको गुनासो गरेका छन् । नेपाल भन्छन्, 'दण्डरहित शान्ति मात्र दिगो हुन्छ, त्यसैले विगतका दोषीहरूलाई कारबाही गराएर दण्डहीनता अन्त्य गरिनु पर्छ ।' आयोगले सरकारले आफ्ना सिफारिसहरू कार्यान्वयन नगरेकाले वार्षिक प्रतिवेदन संसद्मा दर्ता गराएको छ । संसद्मार्फत कार्यान्वयन गर्न सरकारलाई दबाब पुगोस् भनेर वार्षिक प्रतिवेदनलाई संसद्मा दर्ता गराएको आयोगले बताएको छ ।

त्यसो त अधिकांश गैरकानुनी हत्या गरिकाहरूलाई माओवादी र राज्य दुवैले उनीहरूको अन्तिम संस्कार गर्न पाउने सांस्कृतिक अधिकारमा समेत बन्देज लगाएका छन् । बुबालाई माओवादीले अपहरण गरी हत्या गरेको बताउँदै सिन्धुलीका अञ्जनी कोइराला भन्छन्, 'मेरा बुबालाई माओवादीले केही बुझ्नु छ भनेर लिएर गएको केही दिनपछि हत्या गरे, तर लास दाहसंस्कारको लागि दिनु पर्‍यो भन्दा समेत दिएनन् ।' सरकारले विगतमा देखाएका जवाफदेहिताविरोधी कार्यशैलीमा अहिले पनि तात्त्विक भिन्नता नदेखिएको गुनासो

आर्बरले 'एघारवर्षे द्वन्द्वको अन्त्य तथा विस्तृत शान्ति सम्झौतामा समावेश भएका मानवअधिकार र सामाजिक रूपान्तरणका प्रतिबद्धताहरू भएपछि लामो समयदेखि विद्यमान भेदभाव, जसको परिणामस्वरूप आफ्ना लाखौं मानिस चरम सामाजिक बहिष्करणमा परेका छन् त्यसको उन्मूलन सुरु गर्न व्यवहारिक तथा ठोस पहल लिन नेपाललाई अहिले एउटा ऐतिहासिक अवसर भएको' बताएकी छन । त्यसको लागि राजनीतिक दलहरूमा इच्छाशक्तिको त्यत्तिकै आवश्यकता हुनुपर्ने उनले सुझाव छ । मुलुकमा विद्यमान विभिन्न प्रकारका भेदभावले राज्यको संरचनाबाट ठूलो संख्या अवसर र स्रोतहरूको पहुँचबाट पाखा लगाइएका छन् । तसर्थ सबै पिछडिएका जाति समुदाय र क्षेत्रका आधारभूत आवश्यकता र राज्यसत्तामा समान पहुँचले मात्र समग्र मुलुकलाई शान्तिको मार्गमा पुर्‍याउँछ । आर्बर भन्छिन्, 'गहिरो जरा गाडेर रहेका असमानता र भेदभावका मुद्दालाई सम्बोधन गरेर दिगो शान्ति स्थापना गर्नु नेपाल सरकारको अहिलेको प्रमुख दायित्व हो ।' ■

**खुला सीमाको दुरुपयोग गरी बंगालीजस्तै वर्ण, कद, बोलीचाली, आनीबानी, चालचलन, भेषभूषा भएका बंगलादेशी, बिहारीजस्तै श्रीलंकाली तथा उत्तरप्रदेशी पठानजस्तै अफगानी, पाकिस्तानी, इरानी एवं बर्मेलीजस्ता मुलुकका बासिन्दा खुला सीमा वारपार गरिरहेका हुन सक्छन् ।**

# चुनौती व्यवस्थापनको



■ बुद्धिनारायण श्रेष्ठ

**नेपाल एसियाका** दुई ठूला समृद्ध हुँदै आएका देश भारत र चीनका बीच अवस्थित छ । यी दुवै देशसँग नेपालको भिन्न-भिन्न सीमा व्यवस्थापन रहेको छ । यसमध्ये दक्षिणी छिमेकी भारतसँग समयको खण्डकालमा विभिन्न प्रकारको सीमा व्यवस्थापन रहेको पाइन्छ । यस्तो सीमा व्यवस्थापन अपनाउनमा नेपालको ऐतिहासिक सिमानाले भूमिका खेलेको छ ।

नेपालको सिमानाको ऐतिहासिक पृष्ठभूमि हेर्दा पृथ्वीनारायण शाहले एकीकरण गर्दै लगेको राष्ट्र नेपाल सन् १८०६ मा टिस्टादेखि काँगडासम्म फैलिएको थियो । यसलाई विशाल नेपाल भनिन्छ, तर तत्कालीन रणजित सिंह मातहतका सिख समुदायले काँगडाका राजालाई मद्दत गरेका कारण सन् १८०९ मा नेपाल काँगडाबाट सतलजको सिमानामा फर्कनुपर्‍यो । यस्तै सन् १८१४-१५ को एङ्लो-गोर्खा युद्धपछि नेपालको सिमाना मेचीदेखि महाकालीमा खुम्चिन पुग्यो । भारतशासित इष्ट इण्डिया कम्पनी सरकारको छलछाम, दाउपेचका कारण करकापमा परी नेपालले विवश भएर ४ मार्च १८१६ को सुगौली सन्धिपछि नेपालले पूर्वको मेची-टिस्टा र पश्चिमको महाकाली-सतलज एवं तराईका समस्त भू-भाग गुमाउनु पर्‍यो । यसरी नेपालको पूर्व-पश्चिम पखेटा काटियो भने दक्षिणतर्फको पुच्छर पनि निमोठियो । पश्चिमतर्फको युद्ध भएको भागमात्र होइन, तर पूर्वको मेची-टिस्टामा युद्ध नभएको क्षेत्र पनि करकापले नेपालले छाड्नुपर्‍यो ।

तर सुगौली सन्धिको नौ महिनापछि सन्धिअनुसार नेपालले प्रतिवर्ष पाउने दुई लाख रुपैयाँको बदला ११ डिसेम्बर १८१६ मा पूर्वी तराई फिर्ता पायो । यस्तै नेपालले भारतमा उब्जिएको 'सिपाही विद्रोह'लाई समन गरिदिएबापत नयाँ मुलुकका रूपमा १ नोभेम्बर १८६० मा पश्चिमी तराई फिर्ता पायो । यही सिमाना नै वर्तमान नेपालको सिमाना रहेर आएको छ ।

यो त भयो नेपालको ऐतिहासिक सिमानाको कुरा । अब नेपालको सीमा व्यवस्थापनको ऐतिहासिक पृष्ठभूमितर्फ लागौं । हाम्रो देशको सीमा व्यवस्थापनको कुरा गर्दा नेपालको छिमेकी मुलुक भारतसँगको मात्र होइन, चीनतर्फको पनि उल्लेख गर्नु प्रासंगिक हुन्छ ।

## नेपाल-चीन

नेपाल-चीनबीच नियमित अथवा नियन्त्रित सीमा व्यवस्थापन रहेको छ । दुई देशबीच सीमा वारपार गर्न राहदानी तथा भिसा आवश्यक पर्छ । यद्यपि तिब्बती मूलका बासिन्दा बेला मौकामा अनियमित तरिकाले सीमापार गर्ने कोसिस गर्छन् । २०६३ असोज १४ मा अवैध रूपमा केही तिब्बतीले नाङपाला नाकाबाट सीमापार गर्न खोज्दा केल्साङ नामसोनामक व्यक्तिको चिनियाँ प्रहरीको गोलीद्वारा मृत्यु भयो । चिनियाँ कानुनअनुसार बिनाइजाजत अनियमित तरिकाले सीमा नाघ्नुलाई आपराधिक कार्य मानिन्छ । यस्ता अपराधीलाई एक वर्षसम्मको कारावास सजाय गरिन्छ ।

नेपाल तथा चीनका बासिन्दाले दुवैतर्फको ३० किलोमिटर क्षेत्रसम्म आवत-जावत गर्न सक्ने व्यवस्था थियो । शान्ति सुरक्षाका कारणले २०६२ पुस १७ देखि सीमा जोडिएका नेपालको १५ जिल्लाका बासिन्दाले आधिकारिक परिचयपत्र देखाएर मात्रै आउन-जानसक्ने व्यवस्था लागू गरिएको छ । स्मरणीय छ, नेपाल र चीनबीच २० किलोमिटरको दुवै सीमावर्ती भू-भागलाई सेनारहित क्षेत्र तोकिएको छ ।

## नेपाल-भारत

अब नेपाल-भारत सीमा व्यवस्थापनका कुरा गरौं । ऐतिहासिक कालदेखि हालसम्मको अध्ययन गर्ने हो भने दुई देशबीचको सीमा व्यवस्थापन बहुरूपी प्रकारको पाइन्छ । सन् १८१६ को सुगौली सन्धिअघि खासगरी तेस्रो देशको बासिन्दाका लागि बन्द सीमा व्यवस्था थियो । सुगौली सन्धिपछि नियमित अथवा नियन्त्रित व्यवस्था अवलम्बन गरियो । अंग्रेज नेपाल आउन श्री ३ बाटै प्रमांगीको आवश्यकता पर्दथ्यो । सन् १८६० मा पूरक सुगौली सन्धि भई नेपालले नयाँ मुलुक फिर्ता पाएपछि दुई देशबीचको सीमा विस्तारै नजानिँदो तरिकाले क्रमशः खुला हुन सुरु भयो । खुला हुँदै जानुका प्रमुख कारणचाहिँ हट्टाकट्टा बहादुर नेपाली केटाहरूलाई ब्रिटिस गोर्खा रेजिमेन्टमा भर्ना हुन सजिलो गर्न हो । यस्तै बेलायती सरसामान नेपाल तथा नेपाल भएर तिब्बततर्फ बेच्न सजिलो पार्न र नेपाली पशुजन्य काँचोछाला, जडीबुटी, वनपैदावर आदि सजिलै भारततर्फ ओसार्न सजिलोका लागि सीमा नजानिँदो तवरले खुल्दै गयो । सन् १९४७ मा भारत स्वतन्त्र भएपछि सीमा अझ खुकुलो भयो । यस्तै संवत् २००७ मा नेपालमा प्रजातन्त्र आएपछि अरू बढी खुला भयो । यद्यपि, सीमा वारपार गर्न राहदानी अथवा अनुमतिपत्र आवश्यकता पर्दथ्यो । २०१४ सालमा काठमाडौंलाई रक्सौल जोड्ने त्रिभुवन राजपथ निर्माण पूरा भएपछि त नेपाल र भारतबीचको सीमा ह्वाङ्ङै भयो । जोसुकै जतिबेला पनि दिनको दसौंपटक अन्तर्राष्ट्रिय सीमा वारपार गर्न सक्ने भए । यात्रुलाई सोधिखोजी गर्ने काम हुन छाड्यो ।

२०४५ चैत १० देखि २०४६ असार १७ सम्म एकतर्फी रूपबाट भारतद्वारा आर्थिक नाकाबन्दीका रूपमा दुई देशबीचको सीमा बन्द गरियो । केही समयपछि वीरगन्ज र विराटनगर नाका निगरानीरूपमा खुला गरियो । २०५६ पुस ९ मा काठमाडौंबाट उडेको इन्डियन एयरलाइनको विमान अपहरणपछि २०५७ असोज १५ देखि दुवै देशको निर्णयमा हवाईमार्गलाई नियमित सीमा व्यवस्थामा परिणत गरियो । नेपालमा माओवादीको चलखेल बढेका बेला ताप्लेजुङ-सिक्किमका फालेलुङजस्ता सीमा-नाकामा २०६०-६१ सालमा भारतले बन्द सीमा व्यवस्था अपनायो भने सुनसरीसँग जोडिएको भीमनगर नाकामा नियन्त्रित सीमा व्यवस्था अवलम्बन गरियो । नेपालगन्ज-रुपैडिया नाकामा २०६२ कात्तिक १५ देखि संयुक्तरूपले नियन्त्रित सीमा व्यवस्था (परिचयपत्र) लागू गरियो । हुँदाहुँदै तेस्रो देशबाट भारत आउने नेपालीलाई भिसा पनि माग्ने गरियो । जर्मनेली राजदूतावास काठमाडौंमा काम गर्ने टंकलाल श्रेष्ठलाई लाहोरबाट दिल्ली आउँदा २०६१ माघ १३ मा इन्दिरा गान्धी अन्तर्राष्ट्रिय हवाई अड्डामा दिल्ली सहर पस्न भिसा पेस गर्न भनियो ।

यो नै नेपाल-भारत सीमा व्यवस्थाको बहुरूपी ज्वलन्त चित्र हो । यस्ता ऐतिहासिक कुरा अध्ययन गर्दा दुई देशबीचको सीमा बन्द, खुला र नियन्त्रित सीमा पद्धतिको चक्र घुम्दै गरेको पाइन्छ । यसकारणले यी दुई देशको सीमा व्यवस्थापन विश्वको एउटा जटिल पद्धतिको रूपमा रहेको मानिन्छ । नमुनाको रूपमा अध्ययन अनुसन्धान गर्न लायक पनि छ ।

## खुला सीमाबारे सन्धि छ ?

माथिको वर्णनअनुसार नेपाल र भारतबीच हाल सामान्यतया खुला सीमा व्यवस्था अपनाइएको पाइन्छ । यहाँ प्रश्न उब्जन्छ, दुई देशबीचको अन्तर्राष्ट्रिय सीमा खुला राख्न कुनै सन्धि भएको छ ? अहँ, छैन । केही अध्ययनकर्ताले ३१ जुलाई १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको धारा ७ ले दुई देशबीचको सीमा खुला राख्ने प्रावधान गरेको छ भन्ने गरेका छन् । यो धारा अध्ययन गर्दा 'दुवै देशका सरकारहरू समान आधारमा एक-अर्को देशका नागरिकहरूलाई आ-आफ्नो भू-भागमा डुलफिर गर्ने र यस्तै प्रकारका अन्य विशेषाधिकारहरू प्रदान गर्न स्वीकृति प्रदान गर्दछन्' भन्ने मात्र उल्लेख गरिएको छ । तर सीमा खुला राख्ने भन्ने लेखिएको

पाइँदैन । यसले समानताका आधारमा समान व्यवस्था अवलम्बन गर्नुपर्छ भन्ने मात्र जनाउँछ ।

## सीमा कसरी खुला भयो ?

अब यहाँ अर्को प्रश्न तेर्सिन्छ- उसो भए किन कसरी नेपाल-भारतबीचको सीमा खुला गरियो ? यसको जवाफ हुनसक्छ- यो त केवल आपसी समझदारी, मित्रता, असल छिमेकीपन, धार्मिक तथा सांस्कृतिक बहुलता, सामाजिक एकरूपता, पारिवारिक नातापाता, समान भौगोलिक बनावटका कारणले भएको हो । यसमा भारत स्वतन्त्र हुनुअगाडि नेपाली नेताले भारतमा भएको स्वतन्त्रता आन्दोलनमा भाग लिएको र नेपालमा प्रजातन्त्र ल्याउन भारतीय राजनीतिक नेताले खेलेको भूमिकाका कारणले प्रभाव पारेको हुनसक्छ । यस्तै अनौपचारिक प्रचलनका कारणले क्रमशः सीमा खुला हुँदै गयो । परम्परा बस्दै गयो । यसमा मुख्यतः दुवै देशका स्थानीय प्रशासनले बिघ्न, बाधा, अडचन तथा रोकथाम गरेनन् ।

## खुला सीमाको प्रावधान ?

यसपछि सीमा खुला गर्नुपर्छ भन्ने कुनै ऐन नियमावली एवं कागजात केही छन् कि भनी अध्ययन गरौं । राहदानी नियम-२००९ को दफा ४ मा उल्लेख गरिएको छ- 'अब उप्रान्त भारतबाट भारतीयहरूले काठमाडौं आउँदा तथा धेरै वर्षदेखि वा घरजाम गरी बसेका प्रवासी नेपालीले सिटी म्याजिस्ट्रेटसित अथवा पुलिसबाट पर्मिट लिई अथवा विदेशमा रहेका हाम्रा दूतावास वा कन्सुलर अथवा पटनामा रहेका अलैंची-कोठीबाट राहदानी लिई आउनुपर्दछ ।' यस्तै नेपालीहरू नेपालबाट भारत भई नेपालमै जान पनि 'तपसिलबमोजिमका मानिसलाई वर्ण जाँची चिठी पत्र षोला गरी सरासर जान देउ रोक टोक नगर' भन्ने व्यहोराको राहदानी लिनुपर्ने व्यवस्था संवत् १९१८ साल मिति चैत्र सुदीको राहदानी नमुनाबाट जानकारी पाउन सकिन्छ ।

यसबाहेक अध्यागमन ऐन, २०४९ को दफा ३ (१) मा 'कुनै पनि विदेशीले राहदानी र भिसा नलिई नेपाल अधिराज्यभित्र प्रवेश गर्न र नेपालमा बस्न पाउनेछैन' भन्ने लेखिएको छ । यसै ऐनको नियमावलीको दफा २ (ख) मा 'विदेशी' भन्नाले तत्काल नेपालको नागरिक नभएको जुनसुकै व्यक्ति सम्झनु पर्छ भनी उल्लेख गरिएको पाइन्छ । तर भारतीय नागरिकलाई यो नियम लागू हुनेछैन भनी उल्लेख भएको छैन । यसको मतलव नेपाल र भारतबीच नियन्त्रित सीमा व्यवस्था रहेको बुझिन्छ ।

## भारतको वर्तमान दृष्टिकोण

यस्तो खुला सीमालाई भारतले सुरक्षाको दृष्टिकोणमा नियमित तथा नियन्त्रित व्यवस्थामा परिणत गर्न खोजेको आभास पाइन्छ । अमेरिकामा सेप्टेम्बर ११ को घटना, २०५८ मंसिर २८ मा दिल्ली पार्लियामेन्ट भवनमा हमला, २०६२ कात्तिक १२ मा नयाँदिल्लीमा लगातार विस्फोटनको घटनाको सन्दर्भलाई लिएर भारतले नेपालको १ हजार ८ सय ८ किमि सीमारेखालाई सुरक्षाका हिसाबले संवेदनशील, निगरानीयुक्त र सामान्य वर्गमा विभाजन गरी २०५९ वैशाख २१ देखि हालसम्म ४५ हजार सशस्त्र सेनाबल नैताथ गरेको छ । यसअनुसार प्रति ४० मिटरको फासलामा सालाखाला १ जवान भारतीय सेनाबल उभिएको पाइन्छ । यसैगरी भारतले नेपालको सीमामा विस्फोटक पदार्थको ओसार-पसार रोक्न २०६२ असार १६ देखि सीमामा तालीमप्राप्त सिआइडी कुकुरहरू परिचालन गरेको छ ।



काँकडभिट्टा-पानीटंकी खुला सीमा

अर्कोतर्फ नेपालको सीमावर्ती क्षेत्रमा रहेका मदरसा विद्यालयमा अध्यापन गर्ने शिक्षकले खुला सीमाको दुरुपयोग गरी भारतीय भूमिमा आतंक फैलाउँछन् भन्ने धारणा भारतले राखेको पाइन्छ । यस्तै पाकिस्तानी आइएसआई एजेन्ट नेपालमा लुकिछिपी रहेका छन् र बेला मौकामा उनीहरूले भारतमा गडबडी मचाउँछन् भनी भारतले लाञ्छना लगाउने गरेको छ । नेपालले जति सफाइ प्रस्तुत गरे पनि भारतले चित्त बुझाएको पाइँदैन । यसमा खुला मात्रै होइन, छाडा सीमालाई दोष दिइएको छ । भारतका विदेशमन्त्री प्रणव मुखर्जीले २०६३ कात्तिक ९ मा भनेका छन्, 'पाकिस्तानी आइएसआई एजेन्टले आफ्नो सञ्जाल जम्मुकश्मीरबाट दिल्ली हुँदै काठमाडौंसम्म फिँजाएका छन् ।' यस्तै माओवादी अध्यक्ष प्रचण्डले नयाँदिल्लीमा २०६३ मंसिर ३ मा 'आइएसआईले हामीलाई हातहतियार लिन अनुरोध गरेका थिए, तर हामीले मानेनौं' भनेका छन् । यस सम्बन्धमा पाकिस्तानी राजदूतावास, काठमाडौंले खण्डन गरेको छ । यी सबै कारणले गर्दा भारत-नेपाल सीमालाई भारतले असुरक्षित ठान्दै आएको छ । छाडा सीमा भएकाले दुवै सीमावर्ती क्षेत्रका बासिन्दाले अन्तरसीमा अपराध, चोरी डकैती, व्यक्ति अपहरण, बलात्कार आदिका कारण आफू असुरक्षित रहेको महसुस गर्दै आएका छन् ।

भारत तथा नेपालमा केही घटना भए खुला सीमालाई दोष दिने गरिएको छ । २०६३ असार २७ मा मुम्बई रेलवे लाइनको ७ स्टेसनमा एकैपटक बम विस्फोट हुँदा नेपाल-भारत खुला सीमालाई दोष दिइयो । काठमाडौंमा दुई पाकिस्तानी नागरिक पक्राउमा परे, तर छानबिनपछि उनीहरू निर्दोष भएको पाइयो । काठमाडौंबाट भारतीय विमान अपहरण हुँदा यसको जिम्मेवार भारतले खुला सीमालाई मानेको पाइन्छ भने पश्चिम बंगालतिर विस्फोटन हुँदा त्यही छाडा सीमालाई कारक तत्त्व ठान्दछ । यस्तै अवैध हातहतियार तथा लागूपदार्थ ओसार-पसारदेखि रसुवा नुवाकोटका चेलिबेटी बेचबिखन, मकवानपुरका बालिका भारतीय सर्कसमा बलजफ्ती सामेल, वीरगन्ज-विराटनगरका उद्योगपति व्यापारी अपहरण, जाली नागरिकता प्रमाणपत्र तथा राजनीतिमा विकृति पनि खुला तथा छाडा सीमाकै परिणाम हो भन्ने दुवै देशले ठान्दै आएका छन् ।

## उपसंहार

अब खुला सीमा व्यवस्थाले लगभग काम गर्न छाडिसकेको छ । खुला सीमाको दुरुपयोग गरी बंगालीजस्तै वर्ण, कद, बोलीचाली, आनीबानी, चालचलन, भेषभूषा भएका बंगलादेशी, बिहारीजस्तै श्रीलंकाली तथा उत्तरप्रदेशी पठानजस्तै अफगानी, पाकिस्तानी, इरानी एवं नेपालीजस्तै बर्मेली आदि तेस्रो मुलुकका बासिन्दा भारतीय नागरिकका रुपमा खुला सीमा वारपार गरिरहेका हुन सक्छन् । यसैले यस्तो खुलमखुला सीमालाई अब त्यसै छाड्नु नहुने अवस्था आएको छ । दुवै देश मिली दुवै देशको हितमा हुनेगरी नेपाल-भारत बहुरूपी सीमालाई नियमित, नियन्त्रित र व्यवस्थित गर्नुपर्ने बेला भइसकेको छ । दुवै देशको जनताको शान्ति सुरक्षाका लागि विध्वंसात्मक तत्त्वलाई अन्तर्राष्ट्रिय सीमामा पक्राउ गर्नुपर्छ, अपराधीलाई रोक्नुपर्छ, कालाबजारीलाई नियन्त्रण गर्नुपर्छ, चेलिबेटी बेचबिखनकर्तालाई छेक्नुपर्छ र लागूपदार्थ ओसार-पसार गर्नेलाई समात्नुपर्छ । सक्कली यात्रुलाई भने कत्ति पनि ढिला नहुने गरी सीमा वारपार गर्न इजाजत दिनुपर्छ । स्मरणीय छ, दुवै सीमावर्ती क्षेत्रका ५ किलोमिटरभित्रका बासिन्दालाई दिनको धेरैपटक सीमा वारपार गर्न विशेष परिचयपत्रको व्यवस्था गरिनुपर्छ । ■



अस्थायी शिक्षकहरूको आन्दोलन फेरि यसरी नै चर्कने भयो

भास्कर ओझा

# कानुनी प्रश्न ?

**संसद्ले छिनोफानो गरेको विषय शब्द फेरबदल गर्ने अधिकार कानुनतः सभामुखलाई नभएको तर्क गर्नेहरू धेरै छन् । अधिवक्ता मुक्ति प्रधान भन्छन्, 'अहिले सभामुखको काम त संसद्बाट पारित भएको विधेयकलाई प्रमाणीकरण गर्ने मात्र हो, संसद्बाट पारित भएको विधेयकको आशयसँग नमिल्ने गरी संशोधन गर्ने अधिकार उनलाई छैन ।'**

■ **छत्र कार्की/काठमाडौं**

**जनआन्दोलन-२** को बलमा पुनःस्थापित संसद्बाट पारित शिक्षा विधेयकमा रहेको अस्थायी शिक्षकसम्बन्धी प्रावधान तोडमोड गरी सभामुख सुवास नेम्वाङले पुस-१४ गते प्रमाणीकरण गरेका छन् । जनताको सर्वोच्च निकाय संसद्ले पारित गरेको विधेयक प्रमाणीकरण गर्दा सभामुखले थपघट गर्न मिल्ने कि नमिल्ने भन्ने विषयमा अहिले बहस चलिरहेको छ । पुनःस्थापित प्रतिनिधिसभाले राजाका सम्पूर्ण अधिकार कटौती गरेपछि पारित विधेयकमा दरबारबाट लालमोहर लगाइने प्रावधान हटाएर सभामुखलाई प्रमाणीकरण गर्ने अधिकार दिइएको छ ।

संसद्ले छिनोफानो गरेको विषय शब्द फेरबदल गर्ने अधिकार कानुनतः सभामुखलाई नभएको तर्क गर्नेहरू धेरै छन् । अधिवक्ता मुक्ति प्रधान भन्छन्, 'अहिले सभामुखको काम त संसद्बाट पारित भएको विधेयकलाई प्रमाणीकरण गर्ने मात्र हो, संसद्बाट पारित भएको विधेयकको आशयसँग नमिल्ने गरी संशोधन गर्ने अधिकार उनलाई छैन ।' अधिवक्ता प्रधान संसद्बाट पारित भएको विधेयकलाई जस्ताको तस्तै पारित गरेको भए विवादमुक्त हुन सक्ने विचार राख्छन् ।

पारित विधेयकमा केही अमिल्दा कुरा भए त्यसलाई फेरि संसद्मा फिर्ता पठाउने बाटो रोज्नुको सट्टा सभामुख नेम्वाङले त्यसो गरेनन् । उनले प्रमाणीकरण गर्दा तोकेबमोजिमको खुल्ला प्रतियोगिताबाट स्थायी गरिने वाक्यांश राखेपछि यसले फेरि विवादको रुप लिएको छ । आन्दोलनरत अस्थायी शिक्षकलाई प्रक्रियागत ढंगले स्थायी बनाउने आठ दलबीच भएको सहमतिकै परिणाम स्वरुप विधेयकमा छुट्टै प्रतियोगिताबाट अस्थायी शिक्षकलाई स्थायी बनाउने व्यवस्था गरिएको थियो । अस्थायी शिक्षक संघर्ष समितिका केन्द्रीय अध्यक्ष निरेन्द्र कुँवर संसद्बाट पारित विधेयकलाई सभामुखले प्रमाणीकरण गर्दा अस्थायी शिक्षकको सवालमा उल्लेख गरेको कुराले अस्पष्टता र विरोधाभास सिर्जना गरेको बताउँछन् । उनी भन्छन्, 'सभामुखले प्रयोग गरेको खुल्ला प्रतियोगिता शब्द संसद्बाट राजनीतिक दलले पारित गरेको विधेयकको भावनाविरुद्ध छ ।'

खुल्ला प्रतियोगिताको प्रावधानअनुसार भर्खरै पढाइ सिध्याएकाहरू र २० वर्षभन्दा बढी पढाएका शिक्षकसँगै भिड्नुपर्ने भएकाले व्यवहारिक नभएको धारणा राख्दै आएका छन् अस्थायी शिक्षकले । उनीहरूको भनाइ छ, 'धेरै वर्ष पढाएका



# एसएलसीमा पाँच विषयमात्र पास गरे हुन्छ

**एसएलसी परीक्षालाई** अझै पनि फलामे ढोकाको संज्ञा दिइन्छ। तर, सरकारले क्रमिकरुपमा एसएलसीलाई सरलीकृत गर्दै लैजाने योजना अघि सारेको छ। राष्ट्रिय पाठ्यक्रमको नयाँ खाका तयार गर्ने क्रममा एसएलसीमा पाँचवटा विषयमात्र पास हुनुपर्ने प्रावधान प्रस्ताव गरिएको जनाइएको छ। राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्ले विद्यालय शिक्षा सैद्धान्तिकभन्दा पनि व्यवहारिक हुनुपर्ने निष्कर्ष निकालेको छ।

परिषद्ले तयार पारेको राष्ट्रिय पाठ्यक्रमको खाकाबारे शिक्षा मन्त्रालयका विभागीय पदाधिकारीहरूबीच अन्तरक्रिया भइरहेको जनाइएको छ। प्रस्ताव गरिएको प्रारुपअनुसार हरेक कक्षाको उत्तीर्ण प्रतिशत ३२ बाट बढाएर ४० पुऱ्याउनुपर्ने उल्लेख गरिएको छ। त्यसैगरी कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षालाई कक्षा १ देखि ३, कक्षा ४ र ५ तथा कक्षा ६ देखि ८ गरी तीन चरणमा बाँड्दा उपयुक्त हुने धारणा सुझाइएको छ। साथै कक्षा ९ देखि १२ सम्म माध्यमिक तह रहनुपर्ने उल्लेख गरिएको छ। कक्षा १ देखि ३ सम्म पठनपाठनको माध्यम मातृभाषा हुन सक्ने व्यवस्था पनि राखिएको छ।

नयाँ प्रारुपले माध्यमिक तहदेखि नै विद्यार्थीमा व्यवसायिक क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ, जसअनुसार माध्यमिक तहलाई साधारण र व्यवसायिक गरी दुई वर्गमा बाँडिएको छ। माध्यमिक तहमा व्यवसायिक विषयका रुपमा कृषि, वनविज्ञान, चिकित्सा पद्धति, इन्जिनियरिङ, फोटोग्राफीलगायत रोजगारमूलक विषय पढाइ हुने छन् भने भाषा, गणित, सामाजिक अध्ययनलगायतका विषयले साधारण विषयका रुपमा स्वीकृति पाउनेछन्। यो प्रावधान लागू भएपछि एसएलसी परीक्षा हरेक विकास क्षेत्रमा क्षेत्रगत रुपमा सञ्चालन गरिनेछ भने विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ मा केन्द्रीयस्तरबाट लिइनेछ। यो प्रारुप स्वीकृत भएको खण्डमा आगामी तीन वर्षभित्र लागू गरिसकिने शिक्षा मन्त्रालयको उच्चस्रोतले जनाएको छ। ■

शिक्षकहरूमा सिकाइ पक्ष सबल हुन्छ, तर उनीहरूको लेखन क्षमता तुलनात्मक रुपले नयाँ परीक्षर्थीहरूभन्दा कमजोर हुने भएकाले पनि अप्ठ्यारो हुन्छ।' प्रमाणीकरणका क्रममा उल्लेख गरिएको 'एकपल्ट'लाई शब्दमाथि पनि आपत्ति प्रकट गरिएको छ। अधिवक्ता प्रधान भन्छन्, 'यसले अस्थायी शिक्षकमाथि निगाह भन्ने अर्थ दिन्छ, त्यसैले यो उल्लेख हुनु त्रुटिपूर्ण छ।'

## फेरि आन्दोलन

आठ दलका प्रतिनिधि, शिक्षामन्त्री र अस्थायी शिक्षकबीच मंसिर ८ गते भएको सहमतिअनुसार विधेयक नआएपछि फेरि अस्थायी शिक्षकहरूले आन्दोलन चर्काउने भएका छन्। यही माघ १२ गते माइतीघर मण्डलाबाट शिक्षक सभा गरी आन्दोलनलाई चरणबद्धरुपमा अघि बढाउने अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिले जनाएको छ। समितिका अध्यक्ष कुँवर भन्छन्, 'हामीले प्रक्रिया नपुऱ्याई स्वतः स्थायी गर्नुपर्छ भनेका छैनौं, तर भर्खर अध्ययन पूरा गरेका विद्यार्थी र २० वर्ष पढाएका शिक्षकलाई चाहिँ एउटै काँटमा राखेर भिडाउने कुराप्रति मात्र असहमति हो।'

मुलुकभरका करिब १८ हजार अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याएर सहज तरिकाले स्थायी बनाउनुपर्ने माग लिएर विगत आठ वर्षदेखि आन्दोलन चर्काउँदै आएको अस्थायी शिक्षक आन्दोलन समितिले रिले अनशनदेखि सडक प्रदर्शनसम्म गरेको छ। २०६१ साल कात्तिकमा ११ दिन र २०६३ साल भदौमा ८० दिनसम्म रिले अनशन पनि सम्पन्न गरेका छन्।

२०५९ सालमा संयुक्त शिक्षक संघर्ष समितिको नामबाट शिक्षक हकहितका १२ सूत्रीय माग राखी शिक्षक संघ र संगठनले आन्दोलन गरेका थिए। पछि शिक्षकहरूका ११ सूत्रीय माग पूरा भएर अस्थायी शिक्षकको मागले प्रवेश नपाएपछि शिक्षक संघ-संगठन र अस्थायी शिक्षक आन्दोलन समितिबीच सम्बन्ध चिसिएको थियो। अस्थायी शिक्षकलाई स्थायी गराउन २०५६ सालमा कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा रहेको सरकारकै पालादेखि पहल गरिए पनि यसले मूर्त रुप लिन सकेन।

२०६१ साल मंसिर १७ गते तत्कालीन देउवा मन्त्रिमण्डलका शिक्षामन्त्री विमलेन्द्र निधिले अस्थायी शिक्षकको समस्या समाधानका निम्ति गठित समितिले प्रतिवेदन पेस गरेको थियो। राजाको अध्यक्षतामा गठित सरकारले त्यही प्रतिवेदनलाई आधार बनाएर अध्यादेशमार्फत २०६२ माघ १७ गते शिक्षा ऐन-२०२८ संशोधन गरी अस्थायीलाई मात्र बेग्लै प्रतिस्पर्धा गराउने निर्णय सार्वजनिक गरेको थियो। तर, यो कार्यान्वयन हुन सकेको थिएन।

जनआन्दोलन-२ पछि अस्थायी शिक्षकको आन्दोलनमा सदाशयता देखाएर सरकारले छुट्टै प्रतिस्पर्धा गराउने निर्णय गरेको भोलिपल्टैदेखि राजधानी लगायत विभिन्न ठाउँमा विरोध प्रदर्शन जारी राखिएको थियो। खासगरी त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न क्याम्पसका विद्यार्थीहरू निर्णयको विरोधमा खुलेर लागेका थिए। व्यापक विरोध आएपछि शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले शिक्षा विधेयकलाई सबैको सहमतिमा मात्र लागू गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। सभामुखले शिक्षा विधेयक प्रमाणीकरण गर्दा केही शब्द अदलबदल गर्नुको पछाडि यही दबाबले काम गरेको हुन सक्ने आशंका पनि गरिएको छ।

लामो समयसम्म सेवा गरेका अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याएर सरल तरिकाले स्थायी गर्न मानवीय हिसाबले सही मान्नेहरू पनि छन्। तर, शैक्षिक गुणस्तरको दृष्टिले यस्ता निर्णय प्रत्युत्पादक हुने विज्ञहरूको मत छ। शैक्षिक गुणस्तर उठाउने हो भने स्थायी वा अस्थायी नै हटाउनुपर्ने धारणा शिक्षाविद् डा. विष्णु कार्कीको छ। उनी भन्छन्, 'शिक्षण पेसामा योग्य व्यक्ति आउनुपर्छ, यो पेसाको साख बचाउन अरू पेसाजस्तै सेवासुविधा पनि वृद्धि गरिनुपर्छ।'

विगत एक दशकभन्दा बढी समयदेखि हरेक ६-६ महिनामा शिक्षकको नयाँ पदपूर्ति हुन नसक्दा अस्थायी शिक्षकहरू दिनप्रतिदिन बढिरहेका छन्। यसको समाधान खोज्न सरकारले तदारुकता देखाउनै पर्छ। समस्या यही रुपमा रहने हो भने यसबाट सिकाइ क्रियाकलाप पनि प्रत्यक्ष प्रभावित हुने देखिन्छ। ■

# सेवा थोरै, व्यापार धेरै

■ किरण भण्डारी/काठमाडौं



समय

## धर्मपुत्र–पुत्रीको 'धन्दा' चलाएर ठूलो धनराशि हात लाउन सकिने हुँदा समाजका प्रतिष्ठित व्यक्तिहरू एजेन्टको रुपमा कार्यरत छन् । अपारदर्शी प्रक्रियामा कतै देखा पर्नु नपर्ने भएकाले उनीहरूको दायित्व भने केही पनि हुँदैन ।

**पुस मसान्तमा** विदेश भ्रमणबाट फर्कनेबित्तिकै महिला बालबालिका तथा समाज कल्याणमन्त्री उर्मिला अर्यालले मन्त्रालयका अधिकारीहरूसँग विदेशीलाई धर्मपुत्र-पुत्री दिँदा अनियमितता हुने देश भनेर नेपालको बदनामी बढेको भन्दै चिन्ता व्यक्त गरिन् ।

सचिव लगायतका उच्च अधिकारीहरूसँग व्यक्त गरेको चिन्ता उनले धर्मपुत्र-पुत्री सिफारिस समितिका अधिकारीहरूसँग पनि दोहोर्‍याइन् । समितिका सदस्यहरूले आफूहरूले मन्त्रिपरिषद्ले तर्जुमा गरेको नीति अनुसरण गरेर सिफारिस गरिरहेको उल्लेख गर्दै नीति परिमार्जन गरेर मात्र विकृति नियन्त्रण गर्न सक्ने बताए । त्यसका लागि राजनीतिक नेतृत्व तात्नुपर्ने धारणा उनीहरूले मन्त्रीसमक्ष राखे ।

नेपाली बालबालिकालाई विदेशी नागरिकलाई धर्मपुत्र-पुत्री ग्रहण गर्न दिने सम्बन्धमा बनेको सर्त तथा प्रक्रिया अनुसरण गर्दै सरकारले अनाथ बालबालिकाको पालनपोषणका जिम्मा सात समुद्रपारिका नागरिकलाई दिने गरेको छ । नेपाली छोराछोरी धर्मपुत्र-पुत्रीको रुपमा विदेशिन थालेको २५ वर्ष नाघिसकेको छ । विशुद्ध परोपकारको अभिप्रायले सम्पादन यो प्रक्रिया भने व्यवस्थित हुनुको सट्टा झनै व्यापारीकरण हुँदै गइरहेको आरोप छ ।

मन्त्रिपरिषद्ले २०५७ सालमा सर्त तथा प्रक्रियालाई संशोधन गरी बालबालिका मन्त्रालयलाई अधिकार दिएपछि धर्मपुत्र-पुत्रीका रुपमा विदेशिनेको संख्यासँगै विकृति पनि आकाशिएको छ । साविकमा गृह मन्त्रालयको अधिकार क्षेत्रमा रहँदा कतिपय निर्णय विवादमा परेपछि सुधारको अपेक्षाले बालबालिका मन्त्रालयको परिधिभित्र ल्याइए पनि कुनै परिवर्तन नआएको जानकारहरूले बताएका छन् ।

अनाथ र अति गरिब आमाबाबु वा संरक्षकले स्वेच्छाले दिन चाहेका बालबालिकालाई विदेशी नागरिकको पोल्टामा धर्मपुत्र धर्मपुत्रीका रुपमा दिन सकिने व्यवस्था मुलुकी ऐनमा छ । असहाय बालबालिकालाई आमाबाबु, उचित भरणपोषण र शिक्षादीक्षा प्राप्त होस् भन्ने पवित्र अभिप्राय बोकेको यस्तो प्रावधानको फाइदा उठाउँदै विभिन्न बालगृहहरूले 'व्यापार' चलाइरहेको आरोप खेपिरहेका छन् ।

द्वन्द्वले बालबालिकाहरूको विस्थापन विभिन्न समस्या बढेकाले पछिल्ला केही वर्षमा धर्मपुत्र-पुत्रीको रुपमा विदेशिने बालबालिकाको संख्या ह्वात्तै बढेको छ । २०३८ सालदेखि १९ वर्षको अवधिमा ९ सय ७१ धर्मपुत्र-पुत्रीको रुपमा विदेशिएकामा द्वन्द्वको आयतनको वृद्धिसँगै २०५७ यता त्यो संख्या २ हजार नाघेको छ ।

असहाय, टुहुरा, अनाथ बालबालिकाको सहायताका नाममा स्थापित बालगृह, अमेरिका र विभिन्न युरोपेली मुलुकको एजेन्टको रुपमा काम गर्ने व्यक्तिहरूको सञ्जालले धर्मपुत्र-पुत्रीको रुपमा बालबालिकालाई विदेश पठाउने अभियान तीव्र पारेका छन् । धर्मपुत्र-पुत्रीलाई विदेश पुर्‍याउन सम्बन्धित मुलुकको एजेन्ट बनेर बसेको व्यक्ति नेपालमा भने कतै देखा पर्दैन ।

धर्मपुत्र-पुत्रीको 'धन्दा' चलाएर ठूलो धनराशि हात लाउन सकिने हुँदा समाजका प्रतिष्ठित व्यक्तिहरू एजेन्टको रुपमा कार्यरत छन् । अपारदर्शी प्रक्रियामा कतै देखा पर्नु नपर्ने भएकाले उनीहरूको दायित्व भने केही पनि हुँदैन ।

कानुनले अनाथहरूलाई मात्र त्यसरी विदेशीको पोल्टामा जिम्मा लगाउन सकिने व्यवस्था गरेको भए पनि 'लोभीपापी'हरूको चंगुलमा परेर बाबुआमा भएका समेत विदेशिएका घटना सार्वजनिक भइरहेका छन् । कर्णाली र दुर्गम पहाडी जिल्लाबाट पढाइदिने आश्वासनमा बालगृहमा ल्याइएका बालबालिकाको संख्या अधिकांश हुनु र तिनीहरू विदेशिएर गरिबीको दुष्चक्रमा परेका बाबुआमाको काख रित्तिएका घटनाहरूले यसभित्रका कहालीलाग्दो अवस्था अनुमान लगाउन सकिन्छ ।

नेपाल बालसंगठनका बालमन्दिरहरूबाट यसरी विदेशिनेको संख्या अत्यधिक छ । बीसभन्दा बढी बालगृहहरूले आफ्नो सम्पर्कमा रहेका विभिन्न मुलुकमा बालबालिकाहरू पठाउने काममा बालमन्दिरसँग प्रतिस्पर्धा गरिरहेका छन् । नेपाल सरकारको कानुनी प्रक्रिया पूरा गरेर धर्मपुत्र-पुत्रीको रुपमा विदेश पठाउने बालगृहका संचालकहरूमध्ये सबैजसो बालसंगठनका बहालवाला तथा पूर्वपदाधिकारी र कर्मचारी छन् ।

धर्मपुत्र-पुत्री लैजाँदा जम्मा ३ सय डलर मात्र तिर्नुपर्ने भए पनि आमाबाबुले २० हजार डलरसम्म खर्चिएको उदाहरण फेला पर्नुले करोडौं रुपैयाँको चलखेल रहेको देखाउँछ । धर्मपुत्र-पुत्री लैजाने विदेशी बाबुआमाले न्यूनतम ५ हजार डलर तिर्ने र उक्त रकम एजेन्ट र बालगृहले भागबन्डा गर्ने जानकारहरूले बताएका छन् । औसतमा १० हजार डलर खर्च हुने गरेको छ ।

बालबालिकाका लागि गैरसरकारी संस्था महासंघ (सिएनएफएन)का अध्यक्ष उपेन्द्रकेशरी न्यौपाने बालबालिकाको सेवा गर्ने नाममा बालगृह खोलेर धर्मपुत्र-पुत्री दिई व्यक्तिगत फाइदा लिने विकृति डरलाग्दो किसिमले मौलाइरहेको बताउँछन् ।

धर्मपुत्र-पुत्री लाँदा प्रक्रियागत खर्चको नाममा हजारौं डलर खर्च हुने तर मुलुक र बालबालिकाको हात रित्तो रहने अवस्था रहेको बताउँदै उनी भन्छन्, 'बच्चाको नाममा उठेको पैसा उनीहरूकै लागि खर्च हुने वातावरणसमेत बन्न सकेको छैन ।'

कम्तीमा सरकारले वेवसाइटमा धर्मपुत्र-पुत्री लाँदा अपनाउनुपर्ने विधि र शुल्कबारे तोकिदिए यसमा सुधार आउनुका साथै त्यसरी प्राप्त हुने रकम अरू बालबालिकाका लागि खर्च गर्न सकिने धारणा उनको छ ।

धर्मपुत्र-पुत्री सिफारिस समितिका सदस्यहरू यो प्रक्रियामा पैसाको व्यापक चलखेल हुने गरेको आफूहरूले पनि सुनेको स्विकार्छन्, तर नियमानुसार कागजपत्र मिलाएर पेस भएको फाइललाई रोक्न नमिल्ने हुँदा क्रम पूर्ववत् जारी रहेको बताउँछन् ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव संयोजक रहेको समितिमा गृह मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव, बालबालिकाहरूका निमित्त गैरसरकारी संस्थाहरूको महासंघका प्रतिनिधि सदस्य र बालबालिका मन्त्रालयका उपसचिव (कानुन) सदस्य सचिव छन् ।

'धर्मपुत्र-पुत्री दिँदा विभिन्न विन्दुमा पैसाको चलखेल हुने आरोप हामीले पनि सुनेका छौं', समिति सदस्य एवं गृह मन्त्रालयका सहसचिव विश्वप्रकाश पण्डित भन्छन्, 'सरकारले बनाइदिएको नियमलाई पूर्ण रुपमा हामीले परिपालना गर्दा गर्दै अन्त के के हुन्छ, त्यसलाई रोक्न मुस्किल पर्छ ।'

धर्मपुत्र-पुत्री दिँदा हुने अनियमिततालाई नियन्त्रण गरी प्रक्रियालाई पारदर्शी र झन्झट मुक्त बनाउने

### पाँच वर्षको अवधि (२०५७–२०६२) धर्मपुत्र–पुत्रीका रुपमा विदेशिने नेपाली सन्तान

| मुलुक | संख्या |
|---|---|
| स्पेन | ३१७ |
| इटाली | २७४ |
| अमेरिका | २५१ |
| फ्रान्स | १७२ |
| जर्मनी | १५८ |
| नर्वे | २५ |
| स्विजरल्यान्ड | २५ |
| नेदरल्यान्ड | १५ |
| वेल्जियम | १५ |
| क्यानडा | १३ |
| डेनमार्क | १० |
| अस्ट्रिया | ९ |
| बेलायत | ७ |
| फिनल्यान्ड | १ |
| स्विडेन | १ |
| अस्ट्रेलिया | १ |
| सिंगापुर | १ |



समय

भने पनि सरकारले अहिलेसम्म सिन्कोसमेत भाँचेको छैन। २०६१ सालमा अष्टलक्ष्मी शाक्य मन्त्री हुँदा यसमा सुधार ल्याउन निकै प्रयास गरे पनि त्यसले अझ मूर्त रुप लिन सकेको छैन।

पैसाको चलखेल हुने गरेको आरोप नेपालमा मात्र हैन, विश्वभर नै फैलिएको छ। नेपालस्थित फ्रान्सेली दूतावासले यस्तै विकृतिहरूको हदका कारण बालमन्दिरलाई कालोसूचीमा राखेको बताएको छ। एकजना धर्मपुत्र लिँदा बालमन्दिरका पदाधिकारी र कर्मचारीले १७ हजार युरोसम्म असुलेको उजुरी परेपछि फ्रान्सले बालमन्दिरलाई कालोसूचीमा राखेको हो।

'१५-१६ वर्ष पहिला यस्तो विकृति थिएन', नाम उल्लेख नगर्ने सर्तमा दूतावासका एक उच्च अधिकारी भन्छन्, 'धर्मपुत्र-पुत्री दिने प्रचलनमा विकृति बढ्दै अहिले खरिदबिक्रीको अवस्था आइसकेको छ।'

धर्मपुत्र-पुत्रीसम्बन्धी कानुन, अभिसन्धिहरू, विश्वव्यापी मान्यतालाई उल्लंघन गर्दै आवेदक बाबुआमालाई खसीबोकाको शैलीमा बच्चा छान्न दिएर ठूलो धनराशि चलखेल हुने गरेको छ। त्यसबाहेक मन्त्रालय, सिडिओ कार्यालय, प्रक्रियागत खर्चका नाममा वकिलले राम्रै धनराशि असुल्ने गरेका छन्।

'आवेदनको क्रम संख्याअनुसार बालगृहमा पहिला आएको बच्चालाई धर्मपुत्र-पुत्रीको रुपमा दिनुपर्छ', न्यौपाने भन्छन्, 'नैतिकता र नियम तोडेर बच्चाको उमेर, वर्ण, नाक, रङ छान्न दिएर सबैभन्दा म्यानुपुलेसन हुने गरेको छ।'

सोह्र वर्षमुनिका महिला वा पुरुषलाई धर्मपुत्र-पुत्रीको रुपमा ग्रहण गर्न सक्ने भए पनि एक वर्षमुनिकाको माग अत्यधिक छ भने चार वर्षभन्दा माथिकालाई प्रायजसो धर्मपुत्र-पुत्री बनाइँदैन।

### अपुरो तथ्यांक, धर्मपुत्र-पुत्रीका रुपमा विदेशिएकाहरू

| धर्मपुत्र दिने निकाय | अवधि | संख्या |
|---|---|---|
| गृह मन्त्रालय | २०३८-२०५७ वैशाख | ९७१ |
| महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | २०५७ वैशाख- २०६२ चैत | १२९५ |
| " " " | २०६३ मंसिरसम्म | ६४६ |
| जम्मा | | २,९१२ |

धर्मपुत्र-पुत्री दिने बालगृहले अरू बालबालिकाका नाममा राम्रै धनराशि सहायता लिने भए पनि त्यसको सदुपयोग हुने गरेको छैन।

अमेरिकी विदेश मन्त्रालयको वेवसाइटमा नेपालबाट धर्मपुत्र-पुत्री ग्रहण गर्ने सन्दर्भमा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ। हालसालै 'अपडेट' गरिएको साइटमा सरकारले तीन सय डलर मात्र शुल्क लिने भए पनि बालगृहहरूले ३ देखि १७ हजार डलरसम्म असुल्ने गरेको उल्लेख गर्दै चनाखो हुन भनिएको छ।

धर्मपुत्र-पुत्री ग्रहण गर्ने बाबुआमा वा अमेरिकी एजेन्सीले सबै शुल्क, चन्दा र बालगृहलाई सहयोग गरेको रसिद लिन पनि अनुरोध गरिएको छ।

बालसंगठनका बाल मन्दिरहरूबाट सुरु भएको बालबालिकालाई धर्मपुत्र-पुत्रीका रूपमा विदेश पठाउने चलन २५ वर्ष अवधिमा व्यवसायमै परिणत भइसकेको छ। केही बालगृहहरू 'म्यानपावर कम्पनी'कै शैलीमा बालबालिकालाई विदेशी 'आमाबाबु'को जिम्मा लगाइरहेका छन्।

तर, विदेशमा जस्तो यहाँ कुनै वैधानिक संस्था वा व्यक्ति यो काममा लागेका छैनन्। विदेशका वैधानिक एजेन्सीमार्फत विदेशी दम्पती नेपाल आएपछि धर्मपुत्र-पुत्री लैजान उनीहरू भूमिगत व्यक्तिकै इसारामा चल्छन्। ती नेपाली एजेन्टबारे उनीहरू बताउन पनि चाहँदैनन्।

बाल संगठनबाहेक गैरसरकारी संस्थाका रूपमा सञ्चालित डेढ दर्जन बालगृह अहिले धर्मपुत्र-पुत्री दिन कम्मर कसेर लागिरहेका छन्। रोचक कुरा त के छ भने अधिकांश बालगृहका सञ्चालक बालसंगठनकै पूर्वकर्मचारी वा पदाधिकारी छन्।

यो काममा विदेशी एजेन्सी र नेपालका बालगृहबीच मध्यस्थकर्ताहरूले काम गर्छन्। रकमको दरभाउ तोक्नेदेखि बाँडफाँडसम्म तिनै

**धर्मपुत्र-पुत्रीसम्बन्धी कानुन, अभिसन्धिहरू, विश्वव्यापी मान्यतालाई उल्लंघन गर्दै आवेदक बाबुआमालाई खसीबोकाको शैलीमा बच्चा छान्न दिएर ठूलो धनराशि चलखेल हुने गरेको छ । त्यसबाहेक मन्त्रालय, सिडिओ कार्यालय, प्रक्रियागत खर्चका नाममा वकिलले राम्रै धनराशि असुल्ने गरेका छन् ।**

### धर्मपुत्र पठाउने अगुवा बालगृहहरू

| | |
|---|---|
| नेपाल बालसंगठन | नक्साल |
| चिल्ड्रेन्स होम | जाउलाखेल |
| समुदाय वातावरण तथा बाल विकास संघ | नक्साल |
| स्वस्तिक महिला तथा बालबालिका संरक्षण संस्था | चाबहिल |
| प्रयास नेपाल | विशालनगर |
| माइती नेपाल | गौशाला |
| प्रयास नेपाल | बालुवाटार |
| अनाथ बालबाटिका संघ | भैंसेपाटी |
| सगरमाथा चिल्ड्रेन्स होम | चाबहिल |
| हेल्पलेस चिल्ड्रेन्ट एजुकेसनल सेन्टर | धापासी |
| चिल्ड्रेन्स वेलफेयर सेन्टर | मानभवन |
| सोसाइटी फर इचअदर | रातोपुल |
| पञ्चकन्या चिल्ड्रेन्स वेलफेयर डेभलपमेन्ट | भक्तपुर |
| नेपाल चिल्ड्रेन्स वेलफेयर सर्भिस सेन्टर | ललितपुर |
| स्वस्तिक होम | धुम्बाराही |
| नेपाल असहाय बालघर | काठमाडौं |
| मदरहुड केयर नेपाल | कुमारीपाटी |
| सहयोगी सञ्जाल | कुपण्डोल |
| भरोसा नेपाल | टीकाथली |




समय

धर्मपुत्र/पुत्री बिदेसिने नाउँमा व्यापार भइरहेको छ : उपेन्द्रकेसरी न्यौपाने

मध्यस्थकर्ताले गर्छन् । कानुनी प्रक्रिया मिलाउन केही वरिष्ठ वकिल नै संलग्न रहेको बुझिएको छ । प्रशासन कार्यालयमा मिलाउने र फारम भरेबापत औसत १ हजार डलर शुल्क वकिलहरूले लिने गरेको पाइएको छ । नेपाली मध्यस्थकर्ता र बालगृहको भागमा कम्तीमा दुई-दुई हजार डलर पर्छ ।

बाल संगठनले प्रतिबालक कम्तीमा २ हजार ७ सय डलरको दरभाउ तोकेर यसलाई पुष्टि गरेको छ । बालमन्दिरमा धर्मपुत्र-पुत्री पठाउने शाखा आकर्षक मानिन्छ । बालमन्दिर वा अन्य बालगृहबाट बालबालिका लैजानेले ३ सय डलर 'मनिटरिङ फी' तिर्नुपर्छ, जुन रकम बालसंगठनमा जम्मा हुन्छ । अनुगमन कार्य भने औपचारिकता र विदेश घुम्ने अवसरबाट माथि उठ्न सकेको छैन ।




धर्मपुत्र-पुत्रीका रूपमा बालबालिका विदेश पठाउनेमा पहिलो नम्बरमा बालसंगठनको नाम आउँछ । दोस्रो नम्बरमा उत्तर टमटाको बालगृह थापाथली पर्छ । उक्त संस्थाले गत वर्षमात्र १ सयभन्दा बढी बालबालिका धर्मपुत्र-पुत्री बनाएर पठाएको थियो । टमाटा राजाको शासनकालमा कर्णाली अञ्चल प्रशासक थिए ।

त्यसपछि समुदाय वातावरण तथा बाल विकास संघ (ओसिड नेपाल) नक्साल, असहाय बालबालिका संरक्षण गृह सामाखुसी, स्वस्तिक महिला तथा बालबालिका संरक्षण संस्था चाबहिल र प्रयास नेपाल विशालनगरको नाम धर्मपुत्र-पुत्री बढी पठाउने संस्थाका रुपमा छन् । यी सबै संस्था बालसंगठन सम्बद्ध व्यक्तिहरूसँग सम्बन्धित छन् ।

मुलुकी ऐन धर्मपुत्रको महल दफा १२ (क)को अधिकार प्रयोग गरी सरकारले विदेशीलाई धर्मपुत्र-पुत्री दिने गरेको छ । 'नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र-पुत्रीका रूपमा प्रदान गर्ने सम्बन्धमा बनेका सर्त तथा प्रक्रिया २०५७ अनुसार विदेशीलाई जिम्मा लगाउने गरेको छ ।

उक्त सर्त तथा प्रक्रियामा धर्मपुत्र लान तत्पर हुने विदेशी नागरिकको आर्थिक हैसियत, चारित्रिक विवरण, सम्बन्धित मुलुकको सहमतिपत्र, दूतावासको 'ग्यारेन्टी लेटर'लगायतका कागजात अनिवार्य छ । यसमा नेपाल बालसंगठन र अन्य बालगृहरूले अपनाउनुपर्ने प्रक्रियामा सामान्य भिन्नता छ । बालमन्दिरले धर्मपुत्र-पुत्री दिँदा संगठनले निर्णय गरी बालबालिका मन्त्रालयमा पठाउँछ । अन्य गैरसरकारी बालगृहहरू जिल्ला प्रशासन कार्यालयमार्फत मन्त्रालय जान्पर्छ । मन्त्रालयको सिफारिस समितिले कागजी र कानुनी विधि पूरा गरी सचिवलाई निर्णय दिन्छ । सचिवस्तरीय निर्णय भएपछि बालबालिका विदेशी हुन्छन् र उनीहरूलाई कर्म दिने बाबुआमाको जिम्मा लगाइन्छ ।

धर्मपुत्र-पुत्री ग्रहण गर्न खोज्ने बाबुआमा र बच्चाको उमेरको अन्तर कम्तीमा तीस वर्ष हुनुपर्ने, आवेदन दिने बाबुआमाको विवाह भएको चार वर्षसम्म पनि सन्तान नभएको र एकजना बाँझो हुनुपर्ने अधारभूत सर्त हो । ३५ देखि ५५ वर्ष उमेर भएकी एकल महिलाले पनि बच्चा ग्रहण गर्न सक्छिन् तर अविवाहित वा विधुर पुरुषले धर्मपुत्र-पुत्री ग्रहण गर्न सक्दैनन् । ■

# बढ्दै छ आगो

**मधेसमा प्रदर्शन र हिंसा भड्काइरहेको समूहलाई सरकारलगायत सात राजनीतिक दलले वार्ताका लागि आह्वान गरेका छन् भने माओवादीले अध्यक्ष प्रचण्डले गल्ती स्वीकार गरिसकेका छन् । तर, मधेसमा भड्किएको हिंसा सजिलै साम्य हुने देखिँदैन ।**

**विश्वमणि पोखरेल/काठमाडौं, श्यामसुन्दर यादव/लहान**
तस्वीरहरू : श्यामसुन्दर यादव

**नेपालगन्जमा** एक महिनाअघि भड्किएको साम्प्रदायिक दंगाको आगो निभ्न नपाउँदै पूर्वी तराईमा नयाँ आन्दोलन चर्किएको छ । जनतान्त्रिक तराई मुक्तिमोर्चाको नाममा सशस्त्र आन्दोलनको चपेटामा परेको पूर्वी मधेसका सिरहा, सप्तरी लगायतका जिल्ला मधेसी जनाधिकार फोरमको 'शान्तिपूर्ण' आन्दोलनबाट नराम्ररी प्रभावित बनेको छ । लहानमा बुधवारसम्म कम्तीमा ६ जना प्रदर्शनकारी र सर्वसाधारण मारिएको हिंस्रक आगो कसरी निभ्ने हो भन्ने चिन्ता छाएको छ, मधेसी समुदायमा । सिंगो तराई आतंकित हुनुमा माओवादी पक्ष र सरकारलाई एकातिर जिम्मेवार ठहराइँदै छ भने अन्तरिम संविधानको विरोधमा सुरु भएको आन्दोलन कसको बलमा संचालन भइरहेको छ भन्ने गम्भीर प्रश्न पनि उपस्थित भएको छ ।

घटनाहरूको आधारमा सिरहा जिल्लाको लहान घटनाका प्रमुख जिम्मेवार माओवादी हुन् । लहानमा माघ ५ मा माओवादी नेता राम कार्कीको आवागमन खोल्ने विवादमा फोरमका कार्यकर्तासँग माओवादी झडपको उग्ररुप लहान आन्दोलनको पूर्वाधार हो । प्रहरीको सुरक्षामा माओवादी झन्डा फहराउँदै चितवन हिँडेका नेता कार्कीको यात्रा खोल्न माओवादी छापामार सियाराम ठाकुरले चलाएको गोलीबाट रमेश महतोको मृत्यु भएपछि



बल्भिmएको हिंसामा थप ५ मधेसीले ज्यान गुमाइसकेका छन् भने तोडफोडमा अरबौं रुपैयाँ बराबरको क्षति भएको छ । मधेसीको हकअधिकारका लागि केन्द्रित आन्दोलन अहिले माओवादीविरुद्धको आन्दोलनमा रुपान्तरण हुन पुगेको छ ।

लहान घटनामा प्रमुख राजनीतिक दलका कतिपय स्थानीय नेता तथा कार्यकर्ताहरू सहयोगी बन्न पुगेका छन् भने जनतान्त्रिक तराई मुक्तिमोर्चाको समर्थनले आन्दोलनमा हिंसा प्रवेश भएको विश्लेषण हुन थालेको छ । फोरममा अध्यक्ष उपेन्द्र यादव भने मोर्चाको सहयोग र सहकार्य नभएको दाबी गर्छन् । उता, जनतान्त्रिक तराई मुक्तिमोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले माघ ७ गते विज्ञप्तिमार्फत आन्दोलनप्रति ऐक्यबद्धता जनाएका छन् । गोइतले आन्दोलनमा सरिक हुनसमेत आह्वान गरेका छन् । त्यस्तै जनतान्त्रिक तराई मुक्तिमोर्चाको अर्को समूह ज्वाला सिंहले समेत आन्दोलनप्रति ऐक्यबद्धता जनाएको छ ।

हिंसाकै कारण माघ २ गतेदेखि अवरुद्ध राजमार्ग अहिलेसम्म अवरुद्ध छ । मधेसी जनअधिकार फोरमका कार्यकर्ता एवं मधेसी समुदायहरूले दर्जनौं ठाउँमा रूख ढाली अवरोध पु¥याएका छन् । लहान घटनाकै विषयलाई लिएर सिरहा सदरमुकाम तथा मिर्चैया बजार पनि दिनहुँ तनावग्रस्त बन्ने गरेको छ । सिरहामा पनि कर्फ्यु जारी गरिएको छ । सोही घटनालाई लिएर सप्तरी, सुनसरी, सर्लाही, रौतहट, जनकपुर, नेपालगन्ज लगायतका जिल्लामा प्रदर्शन जारी छन् । तराईका जिल्लाहरूको व्यापार, व्यवसाय, शैक्षिक संस्थान लगायतका सम्पूर्ण कामकाज ठप्प छन् । दिनभरि बजार सुनसान देखिए पनि दिउँसोतिर सडकमा विरोध जुलुस, मसाल जुलुस, पुतला दहन र विरोध सभा भइरहेको देखिन्छ ।

मधेसमा प्रदर्शन र हिंसा भड्काइरहेको समूहलाई सरकारलगायत सात राजनीतिक दलले वार्ताका लागि आह्वान गरेका छन् भने माओवादीले अध्यक्ष प्रचण्डले गल्ती स्वीकार गरिसकेका छन् । तर, मधेसमा भड्किएको हिंसा सजिलै साम्य हुने देखिंदैन । फोरमका अध्यक्ष यादव गृहमन्त्रीको राजीनामा वार्ताको प्राथमिक सर्त भएको उल्लेख गर्छन् । काग्रेस संसदीय दलको मंगलवार भएको बैठकमा उपसभापति सुशील कोइरालाले समेत गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामा माग गरेका थिए । तर, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सिटौलाको बचाउ गर्ने नीति अख्तियार गरेका छन् । प्रधानमन्त्रीको हैसियतमा लहान घटनाको जिम्मेवारी स्विकार्दै कोइरालाले माओवादीले गल्ती गरेकोमा आक्रोश व्यक्त गरेका छन् । आठ दलका नेताहरूसँग माघ १० मा भएको चियापान कार्यक्रममा कोइरालाले वार्ताको पक्षमा आफूलाई लचिलो भएर प्रस्तुत गरेका थिए । 'मुलुक सबैको हो, वार्ताबाट समाधान गर्नुपर्छ' भन्नेमा कोइरालाले जोड दिएका थिए । स्रोतका अनुसार माओवादीले भने लहान घटनालाई षड्यन्त्रको रुपमा मात्र विश्लेषण गर्ने गरेका छन् ।

अन्तरिम संविधानमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तोक्नुपर्ने र समानुपातिक प्रतिनिधित्वका आधारमा संविधानसभाको निर्वाचन हुनुपर्ने प्रजातान्त्रिक प्रकृतिका मागहरू मात्र छैनन्, फोरम र सरकारमा समेत रहेको एउटा घटक नेपाल सद्भावना पार्टी (आनन्दी देवी)को । तराई जनतान्त्रिक मुक्तिमोर्चा गोइत समूहको पृथकतावादी चर्का नारा, ज्वाला सिंहको हिंसा, अपहरण, चन्दा असुली र पहाडिया विरोधी हिंसाबाट प्रभावित मधेसको राजनीति पेचिलो बन्दै गएको छ । मधेसका नेताहरू समयमा समस्याको समाधान नगरे स्थिति विकराल हुने संकेत गरिरहेका छन् । यता काठमाडौंमा लहानमा फैलिएको हिंसाको विरोधमा वक्तव्यबाजी गर्ने काम भइरहेको छ भने बन्द कोठामा 'बलिदान' नभई अधिकार पाइँदैन भन्ने मान्यतामा मधेसमा फैलिएको आगो फैलाउन बौद्धिक चिन्तन गर्नेहरूको संख्या पनि ठूलो छ । प्रमुख राजनीतिक दलसँग आबद्ध कतिपय नेताहरूले समेत औपचारिक वक्तव्यमा विरोध गर्ने तर भित्रभित्रै हिंसाको समर्थन गर्ने दोहोरो नीति अख्तियार गरेको पाइन्छ । केही महिनादेखि काठमाडौंमा सबै खाले मधेसीहरूको मोर्चा निर्माण गर्ने अभ्यास नभएका होइनन्, तर केही सातायता उपेन्द्रलाई 'नेता' मान्ने कतिपय बौद्धिकहरू उनीबाट टाढिदै गएको अवस्था पनि देखिएको छ ।

केही समयदेखि उपेन्द्रको आन्दोलनमा दरबारिया शक्ति र भारतीय हिन्दुवादी संगठनले ऊर्जा थपेको आरोप लाग्ने गरेका छन् । आरोपहरूका पछाडि केही आधार नभएका होइनन् । यादवको साथमा राजा ज्ञानेन्द्रको शासनमा मन्त्री बनेका सद्भावना पार्टी (बद्री मण्डल)का केन्द्रीय अध्यक्ष लक्ष्मणलाल कर्ण, केन्द्रीय नेताहरू, पूर्वपञ्चहरूको सहकार्यले शंका गर्ने ठाउँ देखिएको छ । भारतको हिन्दुवादी संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)सँग आबद्ध नेपालको विश्व हिन्दुसंघको भरत केशर समूहका मानिससँग पनि उपेन्द्रको गहिरो हिमचिम भएको स्रोतहरू बताउँछन् । यादव स्वयं भने यी सबै आरोप मिथ्या भएको बताउँछन् । आरएसएस नेपालमा प्रजातान्त्रिक राजनीतिक प्रणालीको पक्षमा भए पनि नेपाल हिन्दु धर्मनिरपेक्ष राज्य नै रहनुपर्ने भन्नेमा चिन्तित संगठन हो ।

नेपालका राजनीतिक दलहरूमा भारतको सत्तामा रहेका शक्तिसँग जायज/नाजायज सम्बन्ध बढाउने प्रयास सबै दलका नेताले बेला बेलामा गर्ने गरेका छन् । यादवले आरएससँग सहयोगको हात फैलाएको हो भने आश्चर्य नमाने हुन्छ । तीन वर्षअघि भाजपा सत्तामा भएका बेला माओवादी नेता कृष्णबहादुर महराले अयोध्यामा राममन्दिर बन्नुपर्छ भन्ने मान्यता राखेका थिए । महराको त्यो मान्यतालाई भारतीय अखबारहरूले प्रमुखताका साथ स्थान दिएका थिए । यादवको 'दरबारिया'सँग साँठगाँठ रहेको आधार उनको बद्री मण्डलका पार्टीका मानिसहरूसँगको बढी सम्बन्ध पनि एक हो । यादव माओवादीका पुराना नेता हुन् र प्रजातन्त्रवादीविरुद्ध दरबारसँग रणनीतिक सन्तुलन कायम गरेको माओवादीको पुरानो पाठ उनले पनि सिकेका हुन सक्छन् । यादवलाई आफ्नो संगठनको प्रभाव बढाउन जस्तोसुकै शक्तिको समर्थन र सहयोग आवश्यक छ । तीन वर्षअघि विभिन्न प्रमुख राजनीतिक दलसँग आबद्ध तर



असन्तुष्ट नेताहरूको 'मोर्चा' बनाएर फोरमलाई पुनर्जीवन दिएका उपेन्द्रलाई अहिले पार्टीका नेताहरूले भने नसघाएको अवस्था छ । यादवले गत कात्तिकमा फोरमको संगठनमा व्यापक परिवर्तन पनि गरेका छन् । पछिल्लो संगठन विस्तारमा राजावादीहरूको उल्लेख्य प्रवेश भएको जानकारहरू बताउँछन् । चार महिना अघिसम्म फोरमको केन्द्रीय सदस्यको हैसियत राख्ने पत्रकार रामरिझन यादवले आफ्नो सम्पादकत्वको पूर्व साप्ताहिक पत्रिकाको माघ ५ को अंकमा 'फोरममा राजावादीको घुसपैठ' शीर्षकमा समाचार प्रकाशित गरेका थिए । रामरिझन भन्छन्, 'राजावादीको घुसपैठ बढेपछि मैले फोरम छोडिदिएँ, अरू धेरै उपेन्द्रबाट टाढिएका छन् ।' रामरिझन उपेन्द्रको विभिन्न शक्तिकेन्द्रसँगको सम्बन्ध रहस्यमय बनेको बताउँछन् ।

## लहान घटनाको नालीबेली

माघ १ मा जारी अन्तरिम संविधान मधेसी जनताका लागि षड्यन्त्रपूर्ण रहेको आरोप लगाउँदै मधेसी जनअधिकार फोरम नेपालद्वारा माघ २ गते मधेस बन्दको घोषणा गरेको थियो भने सोही दिन फोरमका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव, अमरेशनारायण झा सहितका मधेसी नेताहरूले अन्तरिम संविधानको असहमतिका केही बुँदा सिंहदरबारअगाडि जलाउने कार्यक्रम राखे । माइतीघर मण्डलाबाट प्रहरीले यादव लगायतका २८ जनालाई नियन्त्रणमा लियो । काठमाडौंमा नेताहरू पक्राउलाई लिएर सिरहा र सप्तरी लगायतका जिलामा मधेसी जनअधिकार फोरमको आह्वानमा विरोध प्रदर्शनसहित बन्द तथा हड्तालका कार्यक्रमले गति लिँदै गएका थिए ।

माओवादी केन्द्रीय नेता राम कार्की सहित माओवादी कार्यकर्ताहरू पूर्वपश्चिम महेन्द्र राजमार्ग हुँदै चितवनतर्फ जाने क्रममा लहान आइपुगे । त्यस दिन फोरमले बजार बन्द तथा चक्का जाम आह्वान गरेको थियो । फोरम निकटका युवा एवं विद्यार्थी फ्रन्टका कार्यकर्ताहरूले माओवादी नेता चढेको गाडीलाई जान नदिने भन्दै रोक्न खोज्दा माओवादी कार्यकर्ता सियाराम ठाकुरले एक राउन्ड हवाई फायरिङ गरेपछि अन्धाधुन्द गोली चलाए । गाडी अगाडि बढ्न दिँदैनौं भन्दै गाडीलाई रोक्न खोज्दा लहानस्थित मनोकामना इङलिस बोर्डिङ स्कुलका १६ वर्षीय छात्र रमेशकुमार महतो माओवादीद्वारा चलाइएको गोली लागी तत्कालै भुइँमा ढल्न पुगे ।

गोली लागी छात्र महतोको घटनास्थलमै मृत्यु भएपछि आक्रोशित जनसमुदायले माओवादी कार्यकर्ता ठाकुरलाई निर्घात कुटपिट गरे । इलाका प्रहरी कार्यालय लहानबाट खटिएका प्रहरीले ठाकुरलाई नियन्त्रण लिए । तर, सयौंको संख्यामा रहेका फोरमका कार्यकर्तासहित स्थानीय बासिन्दाले लखेट्दै माओवादी कार्यकर्ता चढेका दुईवटा मिनी बसमा आगो लगाए । माओवादी नेता कार्की चढेको गाडी आक्रमणबाट बच्न प्रहरीको सहयोगमा उदयपुरतर्फ हुइँकियो । फोरम केन्द्रीय सदस्य कृष्णबहादुर यादवको नेतृत्वको टोलीले माओवादीको आक्रोश नजिकै थन्किएका अग्नि यातायातका ३, ज्वाला ट्राभल्सका २, मितेरी यातायातका ३, मालवाहक ट्रक २, जिप १, राजस्व तथा अनुसन्धान कार्यालयको जिप २ गरी २१ वटा सवारीमा आगजनी गरेर पोखे । फोरमको ज्यादती बढेपछि प्रशासनले कर्फ्यु घोषणा गर्‍यो । प्रहरी कारबाहीमा

# सरकारले बलेको आगोमा घ्यू थप्यो



उपेन्द्र यादव, अध्यक्ष
मधेसी जनाधिकार फोरम

**अन्तरिम संविधानको विरुद्धमा सडकमा उत्रिएको मधेसी जनाधिकार फोरमको आन्दोलन भड्किएर दुई सातादेखि पूर्वी मधेस प्रभावित बनेको छ । पत्रपत्रिकामा राम्रै चर्चा हुने गरे पनि सांगठनिक आधारमा मधेसमा बलियो उपस्थिति नभएको फोरम अहिले मधेसी आन्दोलनको अगुवा जस्तै बनेको छ । मुख्य शत्रुका विरुद्ध मित्र शक्तिबीच एकताको दर्शनबाट प्रभावित फोरमका अध्यक्ष उपेन्द्र यादवको आन्दोलनमा भारतीय हिन्दुवादी संगठन र राजावादीले समेत सघाएको आरोप लागिरहेको छ । यादव भने माओवादी र गृहमन्त्रीले आन्दोलनको आगोमा घिउ थप्ने गरेको बताउँछन् । गृहमन्त्रीको राजीनामाको न्यूनतम सर्तमा पूरा भएमा मात्र वार्ता हुने उनको अडान छ । समयका लागि *विश्वमणि पोखरेलले* गरेको टेलिफोन वार्ता :**

**प्रश्न : अहिले मधेस भड्किएको छ । घटनाहरूलाई कसरी लिइरहनुभएको छ ?**

यादव : २ सय ३८ वर्षदेखि आन्तरिक उपनिवेश जस्तै राखिएको, राज्यको विभेदकारी नीतिको विरोधमा उर्लिएको आन्दोलन र आक्रोश हो यो । मधेसका जनताले जनआन्दोलनमा भूमिका खेलेका थिए र राजनीतिक परिवर्तनपछि धेरै आशा गरेका थिए । तर अन्तरिम संविधानमा मधेसको आवाज र माग सम्बोधन गरिएन । अन्तरिम संविधानले मधेसको मुद्दालाई राष्ट्रिय मूलधारको राजनीतिमा समाहित गर्न सकेन । मधेसका जनताले २ सय ३८ वर्षदेखि जुन पीडा भोग्दै आएका थिए, त्यसको निराकरण गर्ने प्रयास गरिएन । बाध्य भएर सुरु भएको आन्दोलन हो यो । आन्दोलनको कार्यक्रम एक दिन मधेस बन्द गर्ने, संविधान जलाउने मात्र थियो, तर विरोधलाई दबाउने सरकारी नीति र लहानमा माओवादीबाट गोली प्रहार गर्ने कामले आन्दोलन भड्किएको हो । यसले मधेसी जनआन्दोलनको रुपमा लिएको छ । यो मधेसको मुक्ति आन्दोलन हो ।

**प्रश्न : तपाईंहरूको मुख्य राजनीतिक माग के हो ?**

यादव : अन्तरिम संविधान र संविधानसभाको निर्वाचन सबै नेपालीको हो भन्ने भावना देखाउनुपर्‍यो । हाम्रा जस्तै समस्या जनजातिका पनि छन् । हाम्रो माग संघीय शासन प्रणाली, स्वायत्त शासन, समानुपातिक प्रतिनिधित्व, संविधानसभाको समानुपातिक निर्वाचन, राज्यको हरेक अंगमा मधेसीको साझेदारी र सहभागिता ।

**प्रश्न : यी राजनीतिक मुद्दाहरू त संविधानसभाले टुंगो लगाउने विषय होइनन् र ?**

यादव : अन्तरिम संविधानमा राज्यको पुनर्संरचना गर्ने भनिएको छ । त्यसमा राज्यको पुनर्संरचनामा संघीय संरचना हुने र समानुपातिक निर्वाचन प्रणाली भने भइहाल्यो नि ? अब संविधान संशोधन गरेर यी कुरा राख्नुपर्छ ।

**प्रश्न : कस्तो खाले संघीय गणतन्त्र ? कसरी निर्माण गर्ने संघीयराज्य ?**

यादव : जाति, भाषा, संस्कृति, भूगोल, आर्थिक आधार, पुर्ख्यौली भूमिका आधारमा विभिन्न प्रान्तहरू हुनुपर्छ । तराई र भित्री मधेसको पनि त्यस्तै प्रान्तीय सरकार हुनुपर्छ । प्रत्येक प्रान्तमा त्यहाँका जनताको प्रतिनिधित्व हुनुपर्छ । समावेसी चरित्रको संघीय संरचना हुनुपर्छ र केन्द्रीय सत्तामा सबैखाले प्रतिनिधित्व हुनु पर्छ ।


**प्रश्न : तपाईंहरूको आन्दोलनलाई सरकारले सम्बोधन गरिसकेको अवस्था छ ? सरकारको प्रस्तावलाई कसरी लिनुभएको छ ।**

यादव : हामीले वार्ताबाट समाधान गर्नुपर्छ भन्दै आएका छौं । हामी वार्ताका पक्षधर हौं, तर

कृष्णबहादुर यादव समेत आधा दर्जन व्यक्ति घाइते भए। कृष्ण तीन वर्षअघि आर्थिक हिनामिनाको आरोपमा माओवादीबाट निकालिएका थिए भने केही महिना अघिसम्म जनतान्त्रिक मुक्तिमोर्चाको नाममा चन्दा आतंक मचाउने अगुवामध्येका हुन्।

कर्फ्युको अवज्ञा गर्दै प्रदर्शनकारीले नेकपा माओवादीको सम्पर्क कार्यालयमा आगजनी गरी झन्डा/फर्निचरलगायत सम्पूर्ण कागजात जलाइदिए। लहान चोकमा प्रहरीले हवाइफाइरिङ गर्न थालेपछि भित्री बजारमा रहेको राजस्व तथा अनुसन्धान कार्यालय भवन र कार्यालयको दुई जिपमा समेत आगजनी गरे।

भोलिपल्ट मृतक महतोको शवलाई लहान बजार परिक्रमा गराई राजमार्गमा रहेको लोकतान्त्रिक चोकमा श्रद्धाञ्जलीका लागि राखियो। त्यस क्रममा प्रहरी र प्रदर्शनकारीबीच पटक-पटक झडप भइरह्यो। मृतक महतोलाई सहिद घोषणा गर्नुपर्ने, पीडित परिवारलाई २५ लाख क्षतिपूर्ति, अपराधीलाई आजीवन कारावास, गृहमन्त्रीको राजीनामा, प्रधानमन्त्री र माओवादी अध्यक्ष प्रचण्डले माफी माग्नुपर्ने माग थिए।




आक्रोशित मधेसी जनताहरू

सरकार वार्ताका लागि मानसिक रुपमा तयार भएर आउनुपर्‍यो। वार्ताको वातावरण बनाउन हाम्रा दुईवटा सर्त छन्। लहानमा गोली चलाएर रमेश महतोको हत्या गर्नेलाई कानुनी कठघरामा ल्याउनुपर्‍यो। गृहमन्त्रीले राजीनामा दिनुपर्‍यो। उनी नेपालगन्ज घटना, संविधानको विरोध गर्दा पक्राउ गरेर हामीलाई यातना दिने काममा जिम्मेवार छन्। नेपालगन्ज र लहानमा भएका घटनाको जिम्मेवारी लिँदै गृहमन्त्रीले राजीनामा दिएमा वार्ताको बाटो सजिलो हुन्छ।

**प्रश्न : सरकारले औपचारिक रुपमा आग्रह गरेको छ ? वार्तामा सहभागी भएर आफ्ना कुरा राखे भएन र ?**

यादव : यसलाई वातावरण भन्न मिल्दैन, वातावरण बनेको ठहरिँदैन। हाम्रो वार्ताको वातावरण बनाउने सर्तलाई प्रधानमन्त्रीले गम्भीरतापूर्वक लिन आवश्यक छ। फेरि सरकारको वार्ताको प्रस्ताव औपचारिक रुपमा पाएका छैनौं। हामी सरकारको पत्र पर्खिरहेका छौं। दाउपेच गरेर आन्दोलन तुहाउन कोसिस गरियो भने आन्दोलनले विकराल रुप लिन्छ। संवेदनशील भएर बुझ्न जरुरी छ। लापरवाही गरियो भने प्रतिगमनकारी शक्तिलाई फाइदा पुग्न सक्छ। समस्या समाधान गर्ने गरी सरकार आओस् हामी वार्ताद्वारा समस्या समाधान गर्न तयार छौं। कुरा गरेर मात्र पुग्दैन, व्यवहारमा देखिनुपर्‍यो वार्ता गर्ने सोच।

**प्रश्न : तपाईंका सर्त मानेर सरकारले वार्ता अघि बढाएको अवस्थामा पनि जनतान्त्रिक मुक्तिमोर्चाको नाममा भइरहेको हिंसा के हुन्छ ? उनीहरू पनि वार्तामा आउँछन् ?**

यादव : उनीहरूलाई पनि ल्याउने प्रयास गर्नुपर्छ। मलाई विश्वास छ, उनीहरू वार्तामा आउँछन्। उनीहरू पनि वार्ताका पक्षमा देखिएका छन्।

**प्रश्न : फोरमको विरोधमा तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह र गोइत) दुवैको अप्रत्यक्ष सहयोग छ भन्ने आरोप छ नि ?**

यादव : कुनै किसिमको सहयोग छैन। हाम्रो सल्लाह भएको छैन, सहमति बनेको छैन। अब आन्दोलनको भीडमा को को हुन्छन्, तीनको लाइसेन्स हेर्ने कुरा भएन।

**प्रश्न : तपाईंको फोरमको मधेसमा यति ठूलो आन्दोलन गर्ने हैसियत त देखिँदैन। कसको बलमा चल्दै छ आन्दोलन ?**

यादव : हाम्रो आन्दोलन चलिरहेकै थियो। माओवादीले गोली चलाएर हत्या गर्ने काम गरे। गृहमन्त्रीले गोली चलाएर दबाउने काम गर्न खोजे। यी दुई घटनाबाट आन्दोलन उठ्यो। आगो बलिरहेको थियो, माओवादी र सरकारले त्यसमा घिउ थप्ने काम गरे।

**प्रश्न : यो आन्दोलन माओवादीविरुद्ध केन्द्रित छ भनिन्छ नि ?**

यादव : माओवादीविरुद्ध कहीँकहीँ आक्रोश पनि छ। उनीहरूले रमेश महतोको लास लुट्ने काम गरे, त्यो नराम्रो काम हो। मुर्दालाई हतियार देखाएर हुन्छ ? त्यो नराम्रो काम हो।

**प्रश्न : तपाईंको सम्बन्ध त भारतको हिन्दुवादी संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) सँग छ भन्ने आरोप छ नि ? कस्तो हो सम्बन्ध ?**

यादव : आन्दोलनका बेलामा भ्रम पार्ने प्रयास भएका छन्। भारतले त अहिलेको सरकारलाई सहयोग गरिरहेको अवस्था छ, हामीसँग कसरी सम्बन्ध हुन्छ। भारतले मधेसको समस्यालाई कहिल्यै पनि संवेदनशील भएर लिएको छैन।

**प्रश्न : भारतको गोरखपुर र रक्सौलमा आरएसएसले आयोजना गरेका कार्यक्रममा तपाई पनि सहभागी हुनुहुन्थ्यो भनेर विभिन्न प्रश्न उठाइँदै छ ?**

यादव : सीमाजागरण मञ्चले आयोजना गरेको कार्यक्रम हो। म मात्र होइन, नेपालका थुप्रै मानिस गएका थिए। नेपाली कांग्रेस र एमालेका मानिस पनि थिए। त्यो त गोष्ठी थियो। मैले त्यहाँ पनि नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनुपर्छ भनेर भनेको थिएँ।

**प्रश्न : काठमाडौंको मण्डलामा संविधान जलाउने कार्यक्रममा राजाको सत्ताको समर्थकहरूको राम्रो उपस्थिति देखिन्थ्यो नि ?**

यादव : अन्तरिम संविधानप्रति मधेसका असहमत पक्षका मानिसहरू आएका थिए। धेरै मानिस आउँछन्। हाम्रो मोर्चा घोषणा भएको त छैन नि अहिलेसम्म। संविधानको विरोध गर्न आएकाहरूलाई नआओ भन्न त मिलेन।

**प्रश्न : मोर्चा बनाउने अवधारणा कहाँ पुग्यो ?**

यादव : लोकतान्त्रिक मधेसीहरूको मोर्चा बन्ने कुरा छ। मोर्चा विकास हुने क्रममा छ। मोर्चामा सबै मधेसीमा साझा आन्दोलन गर्छ। मोर्चामा सबैखाले अनुहार देखिनेछन्।

**प्रश्न : तपाईंको आन्दोलनले मधेसमा साम्प्रदायिकता भड्कने खतरा पनि देखिँदै छ नि ?**

यादव : मधेसी साँच्चिकै साम्प्रदायिक होइनन्। मधेसीमाथि शंका नगरौं। कसैले भाँड्न सक्छन्। हामी सचेत छौं। हाम्रो आन्दोलन साम्प्रदायिक होइन र हुनै सक्तैन, यस कुरामा म प्रतिबद्ध छु। ■



घटनामा आफ्ना प्रियजन मारिएपछि विह्वल बनेका आफन्तहरू

घटनालाई साम्य पार्न माओवादी केन्द्रीय सदस्य एवं मधेसी राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष मातृका यादव शनिवार बिहानै सिरहा पुगेका थिए, तर उनी घटनास्थल पुग्न सकेका थिएनन्। मातृकाको निर्देशनमा शनिवार राति २५-३० वटा मोटरसाइकलमा आएका माओवादीहरूले पाल टाँगेर बसेकाहरूलाई कुटपिट गर्दै महतोको शव नियन्त्रणमा लिए। माओवादीहरूले शव लगी अज्ञात अवस्थामा जलाए। शवलाई आफूहरू राजीखुसीले बुझिलिएको भनी उल्लेख गरिएको कागजमा सहीछाप गराएर केही सञ्चारमाध्यमलाई सोही मनसायको समाचार लेख्न दबाब पनि दिइयो। मृतक महतोको शवलाई अपहरण गरी बेपत्ता पारेको भन्दै पुनः लहानवासीसहित फोरमका कार्यकर्ता आइतवार उग्र भई प्रदर्शनमा उत्रिए।

प्रदर्शनकारीले इलाका हुलाक कार्यालय, नेपाल खाद्यसंस्थानको अञ्चल कार्यालय, कृषि विकास बैंक, यातायात व्यवस्था कार्यालय, जिल्ला वन कार्यालय, इलाक प्रशासन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भूमिगत जलस्रोत विकास परियोजना फिल्ड कार्यालय, नगरपालिका, ग्रामीण विकास बैंकसहित झन्डै डेढ दर्जन कार्यालयमा आगजनी गरे। आगजनीबाट कार्यालयको सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन् भने अधिकांश कार्यालयका भवन कामै नलाग्ने अवस्थामा छन्।

नेपाल खाद्य संस्थान अञ्चल कार्यालयको सम्पूर्ण खाद्यान्न सामग्री, भवन, मोटरसाइकल-७, कम्प्युटर २, फ्रिज, भ्यान-१ गरी एक करोडभन्दा बढीको क्षति भएको लेखाअधिकृत रामनारायण यादवको भनाइ छ। इलाका प्रशासन कार्यालयको भवनसहित सम्पूर्ण कागजात जलेर नष्ट भएको छ। २०४६ सालदेखि हालसम्म २ लाख व्यक्तिको नागरिकता रेकर्ड पूर्ण रुपमा जलेको छ। जिल्ला वन कार्यालयको बा. १ झ २६५० नम्बरको नयाँ गाडीसहित भवनको भित्री भाग आगजनीबाट पूर्ण रुपमा क्षतिग्रस्त भएको छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको बा. १ झ ११ नम्बरको गाडीसहित भवन, राजस्व अनुसन्धान कार्यालय र यातायात व्यवस्था कार्यालयको सम्पूर्ण भित्री भाग जलेको छ।

शुक्रवारदेखि तनावग्रस्त रहेको लहान बजारमा माघ ८ को प्रदर्शनमा प्रहरीले चलाएको गोलीबाट सिरहा जिल्लाको ब्रम्हान गोर्छारी गाविस मिर्जापुरका प्रमोद सदाय र विजयकुमार सहनीको मृत्यु भयो। यस्तै उपचारका क्रममा अहमद अन्सारी र बेचन यादव गरी मृत्यु हुनेहरूको संख्या ५ पुगेको छ भने घाइते हुनेहरूको संख्या चार दर्जन छ।

सोमवारको प्रदर्शनमा साँझ प्रदर्शनकारीको तर्फबाट गोली प्रहार भएपछि प्रहरीले बाध्य भई आत्मरक्षाका लागि गोली चलाएको प्रमुख जिल्ला अधिकारी शशिशेखर श्रेष्ठको भनाइ छ। प्रदर्शनकारीबाट गोली प्रहार हुँदा सशस्त्र प्रहरीका मनोज थापा, थर्कमान बन्जारा सहित जनपदका एक प्रहरी जवान गम्भीर घाइते भएकाले उपचारका लागि हेलिकोप्टरबाट काठमाडौं पठाएको पूर्वाञ्चल सशस्त्र प्रहरी नायब महानिरीक्षक सनतकुमार बस्नेतले बताए। गोलीबाट इलाका प्रहरी कार्यालय लहानको माथिल्लो तल्लाको भवनको भित्ताहरूमा प्वाल पर्नुका साथै झ्यालका सीसासमेत फुटेका छन्।

लहान घटनामा माओवादीको बदमासी रहेको जनमोर्चा नेपालका अन्तरिम सांसद असर्फी सदाको कथन छ, 'मधेसी समस्याप्रति सरकार गम्भीर नभएकाले तराई अशान्त बन्न पुगेको हो', उनी भन्छन्, 'सरकार अन्तरिम संविधानको त्रुटि समाधान गरी मधेसीको मागप्रति गम्भीर नभए मधेसीहरू एकजुट भई छुट्टै राज्यका लागि हतियारको राजनीति गर्न बाध्य हुनेछन्।'

## लखेटिँदै छन् माओवादी

लहान घटनाको विषयलाई लिएर विभिन्न स्थानबाट नेकपा माओवादीका कार्यकर्ताहरूलाई मधेसी जनताले लखेट्दै छन्। एक साताअघिसम्म माओवादी कार्यकर्ताहरूलाई पालेर राखेका मधेसी समुदायले माओवादीको पछिल्लो क्रियाकलापका कारण माओवादी अध्यक्ष प्रचण्ड र केन्द्रीय सदस्य मातृका यादवको पुत्ला दहन गर्ने कार्यलाई तीव्रता दिएका छन्।

हतियार व्यवस्थापनको नाटक गरेर माओवादीहरू अहिले खुल्ला रुपमा हतियार लिएर घुम्ने गरेको नेपाल सद्भावना पार्टी (आनन्दी देवी)का केन्द्रीय सदस्य मनीषकुमार सुमन बताउँछन्। 'माओवादीले हतियार राखिदिएको भए मधेसले यस्तो क्षति व्यहोर्ने थिएन', उनी भन्छन्, 'माओवादीको छाडा क्रियाकलापबाट मधेसी जनता दिक्क छन्।'

माओवादी मधेस र मधेसीप्रति उत्तरदायी नभएको उल्लेख गर्दै मधेसी युवा फोरमका केन्द्रीय महासचिव राधेश्याम पण्डित भन्छन्, 'बन्दुकको बलमा सर्वसाधारण जनतालाई कुटपिट गर्दै मृतक रमेशकुमार महतोको शवलाई समेत अपहरण गर्न छाडेनन्। लहान घटनालाई साम्प्रदायिक दंगाको रुप दिने प्रयास भए पनि पहाडी र मधेसीबीचको सद्भाव कायमै रहेको छ।' अन्तरिम संविधानको बुँदा संशोधन, समानुपातिक जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुनुपर्नेमा आन्दोलन केन्द्रित नभई माओवादीविरुद्धको आन्दोलन बन्न पुगेको छ।

कुनै समयमा माओवादीको लालकिल्ला मानिने सप्तरीको पातो बजारबाट पनि जनताले माओवादीलाई खेदेका छन्। माओवादीहरूको आवश्यकता नरहेको भन्दै जनताले लखेटेपछि केही माओवादी कार्यकर्ता शरण लिन इलाका प्रहरी कार्यालय पातो पुगेका थिए। माओवादीविरुद्धको प्रदर्शनमा राजनीतिक दलका युवा विद्यार्थीहरूको समेत सक्रियता छ। मधेसी जनअधिकार फोरमद्वारा उठाइएका मागहरूप्रति राजनीतिक दलका नेताहरूले समेत ऐक्यबद्धता जनाउँदै साथ दिइरहेका छन्।

माओवादी नेता मातृका यादव मधेसी जनतामाझ लोकप्रिय रहे पनि पछिल्लो घटना क्रमले गर्दा उनी मधेसमा घृणाको पात्र बनेका छन्। माओवादी नेता यादवले साउन १ गते सप्तरीको राजविराजमा आयोजित पत्रकार सम्मेलनमा जनतान्त्रिक तराई मुक्तिमोर्चा विरोध प्रतिरोध युद्धको घोषणा र लहान घटनामा आफ्नै नेतृत्वमा शवलाई बेपत्ता बनाइएका कारण मधेसी जनता आक्रोशित बनेका छन्। ■

■ मधुसूदन पौडेल/काठमाडौं

**स्वतन्त्र दक्षिण एसियाली** गरिबी निवारण आयोगले राष्ट्रसंघीय विकास लक्ष्यको तुलना दक्षिण एसियाली विकास लक्ष्यको तयारी गर्दै छ, तर यो कार्यान्वयन गर्न निकै चुनौतीपूर्ण देखिन्छ। विश्वका एक तिहाइ गरिबहरूको सामूहिक घर हो, दक्षिण एसिया। विश्वमा प्रतिदिन १ अमेरिकी डलर पनि आम्दानी गर्न नसक्ने १ अर्ब जनसंख्यामध्ये करिब ३५ करोड मानिस यसै क्षेत्रबाट प्रतिनिधित्व गर्छन्। अति गरिबहरूको वासस्थान रहेका अफ्रिकाको सहारा, ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रहरूको समकक्षी क्षेत्रका रुपमा दक्षिण एसिया उभिएको छ। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)मा आबद्ध मुलुकहरूका लागि गरिबीको दुष्चक्र तोड्नु एउटा साझा चुनौती हो। तर, यी मुलुकबीच गरिबी निवारणको सैद्धान्तिक नारामा कुनै मतभिन्नता छैन, कार्यान्वयनमा भने समस्या देखिँदै आएको छ।

चैत २० र २१ मा नयाँदिल्लीमा बोलाइएको सार्क तेह्रौं शिखर सम्मेलनले दक्षिण एसियाको गरिबी न्यूनीकरणका लागि 'दक्षिण एसियाली विकास लक्ष्य' सार्वजनिक गर्नेछ, जसको अन्तिम तयारीमा जुटेको छ- स्वतन्त्र दक्षिण एसियाली गरिबी निवारण आयोग। यसका लागि माघ ९ र १० मा काठमाडौंमा आयोगका आयुक्तहरूको बैठक सम्पन्न भएको छ। उक्त बैठकले यस क्षेत्रको आर्थिक तथा सामाजिक विकासका लागि चारवटा मुख्य लक्ष्य र २२ वटा उद्देश्यहरू निर्धारण गरेको छ। सन् २०१५ सम्म विश्वबाट गरिबी ५० प्रतिशतले कमी गर्ने योजनाका साथ संयुक्त राष्ट्रसंघद्वारा अगाडि सारिएको 'सहस्राब्दी विकास लक्ष्य' (एमडिजी)सँग प्रत्यक्ष रुपमा समायोजन गरिएका यी लक्ष्यहरू दक्षिण एसियामा विद्यमान थप समस्या समाधानका लागि निर्धारण गरिएका हुन्। आयोगका सदस्य डा. शंकर शर्मा भन्छन्, 'एमडिजीमा नपरेका तर यस क्षेत्रले भोगिरहेका खास समस्याहरूतर्फ हामीले ध्यान पुर्‍याएका छौं।'

एमडिजीमा गरिबी न्यूनीकरणसँगै विश्वका भोकाहरूको संख्या घटाउने, प्राथमिक शिक्षामा विश्वव्यापी पहुँच, लैंगिक समानता एवं महिला सशक्तीकरण, बाल मृत्युदर दुई तिहाइले घटाउने, मातृ स्वास्थ्यमा सुधार, एचआइभी एड्स तथा औलोलगायतका घातक रोगहरूमाथि नियन्त्रण, वातावरणीय दिगोपन र विकासका लागि विश्वव्यापी साझेदारी गरी आठवटा मुख्य लक्ष्य तोकिएका छन्। एमडिजीमा समेटिएका सबै लक्ष्य प्राप्त गर्नु सबै दक्षिण एसियाली मुलुकहरूका लागि प्राथमिकतामा परेका चुनौती हुन्। तर, यस क्षेत्रलाई विश्वव्यापी विकासका लक्ष्यसँग जोड्न थप क्षेत्रमा प्रगति हासिल गर्नु जरुरी छ। यिनै विषयलाई आयोगले अगाडि सारेको छ। यसमा गरिबी निवारण, शिक्षा, स्वास्थ्य र वातावरण छन्। एमडिजीमा यी लक्ष्य हासिल गर्नका लागि तोकिएका विन्दुभन्दा सार्क क्षेत्रका मुलुकहरू तल रहेका कारण पनि यी थप मुख्य लक्ष्यहरू तोक्नु परेको विश्लेषण आयोगका अधिकारीहरूको छ। लक्ष्य प्राप्तिको लागि सूक्ष्म रुपमा उद्देश्यहरू निर्धारण गरिएका छन्, जसबाट यस क्षेत्रको गरिबी घट्ने र नागरिकको जीवनस्तरमा सुधार ल्याउन सकिने अपेक्षा गरिएको छ।

निर्धारण गरिएका मुख्य चार लक्ष्यमध्ये गरिबी निवारणलाई सफल बनाउन आठवटा उद्देश्य अगाडि सारिएका छन्। आयोगका सदस्य डा. विश्वम्भर प्याकुरेल भन्छन्, 'हामीले यस क्षेत्रबाट लक्ष्यअनुसारको गरिबी न्यूनीकरणका लागि के गर्नु आवश्यक छ भनेर सार्क राष्ट्रप्रमुखहरूलाई सिफारिस गर्नेछौं।' गरिबी निवारणको लक्ष्य प्राप्तिका लागि तयार पारिएका उद्देश्यहरूमा भोकाहरूको संख्या घटाउनका लागि चालिनु पर्ने उपायहरू, महिला, केटाकेटीहरूले भोग्नु परेको गरिबीको अन्त्य, नीति निर्माण तहमा गरिब र महिलाको सहभागिता एवं पिछडिएको वर्गको न्यायमा सहज पहुँच लगायतका विषयहरू समेटिएका छन्। आयोगका सदस्य डा. शर्मा भन्छन्, 'कानुनी रुपमा सबैका लागि समान न्यायको कुरा त गरिएको छ, तर व्यवहारिक रुपमा गरिब तथा महिलाहरू न्यायको पहुँचसम्म पुग्न

# चुनौतीपूर्ण बाटो

**चैत २० र २१ मा नयाँदिल्लीमा बोलाइएको सार्क तेह्रौं शिखर सम्मेलनले दक्षिण एसियाको गरिबी न्यूनीकरणका लागि 'दक्षिण एसियाली विकास लक्ष्य' सार्वजनिक गर्नेछ, जसको अन्तिम तयारीमा जुटेको छ- स्वतन्त्र दक्षिण एसियाली गरिबी निवारण आयोग।**



## पदको उपेक्षा !

दक्षिण एसियाको गरिबी घटाउने रणनीतिको खाका तयार पार्ने जिम्मा सार्क मुलुकले नेपालका पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई सन् २००२ मा सुम्पेका थिए। 'स्वतन्त्र दक्षिण एसियाली गरिबी निवारण आयोग' गठनको प्रस्तावक पनि नेपाल नै थियो। भट्टराईलाई संयोजक दिइँदा लक्ष्य तर्जुमा अझ प्रभावकारी हुने अपेक्षा सार्कले राखेको थियो। यस क्षेत्रको गरिबी अन्त्य गर्दै जाने योजना निर्माणमा संयोजक भट्टराईले योगदान पुऱ्याउन सकेका छैनन्। सहसंयोजकको जिम्मेवारीमा रहेका बंगलादेशका कमलउद्दिन सिद्दिकी पनि अहिले अलिक टाढिएका छन्। एसियाली विकास बैंकमा आबद्ध बनेपछि काठमाडौं बैठकमा उनी पनि सहभागी हुन सकेनन्। एक सहभागी भन्छन्, 'हामीले एकापसमा अध्यक्षता गरेर बैठक सिध्याएका छौं।'

यस क्षेत्रको गरिबी निवारणका लागि स्थापना गरिएको 'पोभर्टी फन्ड'प्रति सार्क मुलुकहरूले चासो दिएको देखिँदैन। भारतले उक्त कोषमा १० करोड अमेरिकी डलर जम्मा गरेको भए पनि अन्य मुलुकहरूले भने कोषमा योगदान गरेका छैनन्।

सकेका छैनन्।' आयोगले उनीहरूलाई न्याय पाउने वातावरण बनाउन राज्यले खास कार्यक्रमहरू संचालन गरिनु पर्ने आवश्यकता आफ्नो प्रतिवेदनमा समेटेको छ। सार्क क्षेत्रमा एकातिर अदालतमा विचाराधीन मुद्दाहरूको संख्या अधिक रहेको छ भने अर्कोतर्फ न्याय महँगो बन्दै गएको छ। जसका कारण तल्लो वर्ग न्यायबाट विमुख बन्दै जाने अवस्थातर्फ आयोगको ध्यान पुगेको अधिकारीहरूले बताएका छन्।

गर्भवती महिला र नवजात शिशुहरूले अनाहकमा ज्यान गुमाउनु यस क्षेत्रको नियति नै बनेको छ। आयोगको प्रतिवेदनले बंगलादेश भुटान र नेपालमा गर्भवती महिला र नवजात शिशुहरूको स्वास्थ्य स्थिति अरू नाजुक रहेको उल्लेख गरेको छ। एक लाख प्रजननमा नेपालमा कम्तीमा ७ सय आमाको मृत्यु हुने गरेको छ, जब कि श्रीलंकामा यो संख्या १ सयमा झारिएको छ, तर समग्रमा विश्वमा मातृ तथा शिशु मृत्युदरमा दक्षिण एसिया अघिल्लो पंक्तिमा उभिएको छ। यस क्षेत्रका आमनागरिकका लागि उपलब्ध गराइनु पर्ने सामुदायिक स्वास्थ्य स्थिति पनि सकारात्मक छैन। सार्क क्षेत्रको स्वास्थ्य स्थितिमा सुधार ल्याउन आयोगले आमा र बच्चाको मृत्युदरमा कमी ल्याउन यी मुलुकहरूले गर्नु पर्ने सुधारका क्षेत्रहरूमा ध्यान पुऱ्याउन भनेको छ। स्वास्थ्यमा सहज पहुँच र सामुदायिक स्वास्थ्यका क्षेत्रमा ध्यान पुऱ्याउन पनि सुझाव दिइएको छ।

दक्षिण एसियाली विकास लक्ष्यमा शिक्षा प्राथमिक सरोकारका रुपमा उठाइएको छ। एमडिजीले प्रस्तुत गरेको प्राथमिक शिक्षामा विश्वव्यापी पहुँचको विषय कार्यान्वयन गर्न सार्क मुलुकहरू सहमत भए पनि अहिलेसम्मको नतिजा सन्तोषजनक हुन सकेको छैन। आयोगको प्रतिवेदनअनुसार श्रीलंका र माल्दिभ्स बाहेकका अन्य मुलुकमा यो लक्ष्य कार्यान्वयनमा शंका छ। आयोगले यस क्षेत्रका तीन युवामध्ये प्रत्येक तेस्रो युवा निरक्षर रहेको यथार्थता राष्ट्र प्रमुखहरूसमक्ष पुऱ्याउनेछ। शिक्षामा सबै नागरिकको अनिवार्य पहुँचका लागि चारवटा सुझाव कार्यान्वयन गर्न सिफारिस गर्नेछ। प्रतिवेदनअनुसार यस क्षेत्रका सबै बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउन उनीहरूलाई स्थानीय सामुदायिक विद्यालयहरूको व्यवस्था मिलाउनु पर्ने आवश्यकता औंल्याइएको छ। लैंगिक समानता हासिल गर्ने लक्ष्य समेत हासिल गर्न बालिकाहरूलाई पनि अनिवार्य स्कुल पुऱ्याउने वातावरण सरकारहरूले तयार पार्नु पर्नेछ। शिक्षाको लक्ष्य हासिल गर्न यो क्षेत्रमा साझा समस्याका रुपमा स्कुल भर्ना भएका बालबालिकाले बीचमै स्कुल छोड्छन् वा छोड्नु पर्ने बाध्यता आइपर्छ। आयोगले शिक्षामा सुधार ल्याउन स्कुल भर्ना भएका विद्यार्थीले कम्तीमा प्राथमिक तहको पढाइ पूरा गराउनेतर्फ ध्यान दिन आवश्यक ठानेको छ, जसको सीधा सम्बन्ध गरिबीसँग रहेको छ। प्राथमिक तह पूरा गराउनका लागि विद्यालयमा उनीहरूको आवश्यकता टार्न खास कार्यक्रम ल्याउनु जरुरी ठानिएको छ, जसका कारण विद्यार्थी स्कुल आउन प्रोत्साहित बनून् र उनीहरूले कम्तीमा स्कुल गएकै कारण भोकै बस्नु नपरोस्।

यस क्षेत्रको समग्र विकासका लागि उच्च तहसम्म पनि गुणस्तरीय शिक्षामा ध्यान दिनु पनि उत्तिकै जरुरी ठानिएको छ। त्यसका लागि माध्यमिक र उच्च शिक्षाको गुणस्तर वृद्धिमा सार्क मुलुकहरूले ध्यान पुऱ्याउनु आवश्यक रहेको औंल्याइएको छ।

विकासशील मुलुकहरूका लागि बढ्दो वातावरणीय प्रदूषण खास समस्याका रुपमा देखा परेको छ। विकसित मुलुकहरूले फैलाएको औद्योगिक प्रदूषणका कारण वायुमण्डलमा नकारात्मक असर बढ्दै गएको छ र मानव स्वास्थ्यका लागि घातक विकिरणहरूको सामना प्रदूषण बढाउनमा कुनै योगदान नभएका गरिब मुलुकहरू बन्दै गएका छन्। आयोगले यस क्षेत्रलाई विकिरणबाट जोगाउनका लागि समयमै सचेत रहन सरकारहरूलाई सजग गराएको छ। वायु प्रदूषणलाई नियन्त्रणभन्दा बाहिर जानबाट रोक्न, जंगल र वन्यजन्तुहरूको संरक्षण तथा जैविक विविधताको जगेर्ना सरकारी प्राथमिकतामा राख्न पर्ने सुझावहरू समेटिएका छन्।

विकासका यी लक्ष्य प्राप्तिका लागि गरिबी निवारण रणनीति लागू गरेका मुलुकहरूले यी विषयलाई रणनीतिमा सामेल गर्न र अन्यले आ-आफ्ना विकास योजनामा समायोजन गर्नु पर्ने सुझाव सार्क मुलुकहरूलाई दिइनेछ। माघ १९ गते काठमाडौंमा सम्पन्न आयोगको बैठकले सातै राष्ट्रका भिन्नाभिन्नै समस्या समेटेर सार्क सरकारप्रमुखलाई बुझाउने प्रतिवेदनलाई अन्तिम रुप दिएका छन्। प्रतिवेदनको अन्तिम रुप भने काठमाडौं बैठकले दिइसकेको छ। ■


आफ्नो क्षमताको पहिचान गरौं र देश निर्माणको लागि यसको उपयोग गरौं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग






For Free Delivery to your Doorstep
Please Contact:
Himalayan Spring Water Inc.
Tel: 2052347, 2052349 (Tinkune),
2053107 (New Road),
2051649 (Kamal Pokhari),
2054220 (Tripureshwor),
2051651 (Jawalakhel)

# सलाम मोतीदेवीहरूलाई

**पुरुष प्रधान समाजमा आम महिलाको अवस्था कठिन छ र यसको लागि राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणको खाँचो छ, तर अर्को पाटो के हो भने महिला भन्दैमा वर्गीय चरित्र बोकेका महिलाहरूले सीमान्त वर्गको कति हदसम्म प्रतिनिधित्व गर्न सक्छन् भन्ने एउटा गम्भीर सवाल हो ।**

**अन्तरिम संविधान** जारी भएको ऐतिहासिक दिन थियो त्यो र लोकतान्त्रिक समावेशीकरणको एउटा चरणको सुरुवातको दिन थियो । दस वर्षको द्वन्द्वपछि माओवादीहरूको समेत संसद् प्रवेश र त्यसभन्दा पनि एक डफ्फा अपरिचित युवा, महिला, मुक्त कमैया र माझी लगायतका सीमान्त वर्गका प्रतिनिधिहरूको राज्य संयन्त्रभित्र आफ्नो अधिकार र स्वाभिमानको निर्णय गर्ने एउटा राजनीतिक यात्राको थालनीको दिन थियो । नेपाली राजनीतिक वृत्तको महत्त्वपूर्ण यो दिन धेरै अर्थमा परम्परावादी सोचलाई केही हदसम्म झापड दिने हैसियतको थियो ।

पछिल्ला दिनहरू खासगरी माओवादी महिला सांसद र सीमान्त वर्गका प्रतिनिधिहरूको सवाललाई लिएर टीका टिप्पणीमा बितेका छन् । धेरैलाई अपाच्य भएको छ, यी नयाँ गाउँले अनुहारहरू र धेरैलाई शंका पनि छ कि साँच्चै यिनीहरू प्रतिनिधि बन्न लायकका छन् त ? यस्तै अपरिचित अनुहार हो - मोतीदेवी चौधरीको । संसद् प्रवेशको दिन यदि कसैले टेलिभजनमा उनको ३ मिनेटको अन्तर्वार्ता हेरेको थियो भने त्यो एउटा ठूलो धक्का थियो संसद्भित्र खातापिता अनुहार, अनुभवी र पढेलेखेका प्रतिनिधि खोज्ने वर्गीय जमातलाई । १९९० को मुक्ति आन्दोलनपछि पनि मुक्ति नपाएका कमैयाहरूलाई धेरै संघर्ष गर्नु परेको थियो । स्वतन्त्रताका लागि र आजका दिनसम्म पनि एउटा अनवरत संघर्ष जारी छ, एक मुट्ठी स्वतन्त्र जिन्दगीका लागि । प्वाल परेका पालभित्र जिन्दगीका सपना देख्न बाध्य मुक्त कमैयाहरूको सवाल इमानदारीपूर्वक उठेनन् नेपाली संसद्भित्र विगतमा । मोतीदेवीले भनिन्, 'हामी हाम्रो हिस्सा माग्न आएका छौं, यो संसद्मा र हामीलाई ठाउँ दिएकोमा माओवादीलाई धन्यवाद छ ! तर हामी स्वतन्त्र छौं ।' मोतीदेवी प्रस्ट नेपाली वा अंग्रेजी बोल्न नसक्लिन्, तर मोतीदेवी संघर्ष बोल्छिन्, बधुवा हुनु र बधुवा मुक्त भएपछि पनि राज्यबाट उपेक्षित हुनुको पीडा र विद्रोह ओकल्छिन् । उनलाई चिन्ता छ, उनीजस्तै पालमा जिन्दगी बिताउने मानिसहरूको । देशले पुनर्संरचनाको बहस उठेको सन्दर्भमा जमिनबाट उठेका सीमान्त वर्गका मानिसहरूको प्रवेश एउटा महत्त्वपूर्ण राजनीतिक पाटो हो, नेपाली राजनीतिको ।

हो संसद्को प्रतिनिधित्व गर्नु चानचुने कुरा होइन र प्रत्येक सांसदले संसदीय मूल्य मान्यता र गम्भीर जिम्मेवारी वहन गर्न सक्नु पर्छ । जसको लागि योग्य व्यक्तिको आवश्यकता छ, तर अर्को पाटो के पनि हो भने जो वर्षौंदेखिको राज्य व्यवस्था र शिक्षा प्रणालीबाट वञ्चित छ, जसले राज्यको स्वतन्त्र नागरिक हुनुको अर्थमा वर्षौंदेखि उपेक्षा र दमन भोगेको छ, जसका नाममा अरूले प्रतिनिधित्व गर्दै राज्य व्यवस्थामा हालिमुहाली गर्दै छन् र एउटा वर्गले स्वतन्त्र नागरिक भएर पनि दासताको जिन्दगी बाँच्न बाध्य छ, ती मानिसहरू यति बेला जुर्मुराउन थाल्दै छन् ।

पुरुष प्रधान समाजमा आम महिलाको अवस्था कठिन छ र यसको लागि राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणको खाँचो छ, तर अर्को पाटो के हो भने महिला भन्दैमा वर्गीय चरित्र बोकेका महिलाहरूले सीमान्त वर्गको कति हदसम्म प्रतिनिधित्व गर्न सक्छन् भन्ने एउटा गम्भीर सवाल हो । तैपनि उनीहरूको पक्षमा वकालत गर्ने प्रयास गर्नु स्तुत्य हो । तर जबसम्म सीमान्त वर्गले आफ्नो नेतृत्व आफैं लिन सक्दैन तबसम्म तिनका सवालहरूको सही प्रतिनिधित्व भएको छैन र हुन सक्दैन पनि । यो कुरा साम्राज्यवादको पटांगिनीमा गोरा जातका महिलाहरूले काला जातका महिलाहरूको प्रतिनिधित्व गर्न नसके जस्तै हो, किनभने गोरा जातका महिलाले त्यो उत्पीडन अनुभव गरेकै छैनन् । हो, उनीहरू इमानदार छन् भने उनीहरूको पक्षमा आवाज दिन सक्छन् । यस सन्दर्भमा सहरको अर्थमा अपरिचित गाउँले युवा, महिला अनि मोतीदेवीहरूको प्रवेश एउटा महत्त्वपूर्ण राजनीतिक पाटो हो, नेपाली राजनीतिको । यिनको खेदो खन्नुभन्दा यिनीहरूलाई कसरी सहयोग गर्न सकिन्छ भनी सोच्नु उपयुक्त हुनसक्छ, जसले गर्दा यिनीहरूले बढीभन्दा बढी महिला तथा सीमान्त वर्गका सवाल बुलन्द पार्न सकून् । खासगरी सीमान्त वर्गका महिलाहरूको सवालको अर्थमा यो सुरुवात सानै भए पनि वैकल्पिक राजनीतिको सुरुवात हुन सक्छ ।

देश पुनर्संरचनाको तयारीका बेला, अब रोल्पाको खारा र कर्णाली बोल्नु पर्छ, कमैया बस्तीका उत्पीडन बोल्नु पर्छ, महिला त्यसमा पनि दलित महिला हुनुको पीडा बोल्नु पर्छ अनि मात्र वर्गीय शिक्षाप्रणालीमा हुर्केका नीतिविद् र राजनीतिक चिन्तकहरूले महसुस गर्लान्- 'ए अब साँच्चै आफूलाई परिवर्तन गर्नु पर्ने बेला आएछ, सोच परिवर्तन गर्नु पर्ने बेला आएछ, जनता सडकमा होइन, सदनमा पनि छिरेछन् र देश कसैको बिर्ता होइन ।' आशा गरौं देशको खाका र रणनीतिभित्र अब इमानदारीपूर्वक सीमान्त वर्गका सवालहरूले प्रतिनिधित्व पाउन सुरु गर्लान् । सलाम मोतीदेवीहरू र तिनका जिन्दगीका संघर्षहरूलाई ! ■



छिमेकी गाउँहरूबाट समेत रक्सी र जुवातासको लागि मान्छेहरू भित्रिने गरेको गणेशपुरका महिलाहरूको सक्रियताका कारण यतिखेर अन्य गाउँहरूबाट जुवातास र रक्सीको लागि मान्छेहरू आउने क्रम रोकिएको छ। साथै स्थानीयस्तरमा पनि मदिरा उत्पादन, सेवन तथा जुवातासमा बन्देज लगाएर यहाँका महिलाहरूले कुलतविरुद्धको अभियान छेडेका छन्।

# रक्सी छैन गाउँमा

■ रुद्र खड्का/सानोश्री (बर्दिया) (तस्वीर पनि)

**न सिंगो गाउँ** नै शिक्षित छ। न त यो गाउँमा आर्थिक रुपले सम्पन्न मान्छेहरूको बसोवास बढी छ। विकासको दृष्टिकोणले पनि अन्य दुर्गम गाउँहरूमा भन्दा कुनै फरक छैन, बर्दियाको सानोश्रीस्थित गणेशपुर गाउँ।

तैपनि विगत एक वर्षदेखि गणेशपुरको चर्चा जिल्लाबाहिर पुगिसकेको छ। चर्चाको लागि यो गाउँमा कुनै ठूलो विकास भने भएको होइन। वर्षौंदेखि कुलतका गतिविधि हुने ठाउँको रुपमा परिचित यो गाउँका महिलाहरूले कुलत रोक्नको लागि गणेशपुरलाई नमुना गाउँ घोषणा गरी कुलतका सबै गतिविधिमा बन्देज लगाएपछि चर्चाले व्यापकता पाएको हो। गत वर्षसम्म मदिरा सेवन र जुवातासको लागि प्रख्यात गणेशपुरलाई यतिखेर स्थानीय महिलाहरूले कुलतविरुद्धको नमुना गाउँमा रुपान्तरण गरेका छन्।

छिमेकी गाउँहरूबाट समेत रक्सी र जुवातासको लागि मान्छेहरू भित्रिने गरेको गणेशपुरका महिलाहरूको सक्रियताका कारण यतिखेर अन्य गाउँहरूबाट जुवातास र रक्सीको लागि मान्छेहरू आउने क्रम रोकिएको छ। साथै स्थानीयस्तरमा पनि मदिरा उत्पादन, सेवन तथा जुवातासमा बन्देज लगाएर यहाँका महिलाहरूले कुलतविरुद्धको अभियान छेडेका छन्।

मदिरा तथा जुवातासलाई वर्जित गरी छुवाछूतमुक्त समाजको लागि यहाँका महिलाहरूले सानोश्री-४ गणेशपुरमा नौवटा समूहहरू समेत गठन गरेर डेढ वर्षदेखि थालेको नमुना गाउँ निर्माण अभियानले धेरैको ध्यान खिचेको छ।

गत वर्षसम्म लोग्नेको रक्सी खाने र जुवातास खेल्ने बानीका कारण आजित सानोश्री-४ की कली रानाका लोग्नेले यतिखेर कुलत छोडेपछि उनीसँगै सिंगो गाउँ नै हर्षित भएको छ।

विगतमा कलीका लोग्नेले जुवातास खेल्दै रक्सी खाएर श्रीमती र गाउँलेहरूसँग दिनहुँ झगडा गरेर तनाव सबैलाई दिएका थिए। लोग्नेले रक्सी छोडेपछि कलीको मन मात्र शान्त भएको छैन, यसअघि सधैं बरालिएर हिँड्ने श्रीमान्‌ले हाल काम गरेर कमाएको पैसा श्रीमतीको हातमा दिन थालेका छन्। लोग्नेले रक्सी छोडेपछि हर्षित कली भन्छिन्, 'मानसिक तनाव र आर्थिक संकट पारिरहने श्रीमान्‌ले यतिखेर आफू र छोराछोरीलाई माया पनि गर्न थालेका छन्।' दिनभरि तास खेल्दै रक्सी खाएर श्रीमती र गाउँलेहरूसँग झगडा गर्ने कलीका लोग्ने रक्सी छोडेपछि यतिखेर रक्सीविरोधी अभियानमा समेत लागेका छन्।

मेहनतले गरेको खेतीपातीबाट बचाएको पैसा सधैं लोग्नेले चोरी गरी जुवातास र रक्सीमा उडाउँदै आएपछि सधैं आर्थिक र मानसिक समस्या भोग्दै आएकी सानोश्रीकै दिलसरा शाहीले गत वर्षदेखि श्रीमान्‌ले रक्सी छोडेपछि दुई छोराछोरीलाई स्थानीय बोर्डिङ स्कुलमा भर्ना गरेकी छन्। दिनभरि जुवातासमा रमाउने र सबै पैसा रक्सीमा खर्च गर्ने लोग्नेको बानीका कारण बिहे गरेको ९ वर्षसम्म सधैं पीडा र अभावमा बिताएको दिलसरा बताउँछिन्।

सानोश्रीका यी दुई महिलाहरू मात्र यतिखेर मानसिक तनावबाट मुक्त भएका होइनन्। लोग्नेको



गणेशपुर गाउँका महिलाहरू समाज 'स्वस्थ' बनाउन दत्तचित्त छन्

रक्सी खाने तथा जुवातास खेल्ने बानीका कारण आर्थिक संकट र मानसिक तनाव भोग्दै आएका यहाँका महिलाहरूले गत भदौमा गाउँ सम्मेलन गरी गणेशपुरलाई नमुना गाउँमा रुपान्तरण गर्नको लागि जुवातास तथा रक्सी बन्द गराएपछि यो गाउँका सबै महिलाहरूको लोग्नेले अपनाएको कुलतका कारणले भोग्ने पीडा त अन्त भएको छ । यसअघि श्रीमती र छोराछोरीहरूसँग साँझबिहान झगडा गर्ने लोग्नेहरू आफ्ना श्रीमती र सन्तानहरूलाई सहयोग र स्याहार गर्न लागी परेका छन् ।

विगतका पटक-पटकका प्रयासले मदिरा तथा जुवातासविरोधी अभियान सफल हुन नसकेको सानोश्री गाविसको गणेशपुरमा केयर नेपाल र बर्दियास्थित राधाकृष्ण थारू जनसेवा केन्द्रको साझेदारीमा सञ्चालित उज्यालो कार्यक्रममार्फत स्थानीयवासीहरूलाई तालिम दिएर सचेत पार्‍यो । त्यसपछि जुवातास र रक्सीविरुद्धको अभियान थालेको स्थानीय बासिन्दाहरूले बताएका छन् ।

स्थानीय गंगा भारतीका अनुसार नमुना गाउँ नामकरण गरिएको गणेशपुरमा नौवटा समूह गठन गरेर जुवातास, रक्सीलगायत अन्य कुलतका काम वर्जित गरिएको छ । त्यसैगरी गाउँमा हुने सानातिना समस्या पनि गाउँमा सामूहिक भेलामार्फत समाधान गर्ने काम भइरहेको छ ।

विगतमा एकै धाराको पानी समेत नपिउने गणेशपुर गाउँमा आजकल दलित र गैरदलितबीचको विभेद पनि अन्त भएको छ । दलितको घरमा गैरदलित पुगेर र गैरदलितको घरमा दलित पुगेर खाना खानु सामान्य भइसकेको छ, गणेशपुरमा । स्थानीय अमृता नेपालीका अनुसार गाउँमा आजकल दलित र गैरदलितबीच केही वृद्धवृद्धाहरू बाहेक धेरैले विभेद गर्न छोडेका छन् । 'जातीय विभेद यसरी अन्त्य होला भन्ने लागेको थिएन', अमृता भन्छिन्, 'सबैको प्रयासले जतिसुकै अप्ठेरो समस्या पनि समाधान हुँदो रहेछ ।'

देख्दा सामान्य देखिने जुवातास अथवा रक्सी खाने बानी व्यवहारले विगतमा सानोश्रीमा पटक-पटक कुटाकुट भइरहन्थे । कुलतविरुद्धको अभियान थालिएपछि गाउँ शान्त हुनुको साथै एकापसमा सहयोग गर्ने बानी विकासले उनीहरूको जीवन सहज भएको छ । कुलतविरुद्धको अभियान थालेका महिलाहरूले गाउँमै समूह गठन गरी बचत गर्न थालेपछि आवश्यक परेका बेला आर्थिक समस्या पनि आफैं समाधान गर्ने गरेका छन् ।

गाउँका महिलाहरूले गाउँमा मदिरा उत्पादन गर्नुको साथै भित्र्याउन पनि बन्देज लगाएका छन् । मुलुकका विभिन्न स्थानमा कयौं प्रयास गर्दा पनि सफल हुन नसकेको कुलतविरुद्धको अभियान कसरी सफल भयो त ? सानोश्रीकी दुर्गा भारती भन्छिन्, 'सुरुमा त गाह्रो थियो, केही लोग्नेमान्छेहरूले महिलाहरूको बेइज्जत गर्न नखोजेका पनि होइनन्, तर गाउँका सबै महिला एकजुट भएर लागेपछि अन्ततः उनीहरू बाध्य भएर कुलत छोड्न पुगेका हुन् । जुवातास र रक्सी त्याग्न नसक्ने केही भने भारत पसेको उनले जानकारी दिइन् । 'फेरि गाउँलाई नमुना बनाउनु पर्छ भन्ने अभियानले पनि कुलतमा लागेका व्यक्तिहरूलाई बाध्यतावश कुलत छोडायो', उनी भन्छिन्, 'आफ्नो गाउँ बनाउनको लागि थालिएको नमुना गाउँ अभियानले कयौंपटक असफल हुँदै आएका गधिविधि रोक्नमा सहयोग पुग्यो ।'

झन्डै एक हजार जनसंख्या रहेको गणेशपुरमा विगतमा स-साना बच्चाहरूदेखि बूढाहरूले मदिरा सेवन गर्ने गरेको र तीन दर्जनले मदिरा उत्पादन गरेर स्थानीयस्तर तथा अन्य स्थानमा लिएर बिक्री गर्ने गरेको महिलाहरू बताउँछन् । गाउँमा एकलाई समस्या पर्दा अर्कोले सहयोग गर्ने कार्यको थालनीले जीवन निकै सहज भएको गाउँलेहरू बताउँछन् ।

नमुना गाउँको घोषणापछि रक्सी र जुवातास रोक्न महिलाहरूले सबै गाउँलेहरूको भेला गराई पटक-पटक कुलतमा लागिरहनेलाई जरिवाना पनि तोकेका छन् । चौथोपटकसम्म अटेर गर्नेलाई गाउँमा एक्लो बनाउने निर्णयसमेत भएको प्रगति समूहकी चन्द्रकला खड्काले जानकारी दिइन् । रक्सीविरोधी अभियान थालेदेखि तीनजनाले एकपटक बाहेक अन्य कसैले पनि महिलाहरूको उक्त निर्णयविरुद्ध रक्सी सेवन गर्ने र जुवातास खेलेका छैनन् ।

मदिरा चाहिने कुनै जाति विशेषलाई अथवा चाडपर्वका बेला महिला समूहहरूको निर्णयअनुसार निश्चित मात्रामा उत्पादन गर्न अथवा बाहिरबाट गणेशपुरमा रक्सी भित्र्याउन पाइने नियम बनाइएको छ । स्थानीय सुनीता योगीका अनुसार नियमविरुद्ध पहिलोपटक रक्सी सेवन गरेका तीनजनालाई रक्सी सेवन नगर्ने सर्तमा सार्वजनिक रुपमा माफी माग्न लगाइएको थियो । दुई पटकदेखि चौथोपल्टसम्म रक्सी सेवन गर्नेहरूबाट समूहरूले तोकेअनुसारको पैसा असुल्ने नियम बनाइएको छ । नमुना गाउँका नौवटा समूहले आफ्नै स्वतन्त्र नियम बनाएर जरिवाना उठाउने बताएका छन् ।

महिलाहरूले थालेको कुलतविरुद्धको अभियानले गणेशपुरका महिलाहरूलाई मात्र खुसी तुल्याएको छैन । स्वयं यसअघि रक्सी खाएर बरालिँदै हिँड्ने अथवा झगडा गर्नेहरूले पनि यतिखेर महिलाले थालेको अभियान राम्रो हो भन्न थालेका छन् ।

स्थानीय कृष्णबहादुर भाट भन्छन्, 'कसैको नियन्त्रण नहुँदा जतिखेर पनि रक्सी खाने बानीले परिवार र गाउँलेहरूलाई समस्या त भएको थियो । आफ्नो शरीर पनि सधैं बेवारिसे हुनथ्यो ।' सुरुका दिनमा केही अप्ठेरो लागे पनि बिस्तारै रक्सी पिउने बानी बिर्सेको बताउने भाट भन्छन्, 'चाडपर्वका बेला भने सबैको सहमतिअनुसार रक्सी पाइन्छ ।'

महिलाहरूको यो अभियान निरन्तर चल्नु पर्ने गणेशपुरका भाटजस्ता थुप्रै सर्वसाधारण बताउँछन् । नमुना गाउँ घोषणा गरिसकेको गणेशपुरका महिलाहरूले पनि मदिरा र जुवातासविरुद्धको अभियानलाई निरन्तरता दिँदै गाउँमा विकास निर्माणका कामहरूलाई जोड दिइने प्रतिबद्धता गरेका छन् । साथै विकासको लागि महिलाहरू सरकारी र गैरसरकारी कार्यालयहरूमा पनि पहल गर्ने जानकारी दिन्छन् । ■



# विवाद सुरु

एथ्लेटिक्स विकासका लागि विदेशबाट भित्रिने रकमको विवाद नटुंगिँदै एक म्याराथन धावकले नेपाल एमेच्योर एथ्लेटिक्स संघमा अनियमितता व्याप्त रहेको र खेलाडीहरूको श्रम शोषण हुने गरेको आरोप लगाएका छन् । म्याराथन धावक गगनबहादुर बुढाएरले दुई महिनाअघि सिंगापुरमा आयोजित 'स्ट्यान्डर्ड चार्टर म्याराथन' प्रतियोगितामा भाग लिन जाँदा त्यति बेला आफूले पाउनु पर्ने भत्ता र खुराकको पैसा अझैसम्म नपाएको र प्रतियोगितामा भाग लिएबापत सिंगापुर एथ्लेटिक संघले उपलब्ध गराएको एक हजार एक सय ३२ अमेरिकी डलरको हिसाब गुपचुप राख्दै संघका महासचिव रविराज कर्णिकारले आर्थिक हिनामिना गरेको आरोप लगाए छन् । 'प्रतियोगिताको तयारीका लागि आवश्यक पर्ने खुराक र विदेशमा खेल्न गएबापत पाउने भत्ताको पैसा दिने भनिएको थियो, तर अहिलेसम्म पाउन सकेको छुइनँ', बुढाएरले भने । मंसिर १७ गते सिंगापुरमा आयोजना भएको म्याराथन प्रतियोगितामा भाग लिन बुढाएर आफ्ना प्रशिक्षक कृष्ण बस्नेतसँग १४ गते नै त्यसतर्फ लागेका थिए ।


भास्वर ओझा

तयारीका लागि उनी काठमाडौंमै ५१ दिन बन्द प्रशिक्षणमा बसेका थिए । एपिएफका यी धावकको तयारीका लागि बन्द प्रशिक्षणमा आवश्यक खुराकको बन्दोबस्त गर्न संघले दैनिक ५० रुपैयाँ भत्ता दिने निर्णय गरेको थियो । 'सिंगापुरमा हुँदा प्रशिक्षकबाट ५७ डलर लिएको थिएँ । त्यसबाहेक मैले एक पैसा पनि पाएको छुइनँ', मध्यदूरीको दौडमा तीनपल्ट जुनियर च्याम्पियन भइसकेका बुढाएरले भने ।

उनले आफू दौडमा सहभागी हुँदा दौडने जुत्ता आफ्नै पैसाले किनेको र संघको पैसाले कट्टु र गन्जी किनेको भनिए पनि त्यो पैसा नतिर्दा पसलेले अहिलेसम्म आफूसँग हिसाब खोजिरहेको बताए । प्रतियोगितामा भाग लिन जानुअघि नेपाल एमेच्योर संघले राष्ट्रिय खेलकुद परिषद्बाट ५४ हजार रुपैयाँ निकासा गरेको थियो । खेलाडीका लागि आयोजक देशले नै टिकट उपलब्ध गराएको थियो ।

'हामीले यहाँबाट खेलाडी पठाउँदा ट्राभल एजेन्सीबाट क्रेडिटमा टिकट किनेका थियौं । त्यो पैसा तिर्नु पर्ने भएको हुनाले सिंगापुर एथ्लेटिक संघलाई सीधै ट्राभल एजेन्सीको नाममा पैसा पठाउन आग्रह गरेका थियौं । यसै विषयमा असमझदारी भएको हो', कर्णिकारले आफूमाथि लागेको आरोप खण्डन गर्दै भने । उनले खेलाडीले पाउनु पर्ने ५० दिनको खुराकको पैसा पाइसकेको, विदेश जाँदा एक सय ८० डलर दिएको र आफूहरूले खेलाडीको राहदानी बनाइदिने लगायत 'ट्र्याकसुट, ब्याग, जुत्ता र लुगा उपलब्ध गराएको बताए । 'हामीसँग विदेशबाट आएको पैसामा १९ हजार बाँकी छ', उनले भने । तर, धावक बुढाएर महासचिव कर्णिकारले झूटो बोलेको दाबी गर्छन् । 'यो सबै खेलाडीलाई बेचेर खाने कुरामात्र हो । राहदानी पनि म आफैंले बनाएको हुँ', उनी भन्छन् । ■

# ओलम्पिक कमिटी पुनःस्थापित

नेपाल सरकारले रुक्मशम्शेर राणा अध्यक्ष रहेको नेपाल ओलम्पिक कमिटीलाई वैधानिक मान्यता दिएको छ । शाही सरकारको पालामा दर्ता खारेजीका कारण कानुनी मान्यता गुमाएको नेपाल ओलम्पिक कमिटीलाई जनवरी १० तारिखमा नेपाल सरकारले पुरानै अवस्थामा पुनःस्थापन गर्दै वैधता प्रदान गरेको छ । चार वर्षदेखि कानुनी लडाइँ लडिरहेको नेपाल ओलम्पिक कमिटी नेपाल सरकारको यो निर्णयपछि देशभित्र निर्विवाद रूपमा आफ्नो क्रियाकलाप सञ्चालन गर्न पाउनेछ ।

सन् २००३ मा नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद्बीच विवाद बढ्दै गएपछि राष्ट्रिय निर्देशन ऐनमा दर्ता भएको नेपाल ओलम्पिक कमिटीको दर्ता तत्कालीन गृहमन्त्रालयले खारेज गरेको थियो । शाही


भास्वर ओझा

सरकारमा निकै शक्तिशाली रहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव किशोरबहादुर सिंहले ओलम्पिक कमिटीको चुनाव अवैधानिक भएको र कमिटीको क्रियाकलाप अवैध भएको आरोप लगाउँदै गृहमन्त्रालयबाट संस्थाकै दर्ता खारेज गर्न लगाएका थिए । सरकारको त्यति बेलाको निर्णयविरुद्ध असन्तोष जाहेर गर्दै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले दुईपल्ट तत्कालीन प्रधानमन्त्रीलाई पत्र लेखेको थियो । यही विषयलाई लिएर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका महासचिव राजा रणधीरसिंह स्वयं एकपल्ट काठमाडौं आएका थिए ।

'हामीले बल्ल कानुनी मान्यता पायौं । हामी पुरानै स्थितिमा फर्किएका छौं', नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणाले खुसी व्यक्त गर्दै *समय*लाई प्रतिक्रिया दिए । उनले खारेजीअगाडि नेपाल ओलम्पिक कमिटी जुन अवस्थामा थियो, त्यही अवस्थामा आफू फर्किएको बताउँदै भने, 'अब हामी निर्विवाद रूपमा काम अघि बढाउन सक्छौं ।'

लोकतन्त्रबहालीलगत्तै नेपाल ओलम्पिक कमिटीको दर्ता खारेजीको विषय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष पुगेपछि गृहमन्त्रालयले पछिल्लो तीन महिनामा सम्पूर्ण प्रक्रिया पूरा गरेर नेपाल ओलम्पिक कमिटीको खारेजीलाई हटाएर पुनःस्थापन गर्ने निर्णय गरेको थियो ।

यद्यपि, ओलम्पिक कमिटी पुरानो अवस्थामा फर्किए पनि राष्ट्रिय खेलकुद परिषद्सँग यसअघि बनेको मार्गचित्रअनुसार नै आफूहरू हिँड्ने बताउँदै राणाले भने, 'परिषद्सँग सहमतिकै आधारमा हामी चल्नेछौं ।' विगतमा विवाद यथावत् रहेकै बेला नेपाली खेलकुदलाई सुचारु गर्न नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद्बीच एउटा मार्गचित्र बनेको थियो ।

**■ नवीन अर्याल/काठमाडौं**

**सबैले स्विकार्नै पर्ने तथ्य के हो भने नेपालमा पहाडी र मधेसीबाहेक अर्को एउटा समुदाय छ– त्यो हो थारू । थारू जाति आफ्नो जातीय पहिचानलाई न त मधेसीमा विलय गराउन तयार छ न त पहाडीमा ।**



■ राजकुमार लेखी

# अधिकारको खोजी

**तराईको राजनीति** अहिले तावा तातेजस्तै भएको छ । आन्दोलनले विद्रोहको रुप लिए जस्तै देखिँदै छ । अहिले पनि त्यहाँको आन्दोलनलाई लोकतन्त्रवादी जातीय अधिकारकर्मीहरू आन्दोलनकै रुपमा अघि बढाउन क्रियाशील छन् । तर, तराईवासीको आन्दोलनलाई अराजक बनाउन र तराईवासी तथा समग्र नेपालीलाई साम्प्रदायिक खाल्डोमा हाल्न केही शक्तिहरू क्रियाशील छन् ।

वास्तवमा, अन्तरिम संविधानले तराईवासी तथा आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्न नसकेकै हो । त्यसैले, हामी आदिवासी जनजाति एवं तराईवासीहरूले संविधानका केही धारा जलाएर विरोध गरेका हौं । पूरै संविधान नजलाएर किन केही धारा मात्र जलाएको ? राजा ज्ञानेन्द्रको सरकारमा मन्त्री बन्न लाम लागेका एक मित्रको प्रश्नमा मेरो जवाफ थियो- यो अन्तरिम संविधान आठ दलको मात्र बपौती होइन, रगत पसिना पनि यसको जन्ममा मिसिएको छ । त्यसैले यो संविधान सच्याउन दबाब दिन मात्र हामीले केही धारा जलाएका हौं ।

सबैले बुझेकै हो, यो संविधानप्रति हामी आदिवासी र तराईवासी जस्तै दरवारिया तथा प्रतिगामीहरू पनि सन्तुष्ट छैनन् । हाम्रो असन्तुष्टि हाम्रो अधिकारको पूर्ण सुनिश्चित हुन सकेन भन्नेमा हो । दरवारिया र प्रतिगामीहरू चाहिँ राजाको अधिकार समाप्त पारिएको हुनाले असन्तुष्ट भएका हुन् । त्यसैले दरवारियाहरू हाम्रो असन्तुष्टिलाई आफ्नो स्वार्थमा प्रयोग गर्न चाहिरहेका छन् । उनीहरू सोझो वा घुमाउरो पाराले अस्थिरता फैलाउन चाहन्छन् । उनीहरूमा आफ्ना माग राखेर सोझै उत्रने हिम्मत छैन । त्यसैले उनीहरू जातीय आन्दोलन प्रयोग गर्न खोजिरहेका छन् ।

तराईमा जातीय अधिकार प्राप्तिका लागि चलेको आन्दोलनको पृष्ठभूमि निकै लामो छ । लामो आन्दोलनमा पनि जनआन्दोलन भाग-२ सबैभन्दा विशाल थियो । जातीय तथा क्षेत्रीय अधिकारप्रति राजनीतिक दलहरूको सार्वजनिक प्रतिबद्धता आएपछि मात्र जनआन्दोलन भाग-२ मा आदिवासी र तराईवासीको विशाल सहभागिता प्रकट भएको हो । जनआन्दोलनमा तराईका लाखौं जनता सडकमा उत्रिएका थिए ।

तराईमा आएको जातीय चेतनाको श्रेय पनि लोकतन्त्रवादी र विगत जनआन्दोलनलाई नै जान्छ । विगतमा राजावादीहरू जातीय अधिकारको घाँटी निमोठ्न क्रियाशील थिए । 'एउटै भाषा एउटै भेष, हाम्रो राजा हाम्रो देश' त उनीहरूको मूल नारा नै थियो । लोकतान्त्रिक आन्दोलनसँग कुनै साइनो नभएकाहरू आज जसरी जातीय आन्दोलनमा घुसपैठ गर्दै छन्, त्यसप्रति तराईवासी सचेत हुनैपर्छ । विगतमा शाही सत्तावादीहरू जातीय अधिकारको आन्दोलनलाई साम्प्रदायिक र विखण्डनवादी भन्ने गर्थे ।

हुनत अहिले उठेका जातीय अधिकारका विषय अवश्य पूर्ण छैनन् । तराईकै विषयहरू अपूर्णरुपमा अघि आएका छन् । अहिले पनि तराईका थारू, राजवंशी, धिमाल, दनुवार लगायतका स्थानीय र राज्यस्तरबाट थिचोमिचोमा परेका आदिवासीहरूलाई बिर्सिइएको छ । वास्तवमा, तराईका आदिवासी जनजातिमाथि भएको शोषण र उत्पीडनका लागि सबैभन्दा पहिले तराईबाटै आवाज उठ्नुपर्थ्यो । तराई होस् वा समग्र मुलुकका आदिवासीलाई बिर्सने प्रवृत्तिले 'बोल्नेको पीठो बिक्ने, नबोल्नेको चामल पनि नबिक्ने' उखान स्मरण गराउँछ । यो प्रवृत्तिले जातीय आन्दोलनलाई अगाडि बढ्न अवरोध सिर्जना गर्ने पनि निश्चित छ ।

सबैले स्विकार्नै पर्ने तथ्य के हो भने नेपालमा पहाडी र मधेसीबाहेक अर्को एउटा समुदाय छ- त्यो हो थारू । थारू जाति आफ्नो जातीय पहिचानलाई न त मधेसीमा विलय गराउन तयार छ न त पहाडीमा । थारू जातिको स्वतन्त्र र मौलिक पहिचानसहितको जातीय आन्दोलनले मात्र तराईका आदिवासी थारूहरूको अधिकारको आन्दोलन अघि बढ्न सक्छ । यसैगरी तराईका अन्य आदिवासीहरू पनि आफ्नो पहिचानलाई कतै विलय गराउन तयार छैनन् । तराईको आन्दोलनभित्र आदिवासीहरूको स्वतन्त्र जातीय पहिचान मूल मुद्दा बन्नैपर्छ ।

तराई तथा समग्र नेपालको जातीय आन्दोलनलाई हेर्ने दृष्टिकोणमा तत्कालै केही स्पष्टताको आवश्यकता हाल तराईमा चलिरहेको आन्दोलनले औंल्याएको छ । लोकतन्त्रवादीहरूको लक्ष्य तराईवासी तथा आदिवासीहरूको अधिकार सुनिश्चित गर्नु हो, तर अहिले यस्ता मानिसहरू आन्दोलनमा उत्रिएका छन्, जो लक्ष्य प्राप्तिका लागि नभई अराजकता सिर्जनाका लागि आन्दोलन गरिरहेका छन् । लोकतान्त्रिक आन्दोलनका बेला राजाको जयजयकारमा लागेका मानिसहरू अहिले एकाएक तराईको मसिहा हुँ भन्दै नयाँ रुपरङ र आवरणमा देखिएका छन् । तिनीहरूमा हिजो संविधानसभा चाहिन्छ भन्नेलाई आतंककारी भन्नेहरू पनि छन् । अन्तरिम संविधान ल्याउन कुनै योगदान नभएका उनीहरू अहिले अन्तरिम संविधान जलाएर क्रान्तिकारी हुन खोज्दै छन् ।

अहिलेको जातीय आन्दोलनलाई लोकतान्त्रिक र प्रतिगामी दृष्टिकोणबाट हेरिनुपर्छ । जातीय आन्दोलनलाई हेर्ने लोकतान्त्रिक दृष्टिकोण भनेको जातीय आन्दोलन र लोकतान्त्रिक आन्दोलन अविभाज्य हो भन्ने मान्यता राख्नु । लोकतान्त्रिक जातीय अधिकारकर्मीहरू जातीय आन्दोलनलाई अगाडि बढाउँदा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा प्रतिगामी तत्त्वलाई सघाउ नपुगोस् भनी सचेत हुन्छन् । लोकतन्त्रवादी जातीय अधिकारकर्मीहरू प्राप्त अधिकार कुनै हालतमा कटौती चाहँदैनन् बरु थप अधिकारका लागि आन्दोलनमा लाग्छन् । यसैगरी लोकतान्त्रिक पक्षधरहरू जातीय अधिकारले लोकतन्त्रको उत्थान हुन्छ र जातीय सद्भाव बढ्छ भन्ने मान्यता राख्छन् । लोकतन्त्रवादी जातीय अधिकारकर्मीहरू आन्दोलनमा अराजकता र साम्प्रदायिकतालाई कुनै हालतमा प्रश्रय दिन चाहँदैनन् ।

प्रतिगामी कोणचाहिँ जातीय आन्दोलनलाई हतियारको रुपमा प्रयोग गर्न चाहन्छ । प्रतिगामीहरू जातीय आन्दोलनलाई अराजकता र साम्प्रदायिकतामा विकास गर्न चाहन्छन् । सामाजिक विखण्डनमा मात्र राजतन्त्र टिक्न सक्छ भन्ने भित्री मान्यताका साथ प्रतिगामी कोणका जातीय अधिकारवादीहरू सक्रिय छन् । उनीहरूको रणनीति बडो सशक्त छ । उनीहरू लोकतन्त्रवादीहरूले उठाएको मागलाई नै हतियारका रुपमा प्रयोग गर्छन् । उनीहरूको छुट्टै कुनै माग छैन । उनीहरू लोकतन्त्रवादी जातीय अधिकारकर्मीहरूले उठाएका मागलाई झन् चर्को र उग्र स्वरमा उठाएर आम जनतामा उत्तेजना र भ्रम फैलाउन चाहन्छन् । उनीहरू यो मामलामा निकै सिपालु भएको र निकै सुनियोजित रुपमा लागेको हालका केही घटनाले पुष्टि गरेका छन् ।

आमजनताले प्रतिगामी जातीय अधिकारकर्मी र लोकतन्त्रवादी जातीय अधिकारकर्मीहरूको भेद स्पष्ट रुपमा छुट्याउन सक्नुपर्छ । जातीय आन्दोलनमा प्रतिगामीहरूको तर्फबाट बद्री मण्डल मार्काका को-को लागिरहेका छन् र तिनीहरू के-के गर्दै छन् भनी आमसंचारमाध्यमहरूले पनि जनतालाई सुसूचित गर्नुपर्ने बेला आइसकेको छ ।

प्रतिगामी कोणबाट जातीय अधिकारको आन्दोलन भाँड्नेहरूको भन्डाफोर गर्दै लोकतन्त्रवादी जातीय अधिकारकर्मीहरू स्पष्ट रणनीतिका साथ अघि अहिलेको जातीय आन्दोलन दुई पांग्राको नीतिअनुसार अगाडि बढाउनुपर्छ । एउटा पांग्रा अन्तरिम संविधान सुधार हो भने अर्को पांग्रा संविधानसभाको चुनाव हो । संविधानसभाको निर्वाचनले नै सबैथोक गरिदिन्छ भनेर अन्तरिम संविधानमा सुधारको मागलाई छाड्नु गलत हुनेछ । अनि अन्तरिम संविधानमा सुधारका नाममा संविधानसभालाई बेवास्ता गर्नु पनि अर्को महाभुल हुनेछ । वास्तवमा लोकतान्त्रिक जातीय अधिकारकर्मीहरूको लक्ष्य भनेकै संविधानसभाको निर्वाचन हो । जातीय आन्दोलनको आडमा प्रतिगामीहरू संविधानसभाको चुनावलाई भाँड्ने तथा हुनै नदिने दाउमा लागेका छन् भन्ने स्पष्ट भइसकेको छ । खासगरी प्रतिगामी कोणका जातीय अधिकारकर्मीहरू अन्तरिम संविधानमा सुधारका नाममा संविधानसभाको चुनाव हुन नदिने षडयन्त्रमा लागेका छन् ।

*(लेखक थारू कल्याणकारी सभाका महामन्त्री हुन् ।)*

# असर वर्जित जलको




साथीभाइबीचको जमघटमा रक्सी सेवनलाई आफ्नो शरीर र अरूलाई कुनै असर नगर्दासम्म 'सेन्सिबल ड्रिङकिङ'को मान्यता दिइएको छ । त्यो 'सेन्सिबल ड्रिङक'को मापदण्ड के त ? कति खाँदा धेरै ?

■ मनीष गौतम/काठमाडौं

**अनुसन्धानको विषय:** एक मेडिकल कलेजमा कार्यरत चिकित्सकमा 'अल्कोहल'को प्रयोग । अनुसन्धान विधि: पूर्वी नेपालको एक मेडिकल कलेजमा कार्यरत 'फिजिसियन'मा 'अल्कोहल' प्रयोगको बानीसम्बन्धी 'क्रस-सेक्सनल' अध्ययन । परिणाम: उक्त अस्पतालमा कार्यरत ८८ प्रतिशत 'फिजिसियन' 'अल्कोहल' प्रयोग गर्दै आएको । यीमध्ये एक चौथाइ महिला चिकित्सक । प्रिय 'ड्रिङ्क्स' 'ह्विस्की' । साथीहरूको चाप र सामाजीकरणका लागि 'अल्कोहल'को प्रयोग गरेको स्पष्टीकरण ।

निष्कर्ष: 'अल्कोहलको अत्यधिक प्रयोग । सेवनको प्रत्यक्ष असर स्वास्थ्यमा तर चिकित्सकलाई 'रोल मोडल' बनाउने बिरामीहरू उनीहरूको रक्सी सेवनको बानीबाट प्रभावित हुने सम्भावना ।

काठमाडौं युनिभर्सिटी मेडिकल जर्नलमा सन् २००६ मा प्रकाशित माथिको अनुसन्धानबाट नेपालमा रक्सी सेवनको गाम्भीर्य आँकलन गर्न सकिन्छ । यसबाट नेपाली समाजमा रक्सी सेवनको प्रयोग सचेत समुदायलगायत सर्वसाधारणसम्म प्रयोग भएको निष्कर्ष निकाल्न सकिन्छ ।

रक्सी खाने बानीसम्बन्धी यस्तै एक अनुसन्धान झन्डै तीन वर्षअघि नेपालको पूर्वी सहर धरानमा भएको थियो । भारतस्थित एम्स तथा धरानस्थित विपी कोइराला स्वास्थ्य प्रतिष्ठानद्वारा गरिएको उक्त अनुसन्धानले त्यस सहरका झन्डै २६ प्रतिशत व्यक्तिमा रक्सी सेवन गर्ने बानी बसेको देखाएको छ । धरानका दुई हजारभन्दा बढी व्यक्तिमा गरिएको उक्त सर्वेक्षणले एकल तथा सम्बन्ध विच्छेद रहेका व्यक्ति रक्सी सेवनमा बढी नै निर्भर भएको अर्को पाटोतर्फ पनि इंगित गरेको छ ।

तर यो समस्या धरान सहरको मात्र रहेन । मुलुकको हरेक भू-भागका बासिन्दा अधिक रक्सी सेवनको संस्कारमा अभ्यस्त भइसकेका छन् । 'दुःखबाट छुटकारा मिल्ने बहानामा होस् वा सुख मनाउने निहुँमा नेपाली समाज रक्सी सेवनतर्फ उन्मुख भएको छ', समाजशास्त्री गुरुङको निष्कर्ष छ, 'तर यसले पारेको असरहरूबारे भने कमै मात्र ध्यान गएको छ । रक्सी सेवनका कारण स्वास्थ्य, सामाजिक तथा आर्थिक समस्याको लेखाजोखा हुन सकेको छैन ।'

अधिक रक्सी सेवन मृत्यु तथा मृत्युजन्य रोगको प्रमुख कारण बनेको छ । नेपालमा जति रक्सीको व्यापार फस्टाउँदो छ त्यति नै यसले स्वास्थ्य तथा सामाजिक समस्यालाई पनि बढावा दिएको छ । मुलुकको अर्थतन्त्रको मुख्य मेरुदण्ड 'रक्सी' उद्योग बनेको छ । राष्ट्रिय राजस्व संकलनमा झन्डै ६ प्रतिशत स्थान 'रक्सी' उद्योगबाट थेगिने गरेको छ । यसमा गैरकानुनी तथा घरेलु रुपमा उत्पादन हुने रक्सीको लेखाजोखा छैन, जसको व्यापार पनि अदृश्य रुपमा मौलाएको छ ।

'हाम्रो देशमा सिटामोल किन्न गाह्रो छ, तर रक्सी भने जो सुकैका लागि जुनसुकै बेला सजिलै उपलब्ध छ', समाजशास्त्री गणेश गुरुङ भन्छन्, 'आधुनिक जीवनशैली तथा संस्कारगत मूल्य मान्यताले नेपाली समाज रक्सी सेवनले वैधानिकता पाएको छ ।'

जो रक्सी पिउँछन् उनीहरू 'सामाजीकरण' तथा साथीभाइसँग रमाइलो गर्ने एक मजबुत आधारको रुपमा लिने गर्छन् । थोरै मात्रले रक्सी सेवनको 'लत' भएको स्विकार्छन् यदि यसले उनीहरूको स्वास्थ्य तथा पारिवारिक जीवनलाई असर गरेको अवस्थामा । रक्सी सेवनको बानीले हद नाघिसक्दा यसको उपचारमा निकै ढिलो भइसकेको हुन्छ ।

रक्सी सेवनको बानी छुटाउनका लागि राजधानीमा रिचमन्ड फेलोसिपले गत सात महिनादेखि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन गर्दै आएको छ । 'रक्सी सेवनको मारले पीडित व्यक्तिहरू उपचार खोज्दै आएका छन् र हामी अहिले त्यसलाई थेग्ने अवस्थामा छैनौं', संस्थाका कार्यक्र संयोजक तथा परामर्शदाता विष्णु शर्मा भन्छन्, 'रक्सी सेवनको मार यति चरम छ कि यसको स्थिति आँकलन गर्ने हो भने भयावह चित्रण आउँछ ।'

निजी व्यवसायमा संलग्न ४५ वर्षीय एक प्रौढ भर्खरै यस पुनःस्थापनाबाट उपचार भएर बाहिरी संसारमा निस्किएका छन् । अहिले रक्सीविहीन जिन्दगी बाँचेका उनी अहिले आफ्नो विगत सम्झेर पछुताउँछन् । 'साथीभाइसँग बसेर रक्सी खाँदा रमाइलो मानियो, तर यसकै कारणले म बर्बाद भएँ', उनी भन्छन्, 'रक्सी खाने बानीले मेरो घरपरिवार लथालिंग भयो ।'

साथीभाइबीचको जमघटमा रक्सी सेवनलाई आफ्नो शरीर र अरूलाई कुनै असर नगर्दासम्म





'सेन्सिबल ड्रिङकिङ'को मान्यता दिइएको छ। त्यो 'सेन्सिबल ड्रिङक'को मापदण्ड के त ? कति खाँदा धेरै ? 'यसको मात्राको कुनै निश्चित मापदण्ड छैन', परामर्शदाता शर्मा भन्छन्, 'थोरै पिइएको छ तर त्यसबाट आफ्नो स्वास्थ्य वा पारिवारिक अनि सामाजिक जीवनमा बाधा उत्पन हुन्छ भने रक्सी पिउने बानीले समस्या उत्पन्न गऱ्यो भन्ने कुरा बुझ्नु जरुरी छ।'

रक्सी सेवनको समस्या पुरुष केन्द्रित मात्र छैन। तुलनात्मक रुपमा रक्सी सेवन गर्ने महिलाको संख्या कम रहे पनि यसको नशामा उनीहरू पनि डुबेका छन्। शर्मा भन्छन्, 'हाम्रो संस्थामा अधिक रक्सी सेवन गर्ने महिलाहरू पनि उपचार तथा पुनःस्थापनका लागि आएका छन्।'

रक्सी सेवनको मात्रा अनियन्त्रित रुपमा बढ्दै गयो भने रक्सी सेवन नियमित 'बानी'मा परिणत हुन्छ। त्यसपछि शारीरिक तथा मानसिक रुपमा जो कोही पनि रक्सी सेवनमा निर्भर हुनु पर्ने अवस्था आउँछ।

कोही व्यक्ति केही समयसम्म धेरै रक्सी पिउँछन् र झ्वाट्टै छोड्छन्, तर फेरि केही समयपछि अधिक मात्रामा पिउँछन्। 'यो पनि अधिक रक्सी सेवनले निम्त्याएको शारीरिक र मानसिक समस्या हो', शर्मा भन्छन्, 'त्यसैगरी कोही व्यक्ति रक्सी सेवनपछि अस्वभाविक व्यवहार देखाउने अथवा पूरै चुप लागेको अवस्था छ भने त्यहाँ पनि केही समस्या छ भन्ने कुरा बुझ्नु पर्छ।' बिहान उठेदेखि रक्सी पिउने बानी समस्याको चरम रुप मानिन्छ।

त्यसैगरी जो व्यक्ति अधिक पिउँछन् तर उनीहरूको स्वास्थ्य, सामाजिक वा पारिवारिक जीवनमा कुनै टकराव आएको छैन भने पनि होसियार रहनु पर्ने विशेषज्ञहरूको राय छ। 'रक्सी सेवन गर्ने लत बस्यो भने त्यो व्यक्ति ढिलो वा चाँडो समस्यामा पर्छ', डा. विक्रम पटेलले *समय*लाई भने, 'मानव शरीरले अत्यधिक रक्सी सेवनको भारलाई कुनै हदसम्म वहन गर्छ, तर यसको मतलब सधैंका लागि भने होइन। तर एउटा अवस्था यस्तो आउँछ जुन बेला रक्सीले शरीरलाई पूरै कमजोर बनाइसकेको हुन्छ।' लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रोपिकल मेडिसिनका सिनियर लेक्चरर डा. पटेल भन्छन्, 'त्यसैले रक्सी सेवनको असर यसका समस्याबारे पहिले नै सचेत भए स्वास्थ्य समस्याबाट बच्न सकिन्छ।'

अधिक रक्सी सेवनले पार्ने असरहरू के के हुन् त ? 'मुख्य रुपमा यसबाट स्वास्थ्य समस्या आउने हामीले अनुभव गरेका छौं', डा. पटेल भन्छन्, 'त्यसैगरी निरास हुने र आत्महत्याको प्रयास समेत गर्छन्।' त्यसैगरी अधिक सेवन गर्ने व्यक्तिहरू तनावमा आउने तथा थकान महसुस गर्छन् भने स्नायु तथा कलेजोसम्बन्धी रोगबाट पीडित हुने गरेका छन्।

त्यसैगरी किशोर-किशोरीहरू रक्सी सेवनको माध्यमबाट लागूपदार्थको लतमा फस्ने र जोखिमपूर्ण यौन व्यवहारमा संलग्न हुने गरेको शर्मा बताउँछन्।

रक्सीको लतले पैसाको बर्बादी पनि त्यत्तिकै हुने गरेको छ। कामको क्षमतामा ह्रास आउँछ अनि परिवारमा कलह उत्पन्न हुन्छ। 'नेपाली समाजमा रक्सी सेवन सामाजिक विकृतिको रुपमा फैलिसकेको छ', शर्मा भन्छन्, 'यसले पारिवारिक कलह, आर्थिक तथा सामाजिक समस्या निम्त्याएको छ।'

नेपाली समाजमा कपिय समुदायमा रक्सी सेवन संस्कारगत मूल्य मान्यतासँग गासिएको छ। त्यसैले यसको प्रयोग पनि भएको छ। 'संस्कारगत मान्यताले रक्सी खाने छुट छ भन्दैमा स्वास्थ्य र परिवारलाई नै असर पार्ने गरी रक्सी सेवन गर्न भने छुट छैन', समाजशास्त्री गुरुङ भन्छन्, 'धेरै रक्सी सेवन गरेर रोगले थला परेका मेरा कतिपय साथीको अकालमै मृत्यु भएको छ।' उनका अनुसार यसखाले संस्कारगत समुदायमा रक्सी सेवनले पार्ने असरबारे जनचेतना जगाउनु आवश्यक छ। त्यसैगरी आधुनिक जीवनशैली पछ्याउने क्रममा रक्सी 'वर्जित' केही नेपाली समुदायमा यो पदार्थ अहिले 'अपरिहार्य' मानिएको छ र खुल्लमखुल्ला प्रवेश पाएको छ।

व्यापारिक प्रयोजनको रुपमा गैरकानुनी र घरेलु रुपमा उत्पादित रक्सी त झनै स्वास्थ्यका लागि खतरनाक रहने स्वास्थ्य विशेषज्ञहरू बताउँछन्। कारण यसमा स्वास्थ्यका लागि खतरनाक मानिने रसायनहरूको प्रयोग हुने गर्दछ। भट्टीपसलमा पाइने जाँडमा अधिक मातका लागि युरिया मल मिसाइने समेत पाइएको छ। ■

# बर्डफ्लु रोक्न विश्व बैंकको अनुदान



**विश्व बैंकले मानवका** लागि प्राणघातक मानिएको बर्डफ्लु रोगको संक्रमण न्यूनीकरण गर्ने नेपाल सरकारको प्रयासमा सघाउन १ करोड ८२ लाख अमेरिकी डलर अनुदान सहयोग गर्ने भएको छ। सोसम्बन्धी अनुदान प्रस्ताव वासिङटन डिसीमा यसै साता आयोजित बैंकका कार्यकारी निर्देशकहरूको बैठकबाट अनुमोदन भएको हो। पक्षीहरूमा लाग्ने संक्रामक रोग नियन्त्रणसम्बन्धी एक परियोजनाअन्तर्गत यो अनुदान रकम खर्च हुनेछ। यसमा खासगरी घरपालुवा पक्षीहरूबीच संक्रमण हुने बर्डफ्लु रोगका साथै पक्षीबाट मानिसमा हुने सम्भावित संक्रमणलाई रोकथामतर्फ प्रयास केन्द्रित गर्नेछ। विशेषतः परियोजनाले संक्रमणको महामारी र त्यसबाट उत्पन्न हुनसक्ने आपत्कालीन स्थितिको सामना गर्ने लक्ष्य राखेको छ। रोग रोकथाम, तयारी तथा योजना र उपचार तथा नियन्त्रण गरी तीन किसिमले संक्रमणको सामना गर्ने रणनीतिक लक्ष्य बनाइएको छ।

नेपालका लागि विश्व बैंकका निर्देशक केन ओहासी भन्छन्, 'परियोजनाले रोगको चाप, त्यसबाट हुने आर्थिक नोक्सानी, मानिसमा सर्न सक्ने जोखिम र संक्रमणका कारण उत्पादकत्वमा हुने ह्रास न्यूनीकरण गर्ने उद्देश्य राखेको छ।'

परियोजनाले भयाभय संक्रमणको सम्भाव्य असर तथा जोखिम, आफ्नो सुरक्षा आफैं गर्ने उपायहरू र उपचार स्रोतबारे सर्वसाधारणमा सचेतना तथा जानकारी बढाउने सूचना तथा संचारसँग सम्बद्ध गतिविधिहरूलाई टेवा पुऱ्याउनेछ। संचारसम्बन्धी प्रयासहरूले पक्षीपालक किसानहरूलाई बर्डफ्लु रोगका लक्षणहरू पहिचान गर्न, रोगी पक्षीहरूलाई सुरक्षित रुपमा नष्ट पार्न एवं आफू र आफ्ना परिवारका सदस्यहरूलाई संक्रमणबाट जोगाउन अपनाइनुपर्ने कदमहरूबारे जानकारी दिने लक्ष्य राखेको छ।

किसानहरूले रोगी पक्षीहरूलाई नष्ट गर्न बाध्य हुनुपर्ने अवस्था आएमा बर्डफ्लुबाट प्रभावित अन्य देशहरूमा भैं परियोजनाले उनीहरूलाई क्षतिपूर्तिस्वरुप शोधभर्ना दिने उपाय पनि अवलम्बन गर्नसक्नेछ।

'उत्तरमा चीन र दक्षिणमा भारतमा यो रोग फेला परिसकेको छ र दुवै मुलुकबीच रहेको नेपाल एक स्थानबाट अर्को स्थानमा बसाइँ सर्ने चराचुरुंगीको मार्गमा पर्छ', विश्व बैंकका वरिष्ठ कृषि अर्थशास्त्री तथा परियोजना टोलीका सहनेता डानियल सेलेनले भनेका छन्, 'नेपालमा अहिलेसम्म मानिस र पक्षीमा बर्डफ्लु पाइएको छैन, तर यो उच्च जोखिममा पर्ने मुलुक भएकाले त्यसबारे सतर्क रहनु आवश्यक छ।'

विश्व बैंकको सहुलियतपूर्ण सहयोग प्रदान गर्ने अंगका रुपमा रहेको अन्तर्राष्ट्रिय विकास संस्थाबाट परियोजनाका लागि यो अनुदान दिइने विश्व बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# हङकङमा गोर्खा बियर

**गोर्खा ब्रुअरीद्वारा** उत्पादित गोर्खा बियर अब हङकङ निर्यात हुने भएको छ। सन् २००७ को सुरुसँगै गोर्खा ब्रुअरीले गोर्खा बियर हङकङ पठाउन लागेको हो। नेपाली फुड सर्भिस प्रालि हङकङ गोर्खा बियरको आयातकर्ता हो। यसले हङकङमा रेस्टुराँ र बारहरू पनि संचालन गर्दै आएको छ।

यो बियर नेपालमा सन् २००६ को मे महिनामा बजारमा ल्याइएको हो। युरोपमा निर्यात गर्न तथा नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई नेपाली स्वादको बियर उपलब्ध गराउने लक्ष्यका साथ यसको उत्पादन गरिएको हो।

अमेरिका, युरोप एवं विभिन्न एसियाली देशहरूमा विशिष्ट बियर उत्पादन गर्ने लहर चलेको परिप्रेक्ष्यमा नेपालबाट निर्यात गरिने गोर्खा बियरले अन्तर्राष्ट्रिय बजारमा राम्रो पहुँच राख्ने अपेक्षा राखिएको छ। कम्पनीले यो बियर विदेशी उपभोक्तालाई लक्षित गरी उत्पादन गरिएको बताएको छ। राम्रो हप्स, शुद्ध पानी र गहुँबाट परम्परागतरुपमा नेपालमै उत्पादित यो बियर नयाँ स्वाद र गुणस्तरका कारण पर्यटक, विदेशी नागरिक र नेपाली बियर पारखीहरूले अत्यधिक मन पराएको दाबी कम्पनीको छ।




# क्लिन इनर्जी बैंक संचालनमा

**नेपाल राष्ट्र बैंकका** गभर्नर विजयनाथ भट्टराईले क्लिन इनर्जी डेभलपमेन्ट बैंकको यसै साता उद्घाटन गरेका छन्। बैंकद्वारा आयोजित एक समारोहबीच बैंकको उद्घाटन गर्दै गभर्नर भट्टराईले बैंकिङ सेवा गाउँमा पुऱ्याउनु पर्ने आवश्यकता औंल्याएका छन्। सरकारले बैंकहरू एकापसमा 'मर्ज' गर्न सक्ने कानुनी व्यवस्था गरेको जानकारी दिँदै उनले प्रतिस्पर्धामा टिक्न बैंकहरूलाई यसतर्फ सोच्न पनि आग्रह गरेका छन्। बैंकका अध्यक्ष धनञ्जयप्रसाद आचार्यले बैंकको लगानी नवीकरणीय ऊर्जामा केन्द्रित रहने जानकारी दिएका छन्। जलविद्युत् तथा अन्य ऊर्जाका क्षेत्रमा खास लगानी केन्द्रित गर्ने योजना बैंकले बनाएको छ। प्रमुख कार्यकारी अधिकृत मनोज गोयलका अनुसार बैंकको चुक्ता पुँजी ३२ करोड र अधिकृत पुँजी ६४ करोड रुपैयाँ रहेको छ। बैंक संचालनका लागि युएसएआइडी र विनरक इन्टरनेसनलले प्राविधिक सहयोग पुऱ्याएका छन्।

# महत्त्वाकांक्षी लक्ष्य

**'राष्ट्रिय गौरव** तथा स्वस्थ नागरिकको लागि खेलमय जीवन'को नारालाई अगाडि बढाउँदै नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले पहिलोपल्ट आफ्नो लक्ष्य 'भिजन- २०२०' सार्वजनिक गरेको छ । सन् २०२० को ओलम्पिकमा स्वर्ण पदक जित्ने महत्त्वाकांक्षी लक्ष्यका साथ सार्वजनिक गरिएको 'भिजन-२०२०' मा सन् २०१२ सम्म दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा तेस्रो स्थान पक्का गरिसक्ने र २०१४ को एसियाडमा पच्चीसौं स्थान सुनिश्चित गर्ने जनाइएको छ ।

नेपाली खेलकुदको स्थिति दयनीय बन्दै गइरहेको परिप्रेक्ष्यमा राखेपले सार्वजनिक गरेको 'मिसन-२०२०' लाई खेलविज्ञहरूले स्वागत गरे पनि कार्यान्वयन पक्षमा देखिएको अन्योलताका कारण परिषद्को लक्ष्य पूरा हुनेमा कमैलाई आशा छ । लोकतन्त्रबहालीपछि नेपाली खेलकुदको सर्वोच्च निकायको जिम्मेवारी पाएको एमाले नौ महिनासम्म अलमलमा रहनु र अन्तरिम संविधानमा माओवादीको आगमनपछि अब बन्ने नयाँ सरकारमा कुन दलले खेलकुद सञ्चालन गर्छ भन्ने स्पष्ट किटान नहुँदै राखेपले आफ्नो महत्त्वाकांक्षी लक्ष्य सार्वजनिक गरिनुलाई केही विज्ञहरूले सस्तो लोकप्रियताको संज्ञा दिएका छन् ।

'परिषद्को मिसनलाई सकारात्मक रूपमा लिन सकिन्छ । तर, कार्यान्वयन पक्ष मौन हुनुले मिसन सफल हुन सक्दैन कि भन्ने सवाल खडा भएको छ । त्यसमा पनि आर्थिक कुरालाई समेटिएको छैन', नेपाल ओलम्पिक कमिटीका अध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य-सचिव रुक्मशम्शेर राणा भन्छन् ।

हालको नेतृत्वले सार्वजनिक गरेको खेलकुद मिसनको औपचारिकता पुष्टि नभइसकेको स्थितिमा खेलकुदमा आउने नयाँ नेतृत्वले 'मिसन-२०२०' लाई पछ्याउने सम्बन्धमा अझै बढी अन्योल देखिएको छ । यद्यपि, यति हुँदाहुँदै पनि राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ आफूहरूले सार्वजनिक गरेको मिसन सफल हुनेमा आशावादी देखिन्छन् । करिब ५ लाख रुपैयाँ खर्च गरेर ३ महिना लामो अध्ययनपछि सार्वजनिक गरिएको राष्ट्रिय खेलकुद परिषद्को नयाँ लक्ष्य 'मिसन-२०२०' लाई सदस्य-सचिव श्रेष्ठ परम्परागत हिसाबले चलिरहेको खेलकुदको ढाँचा बदल्ने कुरामा पहिलो खुटकिलो भएको दाबी गर्छन् । 'यसअघि हामी कम्पास नभएको डुंगामा हिँडिरहेका थियौं', 'मिसन-२०२०' को औचित्यलाई पुष्टि गर्दै श्रेष्ठ भन्छन्, 'यसअघि नेपाली खेलकुद कुन लक्ष्य बोकेर हिँडिरहेको थियो ? हाम्रो लक्ष्य के हो ? भन्ने न प्रशिक्षकहरूलाई थाहा थियो, न खेलाडीहरूलाई नै । आजदेखि हामी नयाँ लक्ष्य बोकेर हिँडिरहेका छौं ।'

उनी परिषद्ले सार्वजनिक गरेको मिसनमा कार्यान्यवनको पक्षमा केही त्रुटि रहेको स्विकार्छन्, तर अहिलेसम्म खेल नीति स्पष्ट नभइसकेको सन्दर्भमा 'मिसन-२०२०' ले निष्क्रिय रहेको नेपाली खेलकुदमा तरंग पैदा गर्ने उनको कथन छ ।

यसैगरी परिषद्का उपाध्यक्ष सीताराम मास्के खेल विकासकै लागि आफूहरूले राखेपको जिम्मेवारी लिएको बताउँदै आफूहरूले सार्वजनिक गरेको राखेपको नयाँ लक्ष्य 'मिसन-२०२०' लाई कुनै पार्टी विशेषसँग जोडेर हेर्न नहुने बताउँछन् । 'खेलसँग सम्बन्धित पदाधिकारी, खेलाडी र खेल विज्ञहरूकै सल्लाह र सुझावले राखेपले यो काम गरेको हो । त्यसैले हामी परिषद्मा रहनु र नरहनुको प्रमुख कुरा होइन । यसलाई सबैले अगाडि लिएर जानु पर्छ', उनी भन्छन् । उनले तल्लोस्तरदेखि नै युवा जनशक्तिलाई परिचालन गरेर सन् २०२० को ओलम्पिकमा स्वर्ण पदक जित्ने लक्ष्य बनाइएको जानकारी दिँदै भने, 'पहिले खेलकुद परिषद्कै लक्ष्य सार्वजनिक नभईकन पैसा कताबाट आउँछ ?

उनको भनाइसँग सहमत हुने आधार भए पनि अहिलेसम्म कुनै नेपाली खेलाडीले ओलम्पिकमा पदक जित्न नसकेको पृष्ठभूमिमा पहिलो लक्ष्यमै स्वर्ण पदकको आशा गर्नु भनेको सस्तो लोकप्रियता नै देखिन्छ । फेरि ओलम्पिकमा कुन खेलबाट नेपालले स्वर्ण पदक जित्न सक्छ भन्ने विषयमा तयार पारेको रिपोर्ट पूर्णतः मौन रहनुले राखेपको आगामी १३ वर्षको लक्ष्य धमिलो पानीमा माछा मार्ने जस्तो देखिन्छ । तर, यससँगै खेलप्रतिको सरकारी नीति लक्ष्यअनुरूप बन्न सकेको खण्डमा नेपालको खेल इतिहासले कोल्टे फेर्ने सम्भावना पनि उत्तिकै देखिन्छ ।

■ **नवीन अर्याल/काठमाडौं**






अपी र सैपालको पृष्ठभूमिमा रहेको डडेल्धुराको टुँडिखेलमा क्रिकेटरहरू

# हिमालमुनि बलिङ र ब्याटिङ

**स्थानीयस्तरबाट क्रिकेटका लागि ठूलो लगानी भए पनि क्यानले अहिलेसम्म सहयोग नगरेकाले स्थानीय बासिन्दाको मन कुँडिन्छ, क्यानले उनीहरूलाई आशाबाहेक केही दिएको छैन । स्वर्णजयन्ती कपको लगत्तै यु-१९ क्षेत्रीय प्रतियोगिता आयोजना गर्ने जिम्मेवारीसमेत बैतडीले पाएकाले उनीहरू हौसिएका हुन् ।**

■ **श्याम भट्ट, डडेल्धुरा** (तस्बिर पनि)

**नयाँ हिउँ** थपिएपछि अपी र सैपाल हिमशृंखला हाँसेका छन् । टाढाबाट हेर्दा काखमा झैं देखिने यहाँको टुँडिखेलमा एक महिनादेखि एक हुल युवाहरू यसै महिनाको तेस्रो साता आयोजना हुने क्षेत्रीय क्रिकेट प्रतियोगिताका लागि तयारीमा जुटेका छन् । यिनै हिमालको समानान्तरमा झन्डै ८५ किलोमिटर टाढा रहेको बैतडीको सुन्दरखालीको नवनिर्मित क्रिकेट मैदानमा भने एक महिनादेखि छाएको क्रिकेट प्रतियोगिताको चहलपहल यद्यपि कायम छ । जिल्लास्तरीय यु-१५को खेल प्रतियोगिताको समापनपछि अहिले दशरथचन्द मा‌विको स्वर्ण जयन्तीका अवसरमा आयोजित विद्यालयस्तरीय स्वर्णजयन्ती कपको चहलपहलले उनीहरूलाई तताएको छ । यति मात्र होइन, दुई दशकको क्रिकेट इतिहासमा बैतडी सदरमुकाममा पहिलोपटक नै यो खेल प्रतियोगिता आयोजन भइरहेकाले उनीहरू हर्षित पनि भएका छन् । क्रिकेटको नयाँ आयमका लागि मैदान अभावमा यसअघि उनीहरू सदरमुकामभन्दा दस किलोमिटर टाढा रहेको देहीमाण्डौंस्थित निङ्लाशैनी खेल मैदानमा आफ्ना प्रतियोगिताहरू सम्पन्न गराउँदै आएका थिए ।

क्रिकेटलाई आफ्नो संस्कृतिको रुपमा विकास गर्दै लगेका बैतडेलीहरूले मैदान बनाउन ३६ रोपनी जग्गा जिल्ला क्रिकेट संघलाई उपलब्ध गराएपछि सदरमुकाममै मैदान बनाउन उनीहरू जुटेका हुन् । स्थानीयस्तरबाट उठेको १० लाख रुपैयाँ मैदानमा लगानी भइसके पनि यसको निर्माण सम्पन्न भएको छैन । तैपनि खेत गह्रा र सडक हुँदै बगरमा क्रिकेट खेल्ने बानी परेका स्थानीय किशोर र युवाहरूलाई निर्माणाधीन मैदान वरदान सावित भएको छ । क्षेत्र नम्बर ६ का प्रशिक्षक राजेन्द्र चन्द भन्छन्, 'पहिलेभन्दा त धेरै सजिलो भएको छ । अब हाम्रो कमजोर पक्ष क्षेत्र रक्षण पनि सुधार हुने आशा हामीले गरेका छौं ।'

स्थानीयस्तरबाट क्रिकेटका लागि ठूलो लगानी भए पनि क्यानले अहिलेसम्म सहयोग नगरेकाले स्थानीय बासिन्दाको मन कुँडिन्छ, क्यानले उनीहरूलाई आशाबाहेक केही दिएको छैन । स्वर्णजयन्ती कपको लगत्तै यु-१९ क्षेत्रीय प्रतियोगिता आयोजना गर्ने जिम्मेवारीसमेत बैतडीले पाएकाले उनीहरू हौसिएका हुन् । जसका लागि परम्परागत निङ्लाशैनी मैदान रोजिएको छ । क्षेत्र नम्बर ६ बाट राष्ट्रिय प्रतियोगितामा सामेल खेलाडी दिनेश भन्छन्, 'अहिले यहाँको वातावरण क्रिकेटमय भएको छ । यस्तो लाग्छ, क्रिकेटको मौसम नै आएको छ ।' हुनपनि वसन्तको आगमन हुनभन्दा अघिदेखि सुरु हुने बैतडीको क्रिकेट मौसम वर्षा लागेपछि मात्र समाप्त हुने गर्छ । यस अवधिमा जिल्लास्तरीय यु-१५ देखि सिनियरसम्मका प्रतियोगिताको

तालिकाभित्र बैतडेली खेलाडीहरूले आफ्नो कौशल देखाउने मौका पाउँछन् ।

यता डडेल्धुरामा एउटा खेलमा रेफ्रीको भूमिकामा देखिएका निरज रावल अर्को खेलमा खेलाडीका रुपमा देखिन्छन् । बैतडीको व्यवस्थित खेल देख्दा छिमेकी जिल्लामा देखिएको यो दृश्य अलि फरक लाग्न सक्छ । उनीहरूका लागि यो कुनै नौलो कुरा भने होइन । बिस्तारै मौलाउन पाएको क्रिकेट खेलप्रतिको मोहका कारण नै निरज जस्ता दर्जनौं युवाहरू यसप्रति आकर्षित भएका छन् ।

व्यवस्थित खेलका रुपमा खेलिने क्रिकेटका लागि उनीहरूसँग सबै कुरा छैन । तैपनि उनीहरू क्षेत्रीय क्रिकेट प्रतियोगितामा सामेल हुन पाउने आशाले उपलब्ध सामग्री र जनशक्तिले नै काम चलाइरहेका पाइन्छन् । अधिकांशले आफ्नो खाजा खर्च कटाई क्रिकेटमा लगानी गरेका छन् । इच्छाले उपाय खोजी हाल्छ भनेझैं यहाँ मात्र होइन, सम्पूर्ण पहाडी जिल्लामा खेलप्रेमीहरूले क्रिकेट खेल्न थालिसकेका छन् र यसको संस्थागत विकासका लागि पनि विभिन्न पहल सुरु गरेका छन् । क्षेत्रीय प्रतियोगितामा दार्चुला, डडेल्धुरा र डोटी जस्ता जिल्लाहरूको सहभागिताले यस खेलप्रतिको मोह प्रस्टिन्छ । डडेल्धुरामा भने यो खेल खेल्न थालिएको आधा दशक मात्रै हुन थाल्यो । बाख्रा बेचेर क्रिकेट खेलेको समाचारले उनीहरू पनि क्रिकेट खेल्छन् भनेर चिनिएका हुन् ।

अझै पनि क्यानबाट जिल्ला संघले मान्यता पाउन सकेको छैन । मैदानको अभावमा टुँडिखेलको सानो मैदानबाटै खेलाडीहरूले आफूलाई भुलाउने प्रयास गरेका छन् । खेल सामग्री अभावले पनि उनीहरूलाई पिरोलेकै हुन्छ । क्यानबाट मान्यता नपाए पनि क्षेत्र नं ६ बैतडीबाट उनीहरूले मान्यता पाएका छन्, जससँगै दार्चुला र डोटी पनि क्षेत्रको मान्यताभित्र सामेल हुन पाएका छन् । उसो त सुदूरपश्चिमका बैतडी, कैलाली र कञ्चनपुरले क्रमशः क्यानबाट मान्यता पाएका हुन् ।

छुट्टै क्षेत्रका रुपमा दुई वर्षअघि अस्तित्वमा आएको क्रिकेटको क्षेत्र नम्बर ६ बैतडीले राष्ट्रिय खेलवृत्तमा आशातीत सफलता बटुल्न नसके पनि स्थानीयस्तरमा यस खेलप्रति आकर्षित गराउन सफल भएको छ । क्रिकेटमा छुट्टै पहिचान बनाएको बैतडी मात्र होइन, अहिले छिमेकी पहाडी जिल्लाहरूमा समेत यस खेलप्रति मोह बढ्दै गइरहेको छ । डडेल्धुरा जिल्ला क्रिकेट संघका अध्यक्ष पृथ्वी केसी भन्छन्, 'हामी जति गर्न सकिरहेका छौं । त्यो सबै हाम्रो आफ्नो प्रयास मात्रै हो । खेल भावनाको अनुपातमा यो खेल विकास गर्न सके यहाँबाट पनि राष्ट्रिय टोलीमा अटाउन सक्ने प्रतिभा निखार्न सकिन्छ ।

क्यानका केन्द्रीय उपाध्यक्ष चतुरबहादुर चन्द भन्छन्, 'मुलुकमा ऐतिहासिक परिवर्तन भए पनि राज्य र खेल जगत्को केन्द्रीकृत सोचमा कुनै परिवर्तन आएको छैन । परिवर्तनपश्चात् नवगठित क्यानभित्र अटाएका चन्दका अनुसार सुदूरपश्चिमलाई हेर्ने दृष्टिकोणमा कुनै परिवर्तन आएको छैन । क्यानमा कुनै पनि उमेर समूहमध्ये एउटा राष्ट्रिय प्रतियोगिता सुदूरपश्चिममा गर्ने आफ्नो प्रस्तावलाई क्यानमात्र होइन, राष्ट्रिय टिमको प्रायोजक वाइवाइका प्रतिनिधिहरूले समेत ठाडै अस्वीकार गरेको बताउँदै चन्द भन्छन्, 'क्षेत्र नं. ५ नेपालगन्जले समेत यो प्रस्तावमा असहमति जनायो । काठमाडौंलाई मात्र क्रिकेटको केन्द्र बनाएर हुँदैन, क्रिकेट गाउँ गाउँमा पुग्नुपर्छ भन्ने हाम्रो चाहना हो । जसका लागि हामी प्रयासरत छौं ।'

क्षेत्र नम्बर ५ द्वारा आयोजना हुने खेलमा सुदूरपश्चिमको न्यून सहभागिताका कारण २ वर्षअघि क्षेत्र नं. ६ अस्तित्वमा आएको हो । यसपछि हदसम्म यहाँका खेलाडीको गुनासो पूरा हुने मौका मिलेको छ । उनीहरू क्षेत्रीय प्रतियोगितासम्म ढुक्कले आफ्नो खेल कौशल देखाउन पाउँछन् । एक महिनाअघि मुम्बईबाट आमन्त्रित केआरपी क्लबसँग कञ्चनपुरका खेलाडीले आफ्नै प्रयासमा घरेलु मैदानमै एक दिवसीय खेल खेलेका थिए ।

आसन्न यु-१९ क्षेत्रीय प्रतियोगिताको एउटा खेल डडेल्धुरामा समेत हुने भएको छ । प्लेट च्याम्पियनसिपका रुपमा खेलाइने सो खेलमा डोटी र डडेल्धुरा भिड्नेछन् । जसले गर्दा डडेल्धुराको वातावरण पनि क्रिकेटमय भएको हो । दक्ष जनशक्ति र खेल सामग्रीको अभाव त छँदै छ । क्षेत्र नम्बर ६ बाट डडेल्धुरा जिल्ला क्रिकेट संघका लागि अवैतनिक रुपमा प्रशिक्षक रहेका वासुदेव जोशीको गुनासो पनि उस्तै छ- 'हामीसँग खेल भावनाबाहेक केही पनि छैन । यसैले हामीलाई खेल्न प्रेरित गर्छ ।' केही महिनाअघि जोशीले क्रिकेट विकास परियोजना नामक एउटा प्रस्ताव क्यान अध्यक्ष विनयराज पाण्डेयसामु प्रस्तुत गरेका थिए । अमरगढी नगरपालिका वरपरका नौवटा गाविसमा खेल सामग्री वितरण गरिनु पर्ने, वार्षिक चारवटा खेल प्रतियोगिता आयोजन गरिनु पर्ने र राम्रा प्रशिक्षकबाट खेलाडीलाई २ महिना बन्द प्रशिक्षणमा राखिनु पर्ने योजना प्रस्तावमा रहेका थिए । 'ठूलो आशा लिएर गएको थिएँ तर फर्किंदा एक जोड् किटमात्रै लगेर जाऊ भनेर क्यानले फर्काइदियो', जोशी भन्छन् । प्रतियोगिताहरू केन्द्रमुखी हुन हुँदैन र खेलाडीहरू मोफसलमा पनि छन् भनेर क्यानले बुझ्नु जरुरी रहेको जोशीको सुझाव छ ।

भारतमा हुर्किएका जोशी उतैबाट क्रिकेटप्रति आकर्षित भएका हुन् । उनले नै डडेल्धुराको क्रिकेटलाई हुर्काउने काम गरिरहेका छन् भन्दा अतिशयोक्ति नहुने बताउँछन् खेलाडीहरू पनि ।

जसरी छिमेकी भारतका कारण सुदूरपश्चिममा क्रिकेट भित्रिएको हो र यसले राष्ट्रियवृत्तमा आफ्नो पहिचान कायम भएको भए पनि उनीहरूले सोचेजस्तो भएको छैन । अन्तर्राष्ट्रिय जगत्मा फैलिँदै गएको मुलुकको क्रिकेट ख्यातिले पनि युवाहरूलाई यस खेलप्रति संवेदनशील बनाएको छ, त्यसरी उनीहरूको खेल भावनालाई पनि क्यानले अवश्य प्रयोग गर्नेछ । यो आशा भने उनीहरूले मारेका छैनन् । ■




# नवीन प्रयोग




**इन्द्रकुमार श्रेष्ठ** 'सरित्'ले कथाकारका रूपमा आफ्नो परिचय बनाइसकेका छन्। त्यसो त उनी कविता, गजललगायत विभिन्न विधामा पनि कलम चलाउने गर्छन्। पछिल्लोपटक उनले उपन्यासमा पनि हात हालेका छन्। हालसालै प्रकाशित 'अर्धसत्य' उपन्यासबाट सरित्ले उपन्यासकारको रूपमा आफ्नो परिचय बनाउन सफल भएका छन्। यसअघि सरित्का 'पूर्व क्षितिज' (कविता संग्रह), 'दिदीको देवर' (कथा संग्रह), 'जस्केलोबाट चियाउने सूर्य (कथासंग्रह) र एकजोर फूल घोडा (कथासंग्रह) प्रकाशित भइसकेका छन्।

प्रस्तुत उपन्यासमा मूल पात्रको रुपमा प्रभातलाई उभ्याइएको छ। विभिन्न परिस्थितिले गर्दा ऊ कसरी समलिंगी बन्न पुग्यो भन्ने कुरा मार्मिक तरिकाले चित्रण गरिएको छ। सुरुमा प्रभात अन्तर्मुखी स्वभावको हुन्छ, कोहीसँग पनि खुलेर कुरा गर्नै चाहँदैन। परिवारबाट पनि आवश्यक सहयोग नपाएपछि ऊ मानसिकरुपमा अस्वस्थ बन्छ। मनमा अनेक कुण्ठाले डेरा जमाएर बस्छन्। आखिरमा असन्तुष्टिले व्याप्त जीवनमा ऊ सन्तुष्टि खोज्ने क्रममा समलिंगी बन्न पुग्छ। यतिसम्म कि पत्नीबाट नपाएको आनन्द ऊ आफ्नो समलिंगी साथीबाट पाउँछ। वास्तवमा, उपन्यासमा प्रभात यस्तो पात्र हो, जुन अहिलेको परिवेशसँग ठ्याक्कै मेल खान्छ।

महानगरीय सभ्यता विकास हुँदै जादा अहिले हाम्रो मुलुकमा पनि समलिंगीको संख्या बढिरहेको छ। राजधानीको अति व्यस्त सहरी भागमा समेत समलिंगीहरू खुलेआम हिँडेर आफ्नो पहिचान देखाउन थालेका छन्। साँच्चै भन्ने हो भने 'अर्धसत्य' उपन्यासले अहिलेको समाजको यथार्थ चित्रण गरेको छ। मूल पात्र प्रभातको पीडा, छटपटी, वेदनाको सेरोफेरोमा उपन्यास दौडिएको छ। सरित्को उपन्यासबारे साहित्यकार डा. बेञ्जु शर्माले यसरी लेखेकी छन्, 'प्रभात एउटा विकृत मनःस्थितिले उब्जाएको भासमा जीवनभर गड्छ र जीवनभर भौंतारिइरहन्छ। अतृप्त र कुण्ठाग्रसित उसको मनःस्थितिको चित्रणमा ऊभित्रको मनोविज्ञान उद्घाटन गर्न लेखक सफल छन्। आफ्नो कलमलाई बेजोड अधीनमा राख्न सफल 'सरित्'ले भन्नुपर्ने कुरा भनिसक्दा पनि परोक्षरुपमा यसलाई लुकाएका छन्, यो उनको खुबी हो।' अर्का प्रसिद्ध समालोचक डा. तारानाथ शर्माले सरित्को आख्यानकलालाई यसरी मूल्यांकन गरेका छन्, 'सानैदेखि रक्स्याहा बाबु चन्द्रवीरले आफ्नी सहनशीला आमा मैनाप्रति गरेको सधैंको दुर्व्यवहार र अर्की आइमाईसँगको हाकाहाकीको सहवासले विरक्त प्रभातको स्वभाविक शारीरिक र मानसिक विकासमा असन्तुलन आई ऊ हीराकृष्णसितको नितान्त निकटताले गर्दा अप्राकृतिक यौनाचारतिर प्रवृत्त भएको हुनुपर्छ। प्रमुख पात्र प्रभात सानैदेखि किन सधैं बाउँठिन्छ, एक्लिएर किन अन्तर्मुखी हुन्छ र किन पत्नीसित पनि सन्तुष्ट हुँदैन भन्ने कुरा उसको अप्राकृतिक यौनाचारले झल्याकझुलुक पार्न खोज्नु र छोरो इसुभप्रतिको दीर्घ विश्वासमा अन्तिम अप्रत्यासित दृश्यले मात्र कुठाराघात गर्नुजस्ता कुरालाई कौतुहलताका हेराइले विश्लेषण गर्नुपर्ने हुन्छ।'

सारमा भन्नुपर्दा सामाजिक विषयवस्तुलाई मनोवैज्ञानिक ढंगले पात्रहरूको मनोदशा चित्रण गरिएको छ। पछिल्लो समयमा प्रकाशित उपन्यासहरूमध्ये यो उपन्यास बेग्लै खालको अनुहार लिएर पाठकसामु उपस्थित भएको छ। ■

# चिल्ला कथाहरू




**दुर्गा विनय झापाका** उदीयमान कथाकार हुन्। उनले उमेर हिसाब गर्दा भर्खरैमात्र दुई दशक पार गरेका छन्। तर, उनका परिपक्व कथा पढेपछि उमेर पत्याउन गाह्रो हुन्छ। दुर्गा विनयले कथा लेख्न थालेको आधा दशक जति भएको छ, यति छोटो अवधिमा उनले लोभलाग्दा कथा लेखेका छन्। भनिन्छ, हुने विरुवाको चिल्लो पात हुन्छ, त्यस्तै छाँट देखाएका छन् उनले। भर्खरै मात्र उनको 'अर्केस्ट्रा' कथासंग्रह सार्वजनिक भएको छ, जसमा एक दर्जन सुन्दर कथा समेटिएका छन्।

किताबका सबै कथा सामाजिक विषयवस्तुलाई समेटेर लेखिएको छ। त्यसमा पनि 'एकजोडी परेवा', 'यात्रा मधेसको' र 'झरी परेको दिन'ले जीवनका भोगाइ मजाले पस्केका छन्। विनयको कथाको विशेषता भनेकै विषय गहनता र प्रस्तुतिमा सरलता हो। यसअतिरिक्त उनका कथा लेखकीय आग्रहबाट मुक्त छन्, पात्रहरू स्वतन्त्र छन् र स्वच्छन्दरुपले विचरण गर्छन्। 'एकजोडी परेवा' कथाबाट यी हरफ हेरौं न...' लोग्ने पनि साह्रै मिजासिलो मान्छे। छरछिमेकमा एक असल मान्छे भएरै बसेको छ। परिआउँदा मद्दत गर्ने बानीले नै ऊ यति आदरणीय भएको हो। मासु भनेपछि त्यति हिरिक्क हुने पनि होइन, तर किन हो परेवा देख्नेबित्तिकै उसलाई त्यसको झोल खाइहालौं जस्तो लाग्यो।

गाउँमा कसैको घरमा पनि परेवा पालिएको थिएन। उनीहरू गाउँमा मेहनती जोडीका रुपमा चिनिन्थे। पोहोर सालको दसैंमा मात्र बीस हजार जतिको त खसी बेचेका थिए, कुखुरा पनि त्यत्तिकै। यो साल भने बर्डफ्लुले गर्दा अलि घाटा खाए।'

विनयका बाँकी कथा पनि राम्रा छन्। उनका कथाबारे समालोचक डा. सञ्जीव उप्रेतीको यस्तो मूल्यांकन छ, 'अहिलेको देशको इतिहास जुन मोडमा उभिएको छ, त्यहाँ जीवनका व्यक्तिगत भोगाइका अनुभूतिहरूलाई राष्ट्रको हत्या, हिंसा र आतंक कथानकसँग छुट्याउन सम्भव छैन। प्रेम, आकांक्षा, घृणा तथा मानसिक तनावका व्यक्तिगत अनुभूतिहरू राष्ट्रको क्यानभासमा घटित भइरहेका राजनीतिक घटनासँग जोडिएर नयाँ रंगहरूमा प्रस्तुत भइरहनेछन्। व्यक्तिगत तथा राजनीतिक, निजात्मक तथा सार्वजनिक कथावस्तुहरूको त्यसै किसिमको अनिवार्य संयोगलाई दुर्गा विनयले उतारेका छन्, आफ्ना शब्द कोरिएका सेता कागजमा क्यानभासहरूमा।'

# निर्वाण



■ चंकी श्रेष्ठ

**दुर्घटना मेरो जीवनमा एकपछि अर्को क्याराभान बनेर आइरहेको थियो । के मेरो जीवन दुर्घटनाहरूको विश्वसंग्रहालय थियो ? म पौने ६ अरब मानिसको संसारमा नितान्त एक्लो भएर बाँचिरहेको थिएँ । तपाईंलाई थाहा छ, यति एक्लो त निर्जीव ढुंगा पनि हुँदैन । मेरो जीवनमा अब के बाँकी थियो त ?**

**विगत पाँच वर्षदेखि** म त्यो केटीको खोजीमा थिएँ । केटी को थिई ? मेरी पूर्वप्रेमिका । नढाँटी भन्छु, म त्यसलाई मार्न चाहन्थेँ र आफू पनि मर्न चाहन्थेँ ।

मेरो जीवन त्यस्तो विलखबन्द यात्रा थियो, जसको वरिपरि केवल भीर थियो र प्रतिगमनको म जन्मजात शत्रु थिएँ । सम्भवतः म संसारकै सबैभन्दा अभागी युवक थिएँ । एक अभागी युवकको जीवनमा के-के हुन्छन् ?

मेरी प्रेमिका, जस्तो कि हरेक प्रेमी ठान्ने गर्छ जुन त्यति सत्य हुँदैन, संसारकै सबैभन्दा मायालु युवती थिई । राम्री त भन्नै पर्दैन, किनभने ती प्रेमीका आँखा थिए र त्यो हिन्दी सिनेमाकी तब्बुजस्तै सानदार र आकर्षक व्यक्तित्वयुक्त थिई ।

यता मेरो मध्ययुगीन सुधोपना हेरौँ । सामान्य हिसाबले पर्याप्त उत्तेजक प्रेमिकालाई प्रेममा खुलेर बढीमा हातसम्म स्पर्श गरेको थिएँ । यदाकदा काँधभन्दा तल वा पेटभन्दा माथि कतै दायाँबायाँ भएको भए त्यो मेरोभन्दा बढी उसको दोष थियो । बिहेअघि प्रेमको लक्ष्मणरेखा कायम राख्ने प्रेरणा मैले मेरै गरिबीबाट पाएको थिएँ । यो मेरो जिनकै देन, आदर्श वा गुण वा कायरता जे भन्नोस् ।

प्रेमिका यदाकदा यस्तो संकेत गर्थी, म त्यसको अर्थ लगाउन सक्थेँ, तर स्विचअफ बत्तीजस्तै डरले कालोनीलो हुन्थेँ । (कृपया, मेरो सज्जनपनको अपव्याख्या नगर्नुस् ।) कहिलेकाहीँ यस्तो लाग्थ्यो, म प्रेमिका हुँ र ऊ आक्रामक प्रेमी । स्पष्ट थियो, मजस्तो सुदामा टाइपको प्रेमीबाट ऊ ढुक्क थिई र त्यहाँ खलनायकको सिनेम्याटिक कुनै रोल हुनसक्दैनथ्यो ।

दुई कुरा, हाम्रो समाजमा ऊ मभन्दा निकै उचो जातकी थिई र उसका बाबु मजति गरिब थिएनन् । अमिताभ बच्चनको विज्ञापनजस्तो प्रेममा रङ भर्न एकदिन ऊ मसँग भाग्न तयार भई । यस्तोमा हरेक युवक उत्साहित हुन्छ । तर, म त भाग्दाभाग्दै भीरमा पुगेझैँ आत्तिएँ । किन ?

सत्य भन्छु, मेरो जीवनमा चारैतिर कहाली थियो । पुर्ख्यौली सम्पत्तिका रूपमा मलाई गरिबी प्राप्त थियो र बेरोजगारी त मेरो आफ्नै सम्पत्ति छँदै थियो । हाम्रो देशमा लोकतन्त्र आए पनि 'ढोकतान्त्रिक'हरूको जुन प्रशासन थियो, त्यसले मलाई जीवनभरि नै बेरोजगार राख्ने खतरा शतप्रतिशत बढेर गएको थियो । प्रेमिकाहरू जब स्वास्नी बनेर आउँछन्, एकाएक मायालुबाट झगडियामा रूपान्तरित हुन्छन् । अब ऊ पनि मेरो जीवनमा कहाली बनेर आउने तर्खर गरिरहेकी थिई ।

प्रेम त, सेक्सपियरको भाषामा भनूँ भने ग्रीष्मका दिन वा अन्य धेरै कुरासँग दाँज्न सक्थेँ । तर, जन्मजात गरिब र बेरोजगार युवकको प्रेम यस्तो अवस्थामा कहालीभन्दा बढी अरू के हुनसक्छ ? त्यस्तो आधुनिक युवक जो हरेक प्रकारका मनोरञ्जनसँग अभ्यस्त छ, प्रेमिकाको आक्रामकतासँग किन डराउँछ ? म उसलाई सात्विक प्रेमको फाइदाबारे कुनै पण्डितले जस्तै व्याख्या गर्न थालेँ ।

ङ्ङ्ङ्ङ्ङयस्तैमा त्यो दुर्घटना भएको थियो । के भएको थियो ? सहरको नामुद गुन्डाले उसलाई बलात्कार गरिदियो ।

मलाई आफू उभिएको जमिन भासिएको अनुभूति भयो । प्रतिशोधको भावनाले म कतिसम्म उम्लिएँ भने मेरो जीवनको एउटै लक्ष्य गुन्डाको हत्या गर्नु भयो । सजिलो त यो काम छँदै थिएन (एक सामान्य युवकले सहरकै नामुद गुन्डाको हत्या गर्नु) । मिलान कुन्देराको नायकजस्तै आफ्नै बर्बादी निम्त्याउन अब म तयार थिएँ ।

म निकै सावधानसाथ कम्मरमा आठ इन्चको छुरी भिरेर त्यसको हत्या गर्न हिँडे । राति त्यो एक्लै हिँड्ने गल्लीमा ढुकेर बसेँ । यो कस्तो पत्याइनसक्नु दृश्य थियो ? मेरी प्रेमिका हाँसीखुसी त्यसैसँग अंकमाल गरिहेकी थिई । मलाई आफ्नै आँखामाथि विश्वास भएन । के यो अर्को दुःस्वप्न थियो ? (प्रेमिकाको बलात्कार अहिलेसम्म पनि म दुःस्वप्न ठान्ने गर्छु र बारम्बार त्यो दुःस्वप्नमात्र होस् भन्ने कामना गर्छु ।) मैले आँखा मिचेर हेरेँ, अहँ त्यो सपना थिएन । आफैँलाई चिमोटेँ, हकारेँ, त्यो कटु विपना नै थियो ।

मेरो उद्देश्य गुन्डाको हत्या गर्नु थियो । जेसुकै होस्, पहिले यसलाई सिध्याउँछु, त्यसपछि मात्र छिनोफानो गर्छु । म दृढ भएँ । मौका ढुकिरहेको चितुवाजस्तै त्यसमाथि आक्रमण गरेँ । प्रेमिका आत्तिएर मृगजस्तै उछिट्टिई । गुन्डा फेला पर्‍यो । दृश्य यस्तो प्रतीत हुन्थ्यो, गुन्डा अब सज्जन भएको छ, मचाहिँ गुन्डा भएको छु । म आक्रमण गरिरहेको थिएँ र त्योचाहिँ प्रतिरक्षामात्र गरिरहेको थियो । त्यो सहरको नामुद गुन्डा थियो र मल्लयुद्धको अनेक जुक्ति जान्दथ्यो । त्यसमाथि सारा सहरवासीलाई लुटेर शारीरिकरूपले पनि निकै तन्दुरुस्त भएको थियो । एउटै कुरा, त्यसले प्रतिरक्षामात्र गर्‍यो, नत्र त्यतिन्जेल मलाई सिध्याउन पक्कै ऊ सफल हुन्थ्यो ।

यस्तो प्रेमकथा, ध्रुवचन्द्र गौतमको प्लटजस्तो भनूँ, प्रेमिकाका लागि म ज्यान बाजी लगाइरहेको थिएँ, तर त्यो मैमाथि थुकिरहेकी थिई । के त्यो बलात्कार तिनीहरूकै मिलेमतोमा प्रायोजितरूपमा त भएको थिएन ?

मसँग अब कुनै शब्द थिएन । मेरो प्रतिशोध एकाएक गुन्डाबाट प्रेमिकातर्फ सर्‍यो । मैले तत्काल त्यसमाथि आक्रमण गरेँ । अब गुन्डाको ठाउँमा म थिएँ र मेरो ठाउँमा गुन्डा थियो । हाम्रो भूमिका अघिल्लो दृश्यबाटै फेरिएको थियो । त्यसले मेरो पाखुरा परक्क बटारेर मर्काइदियो र प्रेमिकालाई सुरक्षा दियो । त्यसपछि प्रहरी बोलाएर मलाई पक्राइदियो । हेर्नुस् त, एउटा गुन्डो उसैबाट पीडित मान्छेलाई गुन्डा सावित गर्छ र प्रहरी बोलाएर पक्राइदिन्छ । म आफूलाई त्यो संघारमा पाउन थालेँ जहाँ विडम्बनाकै उचाइ सकिन्छ तर त्यसको ङ्ङ्ङ्ङम दुई वर्ष थुनामा परेँ । मेरो इमानदारीको कदरस्वरूप तोकिएको समयभन्दा दुई महिनाअघि छुटेँ । तर, तिनीहरूलाई के थाहा, मेरो जीवनको एकमात्र लक्ष्य प्रेमिकाको हत्या गर्नु थियो !

एउटा कुरा, जन्मजातै म अहिंस्रक प्रवृत्तिको थिएँ । कतिसम्म भने उधुमै सताइरहेको झिँगा मार्न पनि हच्कन्थेँ । अञ्जानमा जब मबाट कीरा-फट्याङ्ग्रा मारिन्थे, लामो समयसम्म पश्चात्तापले मलाई सताइरहन्थ्यो । सानो छँदा मैले एउटा चल्ला कुल्चिएको थिएँ । त्यो आन्द्राभुँडी र कलेजो बाहिर निकालेर तत्काल मर्‍यो । त्यो पापबोधले पाँच दिन ज्वरोले थलिएँ । अहिलेसम्म पनि त्यसका लागि बारम्बार आफूलाई धिक्कार्छु । हेर्नुस्, त्यही आध्यात्मिक मान्छेलाई यो समाज हत्यारा बनाइरहेको छ !

प्रेमिका कहाँ थिई (अब त्यो कहाँ मेरी प्रेमिका थिई र !), के गर्थी, मलाई केही थाहा थिएन । कसैले सूचना पनि दिँदैनथ्यो, दुनियाँलाई थाहा थियो, त्यसमाथि आक्रमणकै कारण म थुनामा परेको थिएँ । म उसलाई खोज्देखोज्दै निकै भौतारिएँ ।

दुर्भाग्य मेरो जीवनको अभिन्न अंगजस्तै थियो । आमाले मलाई जन्म दिइन्, मानौं कर्तव्य पूरा भयो र बितिन् । बाबु दीर्घरोगी, जो मेरो पूर्वकिशोर उमेरमै बिते । म दिदीको ममतामा हुर्किएँ । तिनले धेरै दुःख गरेर मलाई पढाइन् । म होनहार भएर धेरैका लागि प्रेरणाको स्रोत बनिरहेको थिएँ । दुर्भाग्य हेर्नुस्, एकदिन म थुनामा परेँ । (टोल-छिमेकमा मप्रतिको धारणा के भयो होला ?) दिदी निरास भइन् । भाइलाई ठूलो मान्छे बनाउने सपना थियो । अब के बाँकी थियो तिनको जीवनमा ? एकदिन सुनेँ, दिदी 'जंगल' छिरिन् र चाँडै नै अर्को दुःखद खबर आयो, तिनको वीरगति ।

दुर्घटना मेरो जीवनमा एकपछि अर्को क्याराभान बनेर आइरहेको थियो । के मेरो जीवन दुर्घटनाहरूको विश्वसंग्रहालय थियो ? म पौने ६ अरब मानिसको संसारमा नितान्त एक्लो भएर बाँचिरहेको थिएँ । तपाईंलाई थाहा छ, यति एक्लो त निर्जीव ढुंगा पनि हुँदैन । मेरो जीवनमा अब के बाँकी थियो त ? अब त प्रेमिका भेटिन्छे भन्ने कुरामै लगभग निरास थिएँ । यस्तो अवस्थामा आत्महत्याको पनि

कुनै अर्थ हुँदैनथ्यो । के गरूँ ?

ङ्ङङ्ङर, एकदिन... त्यो दिन आयो । मैले उसलाई बीच बजारमा भेटेँ । त्यो सलक्क दुब्लाएकी थिई । आँखामा अभिन्न उदासी थियो । तर, उत्तिकै व्यक्तित्वयुक्त, राम्री र चमकदार ।

त्यसको सौन्दर्यमा मुग्ध हुनु र पूर्व सम्बन्ध सम्झेर भावुक हुनु घाटा थियो । म सधैँ कम्मरमा आठ इन्चको छुरी बोकेर हिँड्थेँ । जब भेट्छु, तमाम पार्छु । म सजग भएँ, जति ढिलो गर्‍यो त्यति घाटा थियो । तर, असनको भीडमा थिई । म त्यसलाई पछ्याउँदै हिँडिरहेको थिएँ । कहिले त्यो झुलुक्क देखिन्थी, कहिले टाउकोमात्र देखिन्थ्यो । उसले नदेखोस् भनेर मानिसहरूको छेको लाग्दै हिँडिरहेको थिएँ । एकपल्ट उसलाई हातैले भेट्ने दूरीमा पुगेँ र कम्मरमा घुसारेको चक्कु स्पर्श गरेँ । झस्किएँ । यत्रा मानिसको भीडमा आक्रमण गर्ने साहस भएन । केही क्षण चुपचाप उभिइरहेँ । ऊ पर पुगिसकेकी थिई । तत्काल हत्या गर्ने मौका गुम्दै गएकोमा मैले आफैँलाई हकारेँ ।

अब ऊ निकै कम चहलपहल भएको बाटोमा पुगी । गोविन्द गोठालेको पात्रजस्तै म उसको पछिपछि त थिएँ, तर किन हो दिनको प्रकाशमै हत्या गर्ने साहस भएन । मेरो हृदय र दिमागबीच बारम्बार द्वन्द्व चलिरहेको थियो । दिमाग भन्थ्यो, तत्काल आक्रमण गर । हृदय भने आनाकानी गरिरहेको थियो । होस्, म यसको हत्या एकान्तमै गर्छु (हत्याको मजा वास्तवमा एकान्तमै प्राप्त गर्न सकिन्छ) ।

ऊ गाडी चढी । झन्डै बाह्र किलोमिटरको यात्रापछि ओर्ली । एउटा गह्रौं झोला बोकेर दक्षिणतिर लागी । त्यसपछि गाउँतिर जाने गाडी चढी । बसमा रैथाने आइमाईसँग गफ गर्न थाली । अन्तिम बिसौनीमा ओर्लिई । केही क्षणपछि त्यो आइमाईसँग छुट्टिएर पश्चिमतिर लागी । म लगातार उसको पिछा गरिरहेको थिएँ ।

प्रेमिका कोठेबारी र सानो बगैँचा भएको चिटिक्कको घरभित्र छिरी । अब के गर्ने ? म निकै बेर अलमलिएँ । दिउँसो मेरो योजना असफल पनि हुनसक्थ्यो, सोचेँ, मध्यराति ढुक्कले यसको हत्या गर्छु ।

दिनभरि नजिकैकै जंगल र खोलाकिनारमा भौतारिएँ । गोठाला केटाकेटी मलाई देखेर अचम्म मानिरहेका थिए । निकै अबेरसम्म यताउता भौतारिइरहेँ । राति ११ बजे गाउँ सुनसान थियो । म उसको घरपरिसरको पर्खाल नाघेर भित्र छिरेँ । दक्षिणतिरको झ्याल खुला थियो । कोठामा मधुरो बत्ती बलिरहेको थियो । झ्यालसँगै जोडिएको एउटा खाट थियो । भित्र बच्चा रोइरहेको सुनिन्थ्यो ।

म एकछिन उदास भएर भित्रतिर हेर्न थालेँ । प्रेमिका वा गुन्डा कतै देखिएनन् । हातमा टर्च थियो, जसको आवश्यकता अहिले थिएन । कम्मरमा भिरेको छुरी निकालेँ । देख्नेबित्तिकै आक्रमण गर्नु थियो । प्रेमिका देखापरी । त्यसको पिठ्यूँमा एउटा बालक रोइरहेको थियो, सायद ज्वरोग्रस्त थियो र काखमा सानो बच्चा दूध चुसिरहेको थियो । एकाएक के भयो ? मेरा आँखाबाट बरर्र आँसु झरे । भक्कानो छाडेर रोऊँजस्तो भयो । मलाई आफ्नै बाल्यकाल प्रत्यक्ष भएझैँ लाग्यो । दिदी मलाई हरदम यसैगरी बोकेर हिँड्थिन् । मेरै लागि तिनले कतिकति दुःख झेलिन् । खासमा ती मेरी आमाभन्दा बढी आमा थिइन् । हरे, ममताकी प्रतिमूर्ति ती दिदीलाई कहाँ भेट्नु मैले अब ?

धक्का मुटुमै यसरी पर्‍यो, म त थरहरी हुनथालेँ, कतै सासै नरोकियोस् ।

ङ्ङङ्ङमेरो हातबाट छुरी खस्यो र छिनमै म शीतांग भएँ । त्यो दृश्यमा हरेक नारीलाई म त ममताकी प्रतिमूर्ति देख्नथालेँ । त्यसैका लागि दानवीर शत्रुले जस्तै मैले त्यसलाई ज्यानमाफी दिएँ ।

म निकै बिलखबन्द परेँ । के गरूँ ? मैले आत्महत्याको योजना रद्द गरिदिएँ । त्यसपछि त्यहाँबाट बाढीजस्तै निस्किएँ र अँध्यारो चिर्दै हिँडेँ । मभित्र अब कुनै आक्रोश थिएन । दुई दिनदेखि भोको थिएँ, त्यसमाथि तिर्खा, थकाइ र जाडोले एकसाथ आक्रमण गरिरहेका थिए । पन्ध्र प्रतिशत ढल्न बाँकी रूखजस्तै ढल्ने समय टारेर म छिटोछिटो हिँडिरहेको थिएँ । चिसो बतास र खोलाको सुसेली अनि कुकुरको एकोहोरो भुकाइले वातावरण टिठलाग्दो थियो ।

एउटा ढुंगामा ठेस लागेर घुप्लुक्क घोप्टिएँ । निधारबाट नाकको डाँडी हुँदै मनतातो रगत छातीतिर ओर्लियो । प्रेमिका उदास नजरले मलाई हेरिरहेकी थिई । उसको हृदय उत्तीसको गिन्डोजस्तै चिरिएर दुई फ्याक भएको थियो । त्यसलाई मैले जतनसाथ फर्काएँ । मधुरो रंगीन उज्यालोबाट प्रकट भएर सुकरात मसँग हात मिलाउन यतै आइरहेका थिए । (अहो, प्यारा सुकरात, यो दर्शनको अपेक्षा मैले कहिल्यै गरेको थिइनँ ।) उनलाई स्वागत गर्न मैले दुवै हात फैलाएँ । ■


SUNSILK



Goodbye भिजेको कपाल




यस पालीको जाडो मौसममा हरेक 400ml Sunsilk Black Shine Shampoo संग पाउनुहोस् एउटा आकर्षक Hair Dryer सित्तैमा

NLL/900256A/07


# रकसँगै राष्ट्रप्रेम



**सधैँझैँ आज** पनि उनीहरू स्कुल परिसरभित्रै थिए, तर त्यस दिनको वातावरण अरू दिनको भन्दा फरक थियो। हातखुट्टा चलायमान थिए, तर भलिबल, फुटबल थिएनन्। थियो त नृत्य मुद्रा र छमछम गति। रंगमञ्चमा नाच्दै गाइरहेका थिए नेपथ्यका अमृत गुरुङ र मैदानमा विद्यार्थी, अभिभावक मिश्रित जमात।

मर्स्याङ्दी कलेजकी बुद्ध गुरुङ जन विकास उच्च माविकी मिल्ने साथी विष्णु गुरुङसित नाच्दै थिइन्। बेसीशहरको कक्षा ८ का सरोज बोहरा कक्षा ६ का मित्र हेमप्रसाद गुरुङसित 'रेसम रेसम' स्वर मिलाउँदै थिए। अमृत भने सामान्य रक ब्यान्डका भन्दा फरक शैलीमा उपस्थित थिए। उनी गीतमात्र गाइरहेका थिएनन्, देशको अवस्थासित पनि उत्तिकै चिन्तित देखिन्थे।

देशभर चक्काजाम भइरहेका बेला कार्यक्रम प्रस्तुत गरिरहेका उनी लाहानमा उत्पन्न सामाजिक सद्भाव खलबल्याउने घटनाप्रति चिन्ता व्यक्त गरिरहेका थिए। अमृत भन्दै थिए, 'हामी सबै नेपाली भएर बाँच्न सकेमात्र नेपाल रहन्छ। म गुरुङ हुँ तर त्योभन्दा पहिला नेपाली हुँ।' उनको अभिव्यक्तिको समर्थनमा तालीको पर्रा छुटेको थियो। जनसमूहलाई उनी बारम्बार प्रश्न गर्थे, 'हामी को हौं ?' उच्च स्वरमा जनसमूहको स्वर उर्लन्थ्यो- 'हामी नेपाली हौं।' ताली पिट्दै 'रातो र चन्द्र सूर्य'मा स्वर मिलाइरहेका हेम गुरुङ र पूर्ण बरालका बीचमा बसेका रत्न श्रेष्ठ भन्दै थिए- 'गीत त रमाइला छन् नै। अमृतको राष्ट्र प्रेमको भावना झन् प्रशंसनीय छ।' स्थानीय आयोजक जनविकास उच्च मावि रहेको नेपथ्यको कार्यक्रमलाई नेपालयले मुख्य व्यवस्थापन गर्दै आएको छ। 'शान्तिको लागि शिक्षा' नाराका साथ उक्त संगीतटोली नेपाल भ्रमण गरिरहेको छ। ■



# जीवन देखाउँदै सडकमा

**नाटकलाई** सबैसामु ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको आरोहणले राज्य चलाउने अहंले लाखौंको जीवनमा कसरी आगो सल्किएर सबै सखाप हुन्छ भन्ने सन्देश समेटिएको 'जीवनदेखि जीवनसम्म' मञ्चनसँगै राजधानीमा आरोहण रंग महोत्सव सुरु गरेको छ ।

नेपाली जीवनले भोगेको कथा–व्यथाहरूको यथार्थ समेटेको नाटक अभि सुवेदीले लेखेका हुन् भने सुनिल पोख्रेलले निर्देशन गरेका हुन् । मुलुकले वर्षौंदेखि भोगिरहेको पीडा मात्र समेटिएको छैन, मुलुकमा राजाले आफ्नो हातमा शासन लगेपछिको मुलुकको गिर्दो अवस्था नाटकमा समेटिएको छ । शासक वर्गमा हुने सानो महत्त्वाकांक्षाले कसरी लाखौं जनताको सपना भत्किन्छ भन्ने वास्तविकता देखाउन खोजिएको छ नाटकमा ।

आरोहण नाट्य समूहको रजत जयन्तीको अवसरमा उक्त महोत्सव आयोजना गरिएको हो । नाटकहरूको शृंखलालाई लगातार एक सातासम्म जारी राख्ने बताइएको छ । गएका वर्षहरूमा नेपाली रंगमञ्चले दर्शकको माया मात्र पाएको छैन, रंगमञ्चको उचाइ उठाइराख्न पनि त्यत्तिकै मद्दत पुऱ्याएको छ । यसैले पनि आरोहणलाई नाटकहरूको प्रदर्शनी गर्न थप बल पुगेको छ ।

रंगमञ्चको अर्थ कसैलाई थाहा नभएको ३० को दशकमा यसलाई अगाडि बढाउने उद्देश्यका साथ काठमाडौंमा आरोहण नाट्य समूह स्थापना गरिएको थियो । 'नेपाली रंगमञ्चले तीन दशकको अवधिमा आफ्नो उचाइ कायम राख्ने काममा सफलता पाएको छ', अभि सुवेदी भन्छन् । पछिल्ला वर्षहरूमा सर्वसाधारणको जीवन नै रंगमञ्चजस्तो बन्न थालेपछि नाटकको महत्त्व झन् बढेको थियो । 'हामीले गएका वर्षहरूमा जीवनलाई नाटकका रुपमा देख्न अवसर पायौं, प्रत्येक पलहरू नाटकमय थिए,' कार्यक्रम उद्घाटनका अवसरमा उपस्थित पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवालीले भने ।

आरोहण रंग महोत्सवका अवसरमा जीवनदेखि जीवनसम्म, जात सोध्नु जोगीको, मायादेवीका सपना, आरुका फूलका सपना, पुतलीको घर, अग्निको कथा र ताराबाजी लैलै जस्ता नाटकहरू प्रदर्शन गरिनेछन् ।

■ ज्योति देवकोटा/काठमाडौं



भास्कर ओझा

# शारदा मासिक पुनः प्रकाशन

**नेपाली वाङ्मयलाई** समेटेको ऐतिहासिक शारदा मासिक पत्रिका ३० वर्षपछि पुनः प्रकाशन हुन थालेको छ । यात्रा सुरु गरेको ३० वर्षसम्म राणाकालीन कठिन घडी पार गरेर २०२० मा शारदा मासिक बन्द भएको थियो । उक्त पत्रिका प्रकाशन भएयता नेपाली वाङ्मय क्षेत्रका महान् साहित्यका हस्तीहरू जन्माएको थियो । 'वाक् स्वतन्त्रता नभएको राणा शासनका बेला आफ्नो जीवनयात्रा थालेको यो पत्रिकाले तय गरेको तीसवर्षे यात्रा नेपाली साहित्यका लागि उल्लेखनीय रह्यो', शारदा पुनः प्रकाशनसँगै सम्पादकको जिम्मेवारी पाएका विमल भौकाजी भन्छन् ।

राणाशासनमा पत्रिका निकाल्ने काम चुनौती मात्र होइन, जोखिमपूर्ण पनि त्यत्तिकै थियो । त्यस्तो अवस्थामा पनि शारदा मासिकले आफ्ना यात्रालाई निरन्तरता दिएको थियो । 'कुनै पनि कुरा प्रकाशन हुनुभन्दा अगाडि नेपाल भाषा प्रकाशनी समितिबाट स्वीकृति लिनु पर्थ्यो', भौकाजी अगाडि भन्छन् । त्यस्तो समयमा सुरु भएको उक्त पत्रिका राजा महेन्द्रको पालामा आएर धराशायी भएको थियो ।


विक्रम संवत् १९९१ सालदेखि सुरु भएको शारदा मासिक साहित्यिक पत्रिकाको प्रकाशन यसै सातादेखि पुन सुरु भएको हो । सुब्बा ऋद्धिबहादुर मल्लले प्रकाशन सुरु गरेको उक्त साहित्यिक पत्रिकामा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्याल जस्ता हस्तीहरूका रचना छापिने गरेका थिए ।

नेपाली साहित्यका हस्ती देवकोटालाई पनि यसैले जन्माएको मानिन्छ । त्यसैगरी गोपालप्रसाद रिमालको प्रसिद्ध गीत 'रातो र चन्द्र...', आमाको सपना पनि पहिलोपटक यसै पत्रिकामा छापिएको थियो । 'यही पत्रिकाले नेपाली साहित्यका प्रखर व्यक्तित्वलाई जन्माएको थियो', सम्पादक भौकाजी बताउँछन् ।

लगातार तीन वर्षसम्म गृहकार्य गरेर ऋद्धिबहादुर मल्लका नाति शान्तबहादुर मल्लले पुनः यस प्रकाशनलाई सुरु गरेका हुन् ।

■ ज्योति देवकोटा/काठमाडौं

# वादशाहको नयाँ भूमिका



**बलिउड वादशाह** शाहरूख खानको बहुप्रतीक्षित नयाँ अवतार यही सातादेखि सुरु भएको छ, चर्चित टेलिभिजन कार्यक्रम 'कौन बनेगा करोडपति'को नयाँ सञ्चालकका रूपमा। अघिल्लो वर्षको कुनै दिन, अमिताभ बच्चनले यो कार्यक्रम प्रस्तुत गरिरहँदा 'किङ खान'ले अतिथिको आसन सम्हालेका थिए।

अमिताभबिनाको 'कौन बनेगा करोडपति' फिका होला कि भन्ने करोडौं दर्शकको आशंकामाथि पानी फ्याँक्दै अघिल्लो सोमबार शाहरुख 'इडियट बक्स' अघिल्तिर बसेर कार्यक्रम चलाइरहँदा विश्वभरिका दर्शकहरू उनको वाक्पटुता र आत्मीयताको कायल बनेका थिए। कालो सुटमा सजिएका शाहरूखले कसरी दर्शकलाई बाँधेका थिए भने कुनै समयमा 'कौन बनेगा करोडपति' अमिताभ बच्चनले चलाउँथे भन्ने तथ्यसमेत दर्शकको दिमागमा उब्जेको थिएन।

पहिलोपटकको कार्यक्रममा उनको प्रस्तुति साँच्चि नै तारिफयोग्य थियो। 'म कौन बनेगा करोडपतिलाई 'अनलक' गर्दैछु तर योभन्दा अघि केही प्रश्नहरूको जवाफ दिन चाहन्छु,' डेढ दशकअघि बलिउड पसेका यी प्रतिभाशाली नायकले कार्यक्रम सुरु गरे, 'मलाई मानिसहरूले सोधे, तपाईं हिन्दी पनि बोल्नुहुन्छ ? म धेरै कुरा गर्छु, युवापुस्तालाई तताउँछु र कहिलेकाहिं मेरा जोकहरूले तपाईंहरूलाई छक्क पनि पार्छु।' शाहरुखले कार्यक्रम सुरु गरिसकेका थिए, 'मलाई सोधियो, तपाईं कस्तो कोट लगाउनुहुन्छ ? मैले भनें, तपाईंहरूले जस्तो चाहनुहुन्छ, त्यस्तै कोट लगाउँछु म, चाहनुहुन्छ भने पेटिकोट नै पनि।'

बलिउडमा अमिताभ बच्चनको उचाइ, व्यक्तित्व र प्रतिभालाई चुनौती दिनसक्ने एक्ला प्राणी भन्दा फरक नपर्ने शाहरुखले 'कौन बनेगा करोडपति'मा यो कार्यक्रममा अघिल्ला प्रस्तोता, बिग बी, लाई गतिलै टक्कर दिएका थिए।

कार्यक्रम सुरु हुनुभन्दा अघि मुटुको चाल तीव्र पारिरहेका निर्माताहरू पनि पहिलो प्रस्तुतिको प्रतिक्रियाबाट उद्वेलित र मखख भएका थिए। 'हामीलाई यो मन परिरहेको छ,' स्टार टिभीका उपप्रमुख वीरेन्द्र पोप्लीले भने, 'शाहरूखको प्रस्तुति गजब थियो र दर्शकको प्रतिक्रिया पनि उत्साहवर्द्धक छ।'

# फुदुङको नयाँ करियर



**सेनाबाट चार** वर्षअघि अवकाश पाएपछि उनी मिडियाको नजरमा पर्दै परेनन् । अचानक एउटा यस्तो दिन आयो, कुमार फुदुङ सबैको मुखमा झुन्डिए, गफहरूको विषय बन्न थाले । कसैले उनलाई 'नायक' भने त कसैले 'खलनायक' । माओवादीले नागरिक समाजका तर्फबाट अन्तरिम संसद्को सदस्यका रूपमा मनोनयन गरेपछि फुदुङ सबैका लागि गफको रोचक विषय बनेका छन् ।

३७ वर्ष नेपाल सेनाको सदस्य भएर मेजर जनरल पदबाट अवकाश पाएका फुदुङको संसदीय यात्राले कस्तो बाटो समात्ला ? 'यदि म संसद्जस्तो प्रभावशाली मञ्चमा योगदान दिन सक्छु भने किन पछि हट्ने,' अवकाशप्राप्त यी सैनिक अधिकृत भन्छन् ।

सुदुर पूर्वी जिल्ला तेऱ्हथुमको गाउँमा जन्मेका फुदुङले कहिल्यै सोचेका थिएनन्, नेपाल सेनामा लागुँला भनेर । मुलुकको राजनीति सङ्क्रमणकालमा गुज्रिरहेको यस्तो बेलामा अन्तरिम संसद्को सदस्य बनुँला भन्ने त उनको दिमागमा एक महिना पहिलेसम्म पनि थिएन ।

गत वर्षदेखि नयाँ नेपालको निर्माणबारे भटाभट लेखरचना छपाएपछि माओवादी नेतृत्वको नजरमा फुदुङ चढेका थिए । 'तर, मैले अन्तरिम संसद् सदस्यमा मनोनयन भएको केही दिन अघिसम्म पनि माओवादी अध्यक्ष प्रचण्डलाई भेटेकै थिइँन,' फुदुङ भन्छन् ।

जनरलबाट 'कमरेड' बनेका ६० वर्षीय यी नयाँ नेताका सामु अहिले प्रसस्त चुनौती छन्, नयाँ नेपाल निर्माणमा सघाउ पुऱ्याउने, संसदीय भूमिकामा आफूलाई प्रमाणित गर्ने र 'सैनिक'को आवरणबाट बाहिर निस्केर विधायकको पोशाकमा आफूलाई सजाउने । आशा गरौं, जीवनको उत्तरार्द्धमा सुरु भएको नयाँ करियरमा उनले आफूलाई सावित गर्नेछन् !



शून्य समय



युवराज घिमिरे

# षड्यन्त्र, राजनीतिक चरित्र र समावेशी राष्ट्रियता

तराई जनाधिकार फोरमको छातामुनि भएको आन्दोलन र योअघि नेपालगन्जमा भएको हिंसाको पृष्ठभूमिलाई एउटा खतरनाक संकेतका साथै मुलुकको संक्रमणकालीन चरणमा देखापर्ने स्वभाविक प्रक्रियाका रुपमा पनि लिइनुपर्छ। संक्रमणको अवस्थामा पुराना र पारम्परिक राज्य संयन्त्र कमजोर मात्र हैन, तीमध्ये केही धराशायी हुने क्रममा रहन्छन्। दोस्रो, यथास्थितिवाद र पुरानो संरचनामा प्रभुत्व जमाएकाहरूलाई विस्थापित गरी नयाँ समीकरणले प्रभुत्व स्थापित गर्ने कोसिस पनि गरेकै हुन्छ।

**न्याय पाउने आधार** तथा सम्भावना क्षीण भएमा आफूमाथि अन्याय परेको मान्यता राख्ने व्यक्ति र समूहसँग दुईओटा विकल्प रहन्छ- यथास्थितिलाई स्वीकार गरेरै आफ्नो हक खोज्ने वा विद्रोह गर्ने। राज्यका विरुद्ध पनि त्यस्तो मान्यता बन्न सक्छ यदि जनताका स्वभाविक आशा, आकांक्षा र अपेक्षाबारे स्वयं अग्रसक्रिय बन्दैन भने। खासगरी अहिले माओवादीद्वारा १० वर्षसम्म संचालित हिंसात्मक विद्रोहले राजनीतिक परिवर्तनको औजारका रुपमा मान्यता पाएको अवस्थामा सानो उक्साहटले पनि हतियार समाउन उद्यत गर्न सक्छ व्यक्तिहरूलाई- संगठित वा असंगठित रुपमा।

तराई जनाधिकार फोरमको छातामुनि भएको आन्दोलन र योअघि नेपालगन्जमा भएको हिंसाको पृष्ठभूमिलाई एउटा खतरनाक संकेतका साथै मुलुकको संक्रमणकालीन चरणमा देखापर्ने स्वभाविक प्रक्रियाका रुपमा पनि लिइनुपर्छ। संक्रमणको अवस्थामा पुराना र पारम्परिक राज्य संयन्त्र कमजोर मात्र हैन, तीमध्ये केही धराशायी हुने क्रममा रहन्छन्। दोस्रो, यथास्थितिवाद र पुरानो संरचनामा प्रभुत्व जमाएकाहरूलाई विस्थापित गरी नयाँ समीकरणले प्रभुत्व स्थापित गर्ने कोसिस पनि गरेकै हुन्छ। र, त्यो क्रममा पूर्वमा सत्ताबाट वञ्चित वा टाढा रहेकाहरूमध्ये नयाँ अंशबन्डाबाट खास समूहहरू मात्र लाभान्वित हुन लागेको आशंका वा उनीहरूमा त्यो अवधारणा बन्न गएमा विद्रोह टुसाउन मात्र हैन, छिट्टै झ्याँगिन पनि सक्छ।

अवधारणात्मक मान्यता यथार्थ समीप वा टाढा जे पनि हुन सक्छ, तर अवधारणात्मक मान्यताहरूमा जातीय र क्षेत्रीय मनोभावना वा मनोविज्ञान जोडिन गएमा त्यसले उग्र गतिविधिहरूलाई पनि जन्माउन सक्छ, आफ्नो मान्यताको प्रचार प्रसार तथा स्वीकार्यता सुनिश्चित गर्ने क्रममा। राज्यमाथि प्रभुत्व जमाउन खोजेको नयाँ वर्ग हाम्रो सन्दर्भमा भन्दा माओवादीसहितको आठ दलले उचित र संवेदनपूर्ण रवैया अपनाउन कन्जुस्याइँ गरेमा नयाँ राज्य आफूविरुद्ध रहेको र त्यसमा न्याय नपाउने निष्कर्ष बन्न जान्छ आशंकित पक्षमा।

अहिले सम्भवतः तराईमा त्यही भइरहेको छ। र, धरातलीय यथार्थलाई आधार बनाएर तराई जनाधिकार फोरमसँग वार्ता गर्न आठ दल तयार भएनन् भने फैलिँदो आगोले विकराल रुप लिन सक्छ। षड्यन्त्र भयो भनेर मात्र वर्तमान सत्ताले दमकलको काम गर्न सक्तैन। तराई औद्योगिक र भौतिक पूर्वाधारका आधारमा अगाडि छ र नेपालको खाद्यान्न भण्डारका रुपमा उसको परिचय अझै वैध छ। प्राविधिक र गैरसैनिक प्रशासनिक क्षेत्रमा उसको सहभागिता पर्याप्त नभए पनि महत्त्वपूर्ण छ। तर नागरिकताबाट वञ्चित नेपालीहरूलाई नागरिकता दिन भएको ढिलाइ एकातिर र राज्यसत्तामा सहभागिताको न्यूनताले तराईमा गम्भीर असन्तोषमा आधारित राजनीतिले जन्म लिन सक्छ।

अहिले नागरिकता र संविधानसभामा प्रतिनिधित्वको देखिएको असन्तोषप्रति सत्तामा जनताका नाममा एकलौटी अधिकार जमाएका माओवादीसहित आठ दलले त्यसलाई बेवास्ता मात्र गरेनन्, दरबारिया षड्यन्त्रको अभिव्यक्तिसमेत घोषित गर्ने प्रयास गरे। मुलुक कमजोर हुँदा, सरकारको आधिकारिकता र उपस्थिति न्यून वा शून्य हुँदा निहित स्वार्थका विदेशी र स्वदेशी समूहले अवश्य पनि फाइदा उठाउन सक्छन्। तर, अहिले तराईका सन्दर्भमा कुरा गर्दा मधेसी जनाधिकार फोरमलाई समर्थन जनाएका र पूर्वमा माओवादीबाट अलग भएका जनतान्त्रिक तराई मुक्तिमोर्चा (गोइत र ज्वाला सिंह समूहहरू)बीचको शत्रुवत् समीकरण पनि जिम्मेवार छ। फोरमले आह्वान गरेको बन्दलाई अवज्ञा गर्नु माओवादी वा कुनै पनि दलको राजनीतिक अधिकार हो, तर त्यसमाथि गोली चलाउने माओवादी कार्य, हत्या भएका व्यक्तिको लासमाथि जबरजस्ती नियन्त्रण र अन्तिम संस्कार आपराधिक कार्य हुन् भने राज्यद्वारा त्यसको ढाकछोप तराईवासीहरूका मागप्रति राज्यको नीतिहीनताका साथै संवेदनहीनताको परिचायक पनि हो।

उपेन्द्र यादव गोखरपुरमा भएको भारतीय अतिवादी हिन्दु संस्था राष्ट्रिय स्वयंसेवक संघद्वारा संचालित 'स्कुल चेन' सरस्वती शिशुमन्दिरमा सहभागी भएको समाचारले राष्ट्रिय स्वयंसेवकको राजासँगको पारम्परिक सम्बन्ध र त्यसमा फोरमको प्रवेशको आशंका जन्माउँछ। तर, त्यो समीकरणको प्रकोप मुलुकमा राजनीतिक दलहरूमा राष्ट्रियताप्रति सामूहिक चिन्तन बनेमा स्वतः कमजोर हुन जान्छ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीहरूले गल्ती गरेको मान्दै फोरमलाई वार्तामा बोलाएर ढिलै भए पनि राजनीतिक संवेदनशीलताको परिचय दिएका छन्, तर अहिले चर्केको विखण्डनको मानसिकतालाई सम्बोधन गर्न त्यो पर्याप्त छैन। तराई र पहाड तथा नेपालका दुई अविभाज्य क्षेत्र र त्यहाँका बासिन्दाहरूबीच अन्तर बढाउने षड्यन्त्रलाई पराजित गर्नु आवश्यक छ, तर त्यसका लागि नेपालीका रुपमा उनीहरूको हक सुनिश्चित गर्नमा सरकार अगाडि आउनु आवश्यक छ।